# वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालीकाको कार्यालय

(वीरेन्द्रनगर सुर्खेत)

# आ.व. २०८०/०८१ को

## सामाजिक परीक्षण प्रतिवेदन



श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालीकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत

वीरेन्द्रनगर नगरपालीका नगर कार्यपालिकाको कार्यालय वीरेन्द्रनगर सुर्खेत र सक्रिय परामर्श सेवा प्रा.लि.सुर्खेत विच नगरपालिकाको आ.ब.२०८०/०८१ को सामाजिक परीक्षण गर्ने गरी भएको सम्झौता अनुसारको कार्यसम्पन्न गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. सामाजिक परीक्षणको पृष्ठभूमि

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणालीको दफा ७८ आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने भन्नेको उपदफा (५) बमोजिम स्थानीय सरकारले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी,जबाफदेही र उत्तरदायि बनाउन सामाजिक परीक्षण,सार्वजनीक परीक्षण र सार्वजनीक सुनवाइ गर्नु पर्ने नीतिगत ब्यबस्था गरेको छ । सोही ब्यबस्था अनुसार यो कार्य गरीएको हो । यो कार्यका लागि नगरपालिकाको आन्तरिक कार्यविधि तथा सामाजिक परीक्षण कार्यविधि नभएका कारणले साविकको सामाजिक परीक्षण कार्यविधि २०६७ लाई आधारमानी यो कार्य गरिएको छ ।

स्थानिय तहले एक आर्थिक बर्षमा कति सामाजिक उत्तरदायीत्व वहन गर्नसके, के कस्ता समस्याहरुको सामना गरे, कार्यालयको सामाजिक उत्तरदायित्व वहन गर्न सक्ने क्षमता कस्तो छ र स्थानिय बासिले स्थानिय तहबाट के कस्तो सुधारको आशा गरेका छन् भन्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर यो कार्य गरिएको छ ।

सामाजिक परीक्षणको परिभाषा समान खालको नभए पनि कार्यक्षेत्र र कार्यविधि भने समान खालको छ,जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा नगरपालिकाको नीति निर्माता ,व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन साथै आर्थिक संरचनामा जोडगर्ने काम गरिन्छ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको

रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउनेछन् । सामाजिक परीक्षण कार्यविधि २०६७ वमोजिमको अधिनमा रही वीरेन्द्रनगर नगरपालीका सुर्खेतको आ.व.२०८०/०८१ को सामाजिक परीक्षण गरिएको छ ।

## २.सामाजिक परीक्षणको उद्देश्य

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणालीको दफा ७८ आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्नेभन्नेको उपदफा (५) बमोजिम स्थानीय सरकारले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी,जबाफदेही र उत्तरदायि बनाउन सामाजिक परीक्षण, सार्वजनीक परीक्षण र सार्वजनीक सुनवाइ गर्नु पर्ने ब्यबस्था गरेको छ । नीतिगत ब्यबस्था अनुसार कार्य गर्नु सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै नगरपालीकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, मिति २०८० असार १० को योजना, बजेट तथा कार्यक्रमले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

## २.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पूरा गर्ने प्रयास गरिएको छ : सामाजिक परीक्षण सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको छ । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात स्थानीय नगरपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा समिक्षा र विश्लेषण गरिएको छ ।

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय सरकार संचालन ऐन २०७४
- नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम २०७७
- आ.ब. २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रमको समिक्षा प्रतिवेदन २०७८
- आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रमको समिक्षा प्रतिवेदन २०७९
- आ.ब. २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रमको समिक्षा प्रतिवेदन २०८०

- नगरपालिकाका विभिन्न कानुनहरु
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना तथा कार्यक्रमहरु(विषयगत शाखाहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नगरपालिकामा राखिएको नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू
- नगरपालिकाको पार्श्वचीत्र २०७५
- गत बर्षको सार्बजनीक परीक्षण प्रतिवेदन २०७८
- गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन २०७९
- गत वर्षको सार्वजनिक सुनुवाई प्रतिवेदन २०८०
- सामाजिक सरोकारसंग सम्बन्धित सस्था तथा ब्यक्तिहरुको रायसुझाबहरु
- शाखागत अवलोकन,पहिचानीक निरिक्षण र शाखागत सुझाबहरु

**ख) अन्तरवार्ता र समूह छलफल**

नगरपालीकाका पदाधिकारीहरू, शाखा प्रमुख, विषयगत शाखा प्रमुखसँग संरचित र अर्धसंरचित अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको छ ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो

- सामाजिक परीक्षणका निष्कर्षहरू
- नीति तथा कार्यक्रमको विचमा कायम रहन गएको सम्बन्धको बारेमा
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

## ४. अध्ययनका सिमा

नगरपालीका स्थित सम्पूर्ण विषयगत शाखा गैस संस्थाहरुलाई अध्ययनको क्षेत्रभित्र समेटेर यो काम गरीएको हो तर प्रतिवेदनमा केहिसमस्या र सुझावहरुमात्र समावेश गरिएको छ । नगरपालिकासँग सहकार्य गर्ने गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरुवाट आगामी आ व ०८०।०८१ का लागि प्रस्तावित योजना तथा कार्यक्रमहरुको विवरण

| क्र.सं | प्रस्तावक संस्था | कार्यक्रमहरु | कार्य क्षेत्र | परियोजना वाट प्रस्तावित वजेट |
|---|---|---|---|---|
| १. | सहयोगीहातहरु को समूह (सहास) नेपाल<br><br>सि. आर. भि. परियोजना | जलवायु उत्थानशील प्रबिधिहरु | वडा नं ११ | १,७१५,०५०।० |
| | | समूह, संजाल र पालिकाहरुले जलवायु/ उत्थानशील र समावेशी विकास र योजनाहरुको लागि क्षमता विकास कार्यक्रमहरु संचालन गर्ने | वडा नं ११ | १६०,२५०।०० |
| | | लक्षित घर धुरीहरलाई जलवायु/उत्थानशील प्रविधीहरु साथै कृषि तथा गैर कृनका क्रियाकलापहरुमा सहयोग | वडा नं ११ | ५८१,८००।०० |
| | | ६ वटा नमुना जलवायु/उत्थानशिल गाउँहरू तयार गर्ने र राम्रो अभ्यासहरूको प्रकाशन | वडा नं ११ | २१४,२५०।०० |
| | | जम्मा रकम | | २६७१३५०।० |
| २. | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र CMC Nepal द्वन्द प्रभावित ब्यक्तिहरुको लागि सामुदायिक समावेशीकरणको लागि मनोसामाजिक सहयोग कार्यक्रम परियोजना | जनामनो सामाजिक परामर्श कर्ताको परिचालन (तलव सुविधा, यातयात, भम्रण भत्ता), क्षमता अभिबृद्धि (तालिम, सुपरभिजन) लगायतका गतिविधिहरु | वी.न.न.पा. | ११,०७,३४२।०० |
| | | द्वन्द्व पीडित स्वयंसेवकको परिचालन तलव सुविधा, यातयात, भम्रण भत्ता), क्षमता अभिबृद्धि (तालिम, सुपरभिजन) लगायतका गतिविधिहरु | | २,९१,४९०।०० |
| | | मनोपरामर्श केन्द्रको भाडा (२कोठा) | | १,२३,४२०।०० |
| | | मनोपरामर्श केन्द्रका लागि विजुली, ईमेल, ईन्टरनेट लगायत | | ५०,८२०।०० |
| | | अफिसको लागि स्टेशनरी तथा अन्य सप्लाईज सामग्री | | ३६,३००।०० |
| | | कार्यक्रमको फोकल ब्यक्ति र लेखा अधिकृतको लागि सञ्चार खर्च | | ३६,०००।०० |
| | | स्वास्थ्यकर्मीहरुको लागि मानसिक स्वास्थ्य तालिम, सुपरभिजन र औषधी सहयोग | | १,०६,९८५।०० |
| | | द्वन्द्व पीडितहरुलाई समुह मनोसामाजिक परामर्श सेवा | | २१३,२४०।०० |

| | | | | |
|---|---|---|---|---|
| | | द्वन्द्व पीडितहरुको आघात पीडा समन सामुहिक कार्यक्रम (पिकनिक) | | २४,७५०।०० |
| | | महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक र स्थानीय जन प्रतिनिधिहरुको लागि मानसिक स्वास्थ्य सम्वन्धि अभिमुखीकरण | | ५१,८४२।०० |
| | | उपचार पछि निको भएका जटिल मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुको लागि आय आर्जनमा सहयोग | | २०,०००।०० |
| | | कार्यक्रमको संयुक्त अनुगमन | | ४६,५०७।०० |
| | | परियोजना सल्लाहकार समितिको बैठक, पैरवी, समन्वय | | १०४,७८६।०० |
| | | कार्यक्रमको लागि प्रदेश र केन्द्रिय कार्यालयबाट प्राविधिक सहयोग | | ४६९,५१४।०० |
| | | कार्यक्रमखर्च | | २६,२२,६५८। |
| | | प्रशासनिक खर्च | | २,२७,२६९।० |
| | | जम्मा रकम | | ३३२४१६७।० |
| ३. | द लिड नेपाल वी.न.पा. ४ सिकाईका लागि शिक्षण परियोजना | बाल बालिका लक्षित अतिरिक्त कृयाकलाप | वी.न.न. | २००००००।० |
| | | यूवा लक्षित शिप तथा रोजगार तालिम | | ४००००००।० |
| | | जम्मा रकम | | ६००००००।० |
| ४. | सुन्दर नेपाल संस्था | स्वास्थ्य र विकासका लागि नगर सरसफाई | वी.न.न.प | ३५०००००/- |
| | | स्वच्छ उर्जा कार्यक्रम | वी.न.न.प | १५००००० |
| | | कृषि पशु तथा उद्यमशिलता विकास परियोजना | वडा नं ९–११ १३-१६ | १०४०००००/- |
| | | पानीको गुणस्तर सुधार तथा सुरक्षित खाने पानी कार्यक्रम | वडा नं १ देखि १३ | २५०००००/- |
| | | जम्मा रकम | | १७९०००००। |
| ५. | कोशिश राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन | साथीसंगी सहयोगी समूहको संचालन तथा सहजिकरणका लागि समूहको नेतृत्व गरिरहेका व्यक्तिहरुलाइ अभिमूखिकरण | वी.न.न.पा. | ३१०००/- |
| | | साथी सहयोगी समूहको नियमित बैठक | वी.न.न.पा | २७२१६०/- |
| | नीतिगत | साथी सहयोगी समूहको सदस्यहरुको क्षमता विकास तथा मनोसामाजिक परामर्श | वी.न.न.पा | ६४९९३०/७४ |

| | | | | |
|---|---|---|---|---|
| | संलग्नता समावेशीकरण तथा स्वपैरवी मार्फत कर्णाली र सुदुर पश्चिम प्रदेशमा मानसिक स्वास्थ्को मूल प्रवाहिकरण (समाहित) परियोजना | समुदायमा उपलव्ध स्रोतहरुको नक्सांकन (जीविकोपार्जन सहयोग, तालिम, स्वास्थ्य सेवाका लागि) | वी.न.न.पा. | ५०००/- |
| | | मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका लागि जीविकोपार्जन सहयोग, तालिम, स्वास्थ्य सेवामा जोड्न | वी.न.न.पा. | ५५०००/- |
| | | साथी सहयोगी समूहको सदस्यहरुको घरदैलो भेटघाट, घलफल तथा वैठक एवं सचेतना मूलक क्रियाकलाप | वी.न.न.पा. | ८३७९६४/०८ |
| | | साथी समूहका सदस्यहरु बीचमा समबन्ध प्रगाढ वनाउनका लागि संयुक्त वैठक | वी.न.न.पा. | ३७५००/- |
| | | तथा कम प्रतिनिधित्व गराइएका अपाङ्गता भएका समूहहरुको वैठक | वी.न.न.पा. | २००००/- |
| | | Cross-disability कम प्रतिनिधित्व गराइएका अपाङ्गता भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाइ समेटेर पैरवी समूहको निर्माण र नियमित बैठक | वी.न.न.पा. | १८०००/- |
| | | अपाङ्गता अधिकार सम्वन्धी पैरवी समूह लाइ क्षमता विकास कार्यक्रम | वी.न.न.पा. | ६७५००/- |
| | | पत्रकारहरुसंग कार्यशालाका लागि पूर्वतयारी वैठक | वी.न.न.पा. | ३०००।०० |
| | | प्रदेशमा पत्रकारहरुसंगको छलफल कार्यशाला | वी.न.न.पा. | ६३३००/- |
| | | देशमा सामुदायिक रेडियो कार्यक्रम | वी.न.न.पा. | १९९५००/- |
| | | पत्रकारहरुसंग फलोअप कार्यशाला | वी.न.न.पा | ६०००/- |
| | | समुदायको मुख्य मुख्य समूह तथा समितिहरुका गेट किपर संग तयारी वैठक | वी.न.न.पा. | ३०००/- |
| | | मनोसामाजिक अपाङ्गता सवाल तथा अपाङ्गता भएका व्यक्तिको अधिकार २०७४ र UNCRPD ले सुनिश्चित गरेका अधिकार संग सम्वन्धित रहेर परिवारका सदस्य स्याहार कर्ता, सामुदायका मुख्यमुख्य समूहहरु तथा समितिसंग छलफल कार्यशाला | वी.न.न.पा. | ४८३००/- |
| | | स्याहार कर्ताको समूह गठन तथा नियमित वैठक | वी.न.न.पा | ३७५००/- |
| | | मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको सेवालाई मुख्यमुख्य समूहसँग जोड्न | वी.न.न.पा. | ३२००/- |
| | | सामुदायका मुख्यमुख्य समूहहरु तथासमितिसंग फलोअप | वी.न.न.पा. | ६०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | वैठक | | |
| | | मनोसामाजिक अपाङ्गता भएका व्यक्ति, परिवारका सदस्य/ हेरचाहकर्ता र समुदायका अगुवा व्यक्ति मार्फत मनोसामाजिक अपाङ्गता तथा अवरोध सम्वन्धि समुदाय सचेतना कार्यक्रम | वी.न.न.पा. | २३५००/- |
| | | मनोसामाजिक अपाङ्गता तथा अचयकक मष्कबदष्ष्तिथ भएका हरुसंग राष्ट्रिय अपाङ्ग महासंघ संगको संयुक्त वैठक | वी.न.न.पा. | १००००/- |
| | | मनोसामाजिक अपाङ्गता संग सम्वन्धित सवाल लाइ लिएर राष्ट्रिय अपाङ्ग महासंघ सुदुरपश्चिि‍म र कर्णाली प्रदेश संग कार्यशाला | वी.न.न.पा. | ३५७५०/- |
| | | प्रदेश सांसद तथा प्रदेश सभा सदस्यका गेपिकपरहरुसंग कार्यशाला आयोजनाका लागि तयारी वैठक | वी.न.न.पा. | ७५००/- |
| | | संघीय सांसहरुसंग छलफल तथा अन्तरक्रिया कार्यशाला | वी.न.न.पा. | ४००००/- |
| | | प्रदेश सभा सदस्यहरुसंग छलफल तथा अन्तरक्रिया कार्यशाला | वी.न.न.पा. | ५५०००/- |
| | | प्रदेश सांसद तथा प्रदेश सभा सदस्यहरुसंग लवि तथा फलोअप वैठक | वी.न.न.पा. | १२५००/- |
| | | कर्मचारीका गेटपिकपर संग कार्यशाला आयोजनाका लागि तयारी वैठक | वी.न.न.पा. | ७५००/- |
| | | संघीय स्तरमा कर्मचारी संग छलफल कार्यशा | वी.न.न.पा | ४००००/- |
| | | प्रदेश तथा स्थानीय स्तरमा कर्मचारी संग छलफल कार्यशाला | वी.न.न.पा. | ५५०००/- |
| | | संघीय, प्रदेश तथा स्थानीय स्तरमा कर्मचारी संग लवि तथा फलोअप वैठक | वी.न.न.पा. | १२५००/- |
| | | जम्मा रकम | | २६६३१०४/८२ |
| ६. | लि वर्ड ग्रीन कर्णाली परियोजना | कृषक, समूह र सहकारीको क्षमता अभिवृद्धि तथा सिप विकास | वी.न.न.पा. १३ | २२९५०/- |
| | | कृषक समूह तथा सहकारीलाई जलवायु उत्थानसिलता, महिला उत्तरदायी तथा पर्यावरणीय कृषिमा आधारित कृषि अभ्यास र सरकारी स्तरबाट सेवा प्राप्त गर्ने प्रक्रिया सम्बन्धि अभिमुखीकरण | वी.न.न.पा. १३ | २५०००/- |
| | | कृषक समूह तथा सहकारीका लाभग्राहीलाई अभिमुखीकरण | वी.न.न.पा. | १८२५०/- |

| | | | | |
|---|---|---|---|---|
| | | तथा परिचालन मार्फत उत्पादन तथा बजारीकरण योजना निर्माण सहयोग | १३ | |
| | | माटो परिक्षण क्याम्प र प्लान्ट क्लिनिक सञ्चालन | न.पा. १३ | ४२५००/- |
| | | कृषकहरुको आवश्यकता अनुसार जलवायु उत्थानसिलता, महिला उत्रदायी र पर्यावरणीय कृषिमा आधारित कृषि अभ्यास र कृषि वन सम्बन्धी उक्त क्षेत्रको लागी उपयुक्त सुचना, शिक्षा र संचार सामग्री विकास | वी.न.न.पा. १३ | २५०००/- |
| | | कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि उत्पादन सामग्री सहयोग ९बीउ, विरुवा, महिलामैत्री कृषि औजार आदी | वी.न.न.पा. १३ | ९३०००/- |
| | | उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि साना सिँचाइ सहयोगका लागि सहलगानी ९कुलो निर्माण तथा मर्मत, पोखरी निर्माण, सोलार सिँचाई | वी.न.न.पा. १३ | २०००००/- |
| | | जलवायु उत्थानसील तथा अनुकुल बाली जातहरुको परिक्षण, पहिचान र प्रसार र्नको लागि बालिको सहभागितामूलक जात छनोट कार्यक्रम | वी.न.न.पा. १३ | २०००००/- |
| | | जलवायु उत्तानसील कृषि गाउँ विकासका लागि हरित सामग्रीहरुको सहयोग ९बीउ, नर्सरी सामग्री, महिलामैत्री औजार, पानीकि समुचित प्रयोगका प्रविधि, प्लास्टिक टनेल, गोठ तथा भकारो सुधार, आई। पि। एम। सामग्री, जैविक विषादी तथा मल आदी | वी.न.न.पा. १३ | ४२५००/- |
| | | उपलब्धता सबलिकरणको लागि स्थानीय बीउ प्रणाली विकास तथा गुणस्तरीय बीउ तथा बिरुवाको बहुउपयोगी नर्सरी तथा कृषक बीउ उद्यम निर्माण सहयोग | वी.न.न.पा. १३ | ५३६०००/- |
| | | समुदाय स्तरीय एकिकृत माटो तथा पानी व्यव्थापन योजना निर्माण तथा समुदाय तथा पालिकालाई कार्यान्वयन सहयोग | वी.न.न.पा. १३ | ४८२५०/- |
| | | नार्कसँगको सहकार्यमा जलवायु उत्थानसील पर्यावरणीय कृषिमा कार्यमूलक अनुसन्धान | वी.न.न.पा. १३ | २०२५०/- |
| | | बजार अध्ययन, बजार प्रतिनिधिको पहिचान तथा उत्पादनको लागि उपयुक्त वस्तुको पहिचान गरि बजार समन्वय तथा मूल्य श्रृखलाको विकास | वी.न.न.पा. १३ | ४००००/- |
| | | उद्यमि कृषकहरुलाई स्थानीय सरकार र सहकारीको | वी.न.न.पा. | ९६५००/- |

| | | | | |
|---|---|---|---|---|
| | | सहजिकरणमा मूल्य श्रृखला सेवा सहजिकरण ९वीमा, वीत्त, बजार तथा कृषि सल्लाह सेवा | १३ | |
| | | स्वच्छ र पर्यावरणीय उत्पादनको ब्रान्डिङ्ग तथा प्याकेजिङ्गको लागि पि।जि।एस। तालिम तथा स्थापना सहयोग | वी.न.न.पा. १३ | १०१५००/- |
| | | युवाहरुलाई हरित कृषि उद्यममा आकर्षण गर्नका लागि साना लानी सहयोग | वी.न.न.पा. १३ | १०००००/- |
| | | कृषकहरुको बजार व्यवस्थापन र समन्वयका लागि स्थानीय तथा प्रदेश स्तरीय प्रदर्शनी तथा व्यापार मेलामा सहभागिताका लागि सहयोग | वी.न.न.पा. १३ | २५०००/- |
| | | सहकारी र स्थानीय सरकारको समन्वयमा बजार सुबिधा स्थापना सहयोग ९क्रेट, कोल्ट च्याम्बर, संकलन केन्द्र | वी.न.न.पा. १३ | २०००००/- |
| | | पर्यावरणीय कृषि अभ्यास सम्बन्धी सिप विकास तालिमा सञ्चालन | वी.न.न.पा. १३ | ८२५००/- |
| | | स्थानिय सरकारसँगको समन्वयमा बहुसरोकारवाला संयन्त्रको स्थापना | वी.न.न.पा. १३ | २०००००/- |
| | | जलवायुमैत्री पर्यावरणिय कृषि र हरि उद्यम सम्बन्धी स्थानीय सरकारमा आवश्य निति नियम कार्यविधि तर्जुमा सहयोग | वी.न.न.पा. १३ | ७५०००/- |
| | | पर्यावरणीय कृषि गाउँ निर्माण | वी.न.पा. १३ | १००००००/- |
| | | जम्मा रकम | | २९९४२००/- |
| ७. | SNV नेपाल सुर्खेत कार्यालय EnDev कार्यक्रम परियोजना | विधुतिय चुलो प्रवर्दन कार्यक्रम | वी.न.न.पा. | २००००००/- |
| | | जम्मा रकम | | २००००००/- |
| ८. | नेपाल परिवार नियोजन संघ शाखा सुर्खेत | जनमत निर्माण | वी.न.न.पा | ४००००/- |
| | | सशाक्तिकरण तथा लैंगिकता | वी.न.न.पा | ४८११८९/६० |
| | | सेवा प्रवाह | वी.न.न.पा | ७५६७०९/६० |
| | | सुशासन तथा व्यवस्थापन | वी.न.न.पा | १५४९६६/०० |
| | | जम्मा रकम | | १४३२८६५/२० |
| ९. | स्वास्थ्य | SGT(stop Girl Trafficking) कार्यक्रम | वी.न.न.पा. | १३२३१९१/- |

| | | | | |
|---|---|---|---|---|
| | र शिक्षा सेवा गुठी बाल शैक्षिक सहयोग कार्यक्रम परियोजना | | ५, ८, १०, ११, र १३ | |
| | | AMAR कार्यक्रम ४, ७, ६, ११, १० र १३ | वी.न.न.पा. | ८३१७६५/- |
| | | जम्मा रकम | | २१५४९५६/- |
| १०. | समाज जागरण केन्द्र (स्याक) नेपाल | सेभ द चिल्ड्रेन ७, ९, १०, ११ र १२ | वी.न.न.पा. | ६३०००००/- |
| | | आस्मान नेपाल र अफ्लातुन २, ६, ७, ८, १०, १४ र १६ | वी.न.न.पा. | १५०००००/- |
| | | जम्मा रकम | | ७८०००००/- |
| ११. | परिलक्षित | छात्रावृती विद्यालय तह , स्नातक तह र स्नाकोत्तर तह | अपाङ्गता विध्यार्थिहरु | १४३००००/- |
| | | पोषण यूक्त खाना | वहिरा विध्यार्थिहरु | ३०००००/- |
| | | फर्निचर सहयोग | अपाङ्गता विध्यार्थिहरु | १४०००००/- |
| | | लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा | अपाङ्गता विध्यार्थिहरु | २००००/- |
| | | कार्यगत सिकाई तालिम (OJT) | अपाङ्गता व्यक्तिहरु | ९६०००/- |
| | | अपाङ्गता अपाङ्गता सम्बन्धी रेडियो कार्यक्रम व्यक्ति तथा परिवारहरु | अपाङ्गता भएका | २२७०००/- |
| | | सिपमुलक तालिम एवम आयआर्जनमा सहयोग | अपाङ्गता व्यक्तिहरु | १९००००/- |
| | | किशोर किशोरीहरुलाई यौन र प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखिकरण तालिम | अपाङ्गता व्यक्तिहरु | ३७५००/- |
| | | विद्यालयमा बाल क्लव गठन तथा बालहित संरक्षण नितीका विषयमा विद्यार्थि, शिक्षक,विद्यालय व्यवस्थापनका प्रतिनिधिहरुको लागि जनचेतना मुलक तालिम, | विद्यार्थिहरु, शिक्षकहरु र विद्यालय व्यवस्थापन | २००००/- |
| | | अन्तराष्ट्रिय अपाङ्गता दिवस | अपाङ्गता व्यक्तिहरु | ४००००/- |
| | | नगरपालिका स्तरिय वैठक दातृ निकाय परिलक्षित टिम र स्थानियतह | स्थानीय सरकार | ३००००/- |

| | | | | |
|---|---|---|---|---|
| | | संयुक्त अनुगमन | | ३००००/- |
| | | सामाजिक लेखा परिक्षण | | ४००००/- |
| | | जम्मा रकम | | २६००५००/- |
| १२. | तनाव छ जिन्दगी फाउण्डेशन | सेनेटरी प्याड भेडिंग मेसिन वितरण माध्यामिक तहका समुदायिक विद्यालयहर | वी.न.न.पा. १ देखि१६ नं. वडाका | ६००००००/- |
| | | जम्मा रकम | | ६००००००/- |
| १३. | द लिड नेपाल | बालबालिका लक्षित अतिरिक्त कृयाकलापको कार्यक्रम | १ देखि १६ | २००००००/- |
| | | युवा लक्षित सिप तथा रोजगारमुलक तालिम | १ देखि ८ | २००००००/- |
| | | युवा लक्षित सिप तथा रोजगार मुलक तालिम | ८ देखि १६ | २०००००० /- |
| | | जम्मा रकम | | ६००००००/- |
| १४. | कोपिला भ्याली सेवा समाज | बालगृह संचालन तथा व्यवस्थापन<br>बालगृहबाट नेपालका विभिन्न जिल्लाका बालबालिकाहरुलाई सहयोग | | २५००००००/- |
| | | समुदाय सहयोग तथा परियोजना व्यवस्थापन<br>कार्यालयबाट विशेष गरी कर्णाली प्रदेश र नेपालका विभिन्न ठाँउका मनिसहरुलाई सहयोग | | २६०००५००/- |
| | | उच्च शिक्षा अध्ययन गर्ने बालबालिकाहरुको लागि भविश्य मार्गदर्शन गर्ने<br>यस स्कुलबाट क्भ्भ्क्ीऋ पास पछि उच्च शिक्षा अध्ययन गर्न र आफ्नो जीवनवृतीका विषयमा उत्सुश विधार्थीलाई सहयोग | | १५००९०००/- |
| | | स्वास्थ्य तथा कल्याण कार्यक्रम<br>विषेशगरी कर्णाली प्रदेश र नेपालका विभिन्न स्थानबाट भ्याली स्कुलमा तिनका परिवारहरुलाई सहयोग | | १८०००९७०/- |
| | | कोपिला भ्याली स्कुल मार्फत बालबालिकाहरुलाई शिक्षा प्रदान<br>विशेष गरी कार्णाली प्रदेश र नेपालका विभिन्न स्थानका बालबालीकाहरु | | ५५००००००/- |
| | | वातावरण दिगोपना कार्यक्रम<br>कर्णाली प्रदेश र नेपाल भरिका विभिन्न स्थानका | | ११०९४८००/- |

| | | | | |
|---|---|---|---|---|
| | | बालबालिका हरुका लागि कोपिला भ्यालि स्कुल क्षेत्रमा कृयाकलाप संचालन | | |
| | | महिला शसक्तिकरण तथा क्षमता विकास कार्यक्रम | वी.न.न.पा. | ५१८८४००/- |
| | | परियोजना अनुगमन व्यवस्थापन तथा प्राविधिक सहयोग | वी.न.न.पा. | ८७८५३२०/- |
| | | जम्मा रकम | | १६४०७८९९०/० |
| १५. | सहकर्मी समाज | स्थानिय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रम | वी .न.न.पा. | ३,३२,९०८ |
| | | टोल विकास संस्थाहरुको सशक्तिकरण तथा परिचालन (कर्मचारी परिचालन) . | वी.न.न.पा. | ५९३१८२८ |
| | | सामुदायिक प्रशिक्षकहरूलाई ३ दिने CFOT TOT | वी.न.न.पा | १,१८२५० |
| | | टोल विकासका सदस्यहरुका लागि सामुदायिक सहजकर्ता तालिम सञ्चालन | वी.न.न.पा. | १२,८७,००० |
| | | समुह कोष व्यवस्थापन तालिम | वी.न.न.पा | १,००,००० |
| | | समावेसी तथा जवाफदेहि जनस्वास्थ्य सेवाका बारे छलफल तथा सहजिकरण | वी.न.न.पा. | १,३५,००० |
| | | स्थानीय सेवा प्रवाहलाई प्रभावकारि र पारदर्शी बनाउनका लागि सामाजिक जवाफदेहिताका औजारहरुको (सामाजिक अंकपत्र) अभ्यासमा सहजिकरण | वी.न.न.पा. | २००,००० |
| | | प्रजनन्स्वास्थ्य सेवा प्रवाह र अधिकार पहुँचका लागि सरोकारवाला विच आवस्यक छलफल तथा वकालत योजनामा सहयोग | वी.न.न.पा. | १,३५,००० |
| | | स्थानीय स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य व्यवस्थापन समिति र टोल विकास संस्था विच छलफल तथा अन्तरक्रिया | वी.न.न.पा. | १,३५,००० |
| | | कर्मचारीहरुको अर्धमासीक तथा मासीक वैठक | वी.न.न.पा | २,०४,००० |
| | | कर्मचारीहरुको चौमासीक कार्यशाला | वी.न.न.पा | २,८५,००० |
| | | वडा स्तरीय टोलविकासहरुका सिकाई आदानप्रदान कार्यशाला | वी.न.न.पा | २,४०,००० |
| | | केन्द्रिय कार्यलय तथा संस्थागत अनुगमन, अनुगमन तथा स्थलगत भ्रमण यातायात खर्च अनुगमन तथा स्थलगत भ्रमण खाना तथा आवास | वी.न.न.पा. | १,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | पालिका स्तरीय टोलविकासहरुको सिकाई आदानप्रदान कार्यशाला | वी.न.न.पा. | ३,००,००० |
| | | जम्मा रकम | | २५६००००/- |
| १६ | MOMENTUM प्राइभेट हेल्थकेयर डेलिभरी परियोजना | निजी संस्थाहरु छनौट | निजी स्वास्थ्य संस्था | २५७००० |
| | | परियोजनाको नगरपालीका स्तरिय परिचयात्मक कार्यक्रम कार्यपालीका सदस्यहरु | वी.न.न.पा | १२५००० |
| | | यौन तथा प्रजनन्स्वास्थ्य तालिम | | ५००००० |
| | | तथ्याँकको व्यवस्थापन तालिम निजी स्वास्थ्य संस्थाका सेवा प्रदायक | | ३५०००० |
| | | अनलाइन मार्फत तथ्याँकको प्रतिवेदन निजी स्वास्थ्य संस्थाका सेवा प्रदायक | | ११६८०० |
| | | तीन महिने सुई सँगिनी तालिम निजी स्वास्थ्य संस्थाका सेवा प्रदायक | | २२५००० |
| | | पालीका स्तरिय त्रैमासिक समिक्षा बैठक कार्यपालीका सदस्यहरु | | १२५००० |
| | | सेवा प्रदायकहरुसँग मासिक गुणस्तर सुधार बैठक निजी स्वास्थ्य संस्थाका संचालक तथा सेवा प्रदायक | | ३००००० |
| | | औषधि व्यवसायीक संघसँगको अन्तरकृया बैठक | NCDA कार्यसमित सदस्यहरु | ५०००० |
| | | संयुक्त अनुगमन भ्रमण | पालीका र परियोजना | २५००० |
| | | निजी स्वास्थ्य संस्थाको तथ्याँक गुणस्तर सुधार | निजी स्वास्थ्य संस्था | ५०००० |
| | | सेवा गुणस्तरसुधार तथा संक्रमण नियन्त्रणका लागि आवश्यक सामाग्री सहयोग | निजी स्वास्थ्य संस्था | ३००००० |
| | | पहिलो चरणका संस्थाहरुको स्तर सुधार | निजी | १००००० |

| | | | | |
|---|---|---|---|---|
| | | वृद्धिका कार्यहरु | स्वास्थ्य संस्था | |
| | | व्यवशायीक शिप विकास तालिम | निजी स्वास्थ्य संस्था संचाल | ३००००० |
| | | जम्मा रकम | | २८२३८००/० |
| १७. | नवज्योती केन्द्र लाटीकोईली सुर्खेत | जिविको पार्जन प्रवर्द्धन तथा उत्थानशिलता परियोजना | वी.न.न.पा. १ देखि १६ | १५०००००० |
| | | खानेपानी परियोजना | वी.न.न.पा. ९ | १००००००००/- |
| | | खानेपानी परियोना | न.पा.९,१० र ११ | २००००००/- |
| | | जम्मा रकम | | २७००००००/ |
| १८. | फियान नेपाल | खाद्य अधिकार दावीका लागि जोखिममा रहेको समुदायको शसक्ति करण | न.पा. १० र ११ | ७०००००/- |
| | | खाद्य अधिकार कार्यान्वयन अनुगमनका लागि नागरिक समाजको वकालत पैरवी मार्फत सरकारको जवाफदेहीतामा अभिवृद्धि | वी.न.न.पा. | ४५००००/- |
| | | जम्मा रकम | | ११५००००/- |
| १९. | दलित महिला संघ सर्खेत | राहत सामग्रि वितरण | वी.न.न.पा. | ८३५३३२ / |
| | | लक्षीत समुह परिचालन तथा क्षमता अभिबृद्धि | वी.न.न.पा. | ७०८००/ |
| | | जिविकोपाजन सुधार तथा सहयोग, | वी.न.न.पा | २३००००/ |
| | | लैङ्गिक हिंसामा परेका पिडितलाई सहयोग समेत, समदायमा अन्तरक्रिया वैठक आदि | वी.न.न.पा. | ८००००/ |
| | जम्मा रकम | | | १२१७१३२/ |
| २० | GIZ/GRAPE | नगरपालिकावाट स्वीकृत जलवायू अनुकुलन कृषि सुधारका देहाएका कार्यक्रममा सहकार्य<br>• कृषि हाटबजार तथा संकलन केन्द्र निर्माण, रस्टीक स्टोर निर्माण<br>• साना सिचाई कुलो निर्माण<br>• पानीको मुहान संरक्षण, रिचार्ज पोखरी, | वी.न.न.पा. | ७००००००/- |

| | | | | |
|---|---|---|---|---|
| | | • प्राङ्गारीक मल उत्पादन तथा वजारीकरण<br>• शहरी क्षेत्रमा कौषी खेती प्रवर्धन कार्यक्रम<br>• महिला मेयर कार्यक्रम अन्तर्गत महिला मैत्री कार्यक्रम संचालन<br>कृषि तथा पशु सिक्षा पढ्ने विद्यार्थीका लागि उद्यम संचालन गर्न अनुदान दिन | | |
| | | जलवायू मैत्री कृषि प्रविधि सहजिकरण खर्च | वी.न.न.पा. | ९१२०००/- |
| | जम्मा रकम | | | ८९१२०००/- |
| २१ | द एसिया फाउण्डेशन | विवादको निरुपणका सम्बन्धमा वीरेन्द्रनगर नगरपालिकाको वर्तमान स्थितिको अध्ययन | | ६०,०००/- |
| | | न्यायिक मामिला व्यवस्थापन प्रणालीको स्तरोन्नती एवं प्रणाली जडान | | ५,५४,३००/- |
| | | तालिम एवं क्षमता अभिवृद्दि (न्यायिक समिति र वडा प्रशासक) | | १,१०,०००/- |
| | | सम्भार (१ वर्षको अवधीसम्म) | | ३०,००० |
| | | न्यायिक समिति र मेलमिलाप कर्ता बीच सिकाई तथा अभ्यास आदान प्रदान कार्यक्रम । | | ४५००० |
| | | **जम्मा रकम** | | ८१९३०० |
| | **कुल जम्मा रकम** | | | **२७,२१,०१,३६८** |

सबै गैर सरकारी सस्थाहरुलाई समेटने सम्भावना नभएको होईन तर नगरपालिकामा सहकार्य गर्ने गैससको कार्यक्रमलाई नमुना छनोटमा स्याक नेपाल सस्थालाई मात्र पुनरावलोकन गरिएको छ ।

सवलपक्ष : नगरपालिकाको नीति कार्यक्रम र बजेट पुस्तिकामा गैससको कार्यक्रम समाबेश भएको छ ।

१. नगरपालिकामा गैससले गरेका कार्यले कति नगरबासीले सेवा प्राप्त गरे भन्ने कुरा सबैको समिक्षा भएको पाउँन सकिदैन ।

२. नगरपालिकामा नगरपालिका,वडा र विषयगत शाखाहरुले गरेको कार्यविवरण मात्रको समिक्षा भएको छ ।

३. नगरपालिकाले नीतिगतरुपमा तोकेको क्षेत्र र दोहोरोपन नहुनेगरी कार्यक्रम संचालन गर्दा प्रभाबकारी र मापन गर्न सहज हुन्छ ।

४. सहकार्यमा सहजता र असहजता के भयो भन्ने विवरणबाट थाहापाउन सकिदैन ।

५. कतिजनाले सहकार्यबाट प्रतिफल प्राप्त गरे भन्ने कुराको समिक्षा देखिदैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०८१/०८/.०२ गते
ख) स्थान : नगरपालिकाको सभाहल
ग) समय : दिउसो १.३० बजे देखि ४.३० बजेसम्म

## घ) लिङ्ग र जातिगत विश्लेषण सहितको उपस्थिति

सामाजिक परीक्षण कार्यक्रममा पुरुष महिला ब्राम्हण दलित जनजाति आदि सबै जातजातिहरुको उपस्थिति थियो जुन उपस्थिति **अनुसूची १** मा राखिएको छ ।

## ६. नगरपालिका र विषयगत शाखाहरु/गैस. संस्थाहरुको विवरण

कार्यबिधिको **अनुसूची २** र **३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

**नगरपालिकाका अबसरहरु**

१.कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा मध्यपश्चिम विश्व विद्यालय सहितको शैक्षिक केन्द्र,

२.प्रदेश अस्पताल, कर्णालीको प्रवेशद्धार, राष्ट्रिय स्तरको खेलमैदान,पहाड र तराई मिश्रीत भुभाग,

३.समतल खुल्ला क्षेत्र, कृषि, पशुपालन, वन जंगल एवं हरियाली क्षेत्र, जैविक विविधता,

४.दक्षिण तर्फ भेरी नदीले घेरीएको, काँक्रेविहार, बुलबुले,देउती बज्यै लगायतका धार्मिक तथा पुरातात्वीक सम्पदा,

५.स्थानीय जात जातीका लोक कला संस्कृती र मिश्रीत मानव श्रोतलाई यस नगरपालिकाको सधै अवसरका रुपमा लिन सकिन्छ ।

६.प्रशासनीक रुपमा कर्णाली प्रदेशको राजधानी बनेको वीरेन्द्रनगर नगरपालिका यो प्रदेशको प्रमुख स्थानीय सरकार वा नमुना बन्न सक्ने सम्भाबना अबसर कायमछ ।

५.विविधतामा आधारित नगरपालिका कर्णाली प्रदेशबासीको साझा बसोबासको थलो भएकाले पहाड र तराई मिश्रीत भुभागको रुपमा विकास हुन सम्भावना नजिक छ ।

६. नमुना नगरपालिका बन्ने सम्भाबनालाई आज पनि नकार्न सकिदैन किन भने कर्णाली प्रदेशमा भएका २५ नगरपालिका मध्ये पुरानो तुलनात्मक रुपमा सुविधा र नगर गुरुयोजना कार्यान्वयन भएको नगरपालिका हो भने सम्भाबनाका धेरै स्रोत बोकेको नगरपालिका हो ।

७. स्वास्थ्य र सरसफाइ,शिक्षा,खाने पानी,सडक र विधुतको क्षेत्रमा देखापरेका सामान्य समस्याहरुको सहज समधानको अवसर तथा उपमहानगरपालिकाको सम्भाबना बोकेछ ।

८. बुलबुले तालको संरक्षण र उचित सदुपयोग,काँकेविहारको कम्पाउण्डिङ र चिडियाखानाले नगरको प्रादेशिक पहिचानमात्र होईन राष्ट्रिय पहिचान बोक्ने सम्भाबना छ ।

९.आ.व.०७९।०८० को संस्थागत स्वमूल्यांकन तथा क्षमता विकास प्रणाली (LISA) वित्तिय जोखिम मूल्यांकन (FRA) कार्य सम्पन्न भएको जसमा क्रमशः ६९.५ र ६६.५ अंक प्राप्त गरिएको, छ यो ८० भन्दा माथि बनाउन सकिने अवसर तथा सम्भाबना छ।

१०. नगरपालिकाले विकासको नमुना (Model) बनाएर प्रचार गर्न सक्ने सम्भाबना छ।

## ७.नगरपालिकाका चुनौतिहरु

१.नगरबासीको विकास प्रतिको बढदो चाहाना एक ठाँउमा छ भने अर्को तर्फ बजेटको संरचना खर्च आफैमा चुनौति हो।
२.नगरपालिकामा कार्यरत कर्मचारीहरुको विचमा कायम रहेको असमझदारी नगरपालिकाको आन्तरिक विकासको विशेस चुनौति देखिएको छ।
३.नगरको पूर्वाधार तर्फ अव्यवस्थीत वसोवास, खानेपानीको प्रवन्ध, उपत्यकाको ढल निकास, ऐलानी प्रति जग्गा र खोला छेउ अतिक्रमणलाई व्यवस्थीत गर्नुपर्ने छ जो सबै भन्दा ठूलो चुनौति बनेको छ।
४.स्थानीय स्रोत साधनको पहिचान, परिचालन र व्यवस्थापन नयां परिवेश अनुकुलको व्यवस्था गर्नु आजको अर्को चुनौति रहेको छ।
५.राजनीतिक र सामाजिक परिवेशमा संविधान तथा अन्य कानुनको मर्म अनुरुप काम गर्नु पर्ने, बाढि पिडित तथा सुकुम्बासीको व्यवस्थापन गर्नुपर्ने,नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई गुणस्तरिय र प्रविधिमैत्री वनाउनु, जस्ता चुनौति आजसम्म पनि देखिएकाछन्।
६.विकासको प्राथमिकता र प्रभाबकारीताका साथै विकासको नया मोडेल आउन नसक्नु नगरपालिकाको चुनौति हो।
७. नगरपालिकाको आन्तरिक स्रोत संकलन र संरक्षणमा चुनौति देखिएको छ। उदारणको लागि नगरपालिकाले संकलन गर्ने नदीजन्य पदार्थको राजश्व र बजारको विक्रिमुल्य।

८. नगरपालिकाले नीति तथा कार्यक्रमबाट लक्ष्य अनुसार प्रगति गरेको देखिदैन किन भने चालु खर्च ८३.७५ प्रतिसत,पुँजीगत ३१.१ प्रतिसत जम्मा ५७.५ प्रतिसत कारोबारो भएको छ।

## ८. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

**१** नगरपालिकाको आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रम स्थानीय सरकार सञ्चालन ऐनले ब्यबस्था गरे अनुसार नियम पूर्बक समिक्षा सम्पन्न भएको अबस्था छ।
२. समिक्षामा नीतिगत र कार्यगत विषयहरुमा छलफल भएको छ।
३. नगरका ५० प्रतिसत वडाहरुले ९० प्रतिसत भन्दा माथि बजेट कार्यान्वयन गरेका छन्।
४.वीरेन्द्रनगरको पहिचान गरेर सडक चक्रपथ निर्माण सहित,खाने पानी र विधुत विस्तारको नीति सवलपक्षको रुपमा रहेको छ।
५.नगरको लागि खाने पानीको समस्या समधान गर्न भेरीको पानी लिफ्ट गरेर ल्याउन विस्तृत परियोजना कार्यान्वयनको चरणमा छ।
६. विषयगत शाखाहरुबाट नगरबासीले समयमा सेवा र आर्थिक अबस्था अनुसार सहयोग पाएका छन्।
७. सामाजिक परिचालनको लागि टोल समुह गठन, परिचालन र कार्यन्वयन भएको छ।
८. योजना छनोट प्रक्रिया अनुसार गरिएको छ।

## ९. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु :

आ.ब.२०८०/०८१ को समिक्षा तथा शाखागत रुपमा संकलन गरिएका स्रोतहरुको आधारमा कमिकमजोरी र चुनौतिहरु पहिचान गरिएको हो । वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी भएका कारणले नगरपालिकाले गरेका कामहरु अन्तरस्थानीय सरकारको लागि पनि महत्वका रुपमा हेरीएको छ । नगरपालिकाको सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरुलाई तल समाबेश गरिएकोछ ।

**क) स्थानीय तह**

१. पेश्कीको अनुपात ब्यापक रुपमा रहन गएको अबस्था छ ।
२. नगरपालिकामा आज सम्मपनि सबै कार्यविधिहरु बन्न सकेका छैनन् ।
३. शाखागत कार्यविवरण तथा कार्यालय ब्यबस्थापन नै समस्या हुन गएको छ ।
४. बेरुजुको प्रतिसत बढदो रुपमा छ ।
५. नगरमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको कार्यगत मनोबल घटेको छ ।
६. नक्सा ब्यबस्थापन Online Bulding Permit System को थालनी भएको छैन ।
७. नगरपालिकामा सबै परिवारका सदस्यले नगरपालिकाको विकासको चाशो राखेको देखिन्छ तर फरक फरक खालको अभिमत रहन गएको छ ।
८. खोला अतिक्रमण र अब्यबस्थित बसोबास नगरपालिकाको दिर्घकालिन समस्या र चुनौति हो ।

**ख) विषयगत शाखाहरु**

**आर्थिक प्रशासन शाखा**

- नगरपालिकाको आर्थिक अबस्था तथा संरचनाले नगरबासीको सोचलाई पूर्ण सम्बोधन गर्न सकेको छैन किन भने नगरबासीको सबै शोच पुरागर्ने बजेट कम छ ।
- बेरुजुको प्रतिसत नियम अनुसार घटनुको सट्टा बढेको अबस्था छ ।

**नगर कृषि शाखा**

- नीति अनुसार कृषिलाई ब्यबस्थित गर्न नसकिएको अबस्था छ ।
- सरकारी जग्गा अतीक्रमण भएको छ ।
- कृषि पेशालाई व्यवसायिकरण गर्न वडाहरुमा वितरण गरेको अनुदानको व्यवस्था कमजोर छ ।

**पशुसेवा तर्फ**

- एकवडा एक प्राविधिकको सरकारी नीति पुरा हुन सकेको छैन ।
- बजार र टोलछिमेकमा छाडा पसुहरु नियन्त्रण नभएको अबस्था छ ।
- छाडापशुहरु नियन्त्रणको लागि सहयोग पुगोस भनेर संचालनमा रहेको गौशाला संवेदनशील अबस्थामा रहन सक्ने अबस्था छ ।
- तुलनात्मक रुपमा बजेट र कार्यक्रम संचालनमा असजिलो महसुस गरिएको छ ।

**सामाजिक तर्फ**

**शिक्षा**

- सबै सरकारि र निजि विद्यालयको पास प्रतिसतमा समानता नभएको ।
- सबै विद्यालयमा शौचालय र खानेपानीको राम्रो प्रबन्ध नहुनु ।

- नगरको शैक्षिक योजना र जनशक्तिको अभाब रहन गएको ।
- नगरको शैक्षिक रणनीति र कार्यक्रमलाई ब्यबस्थापन गर्न नसकिएको जस्तो प्रभाब देखिन्छ ।
- वालशिक्षाका भवनहरुको अबस्था कमजोर रहन गएको छ ।

**<u>महिला तथा बालबालिका सम्बन्धी</u>**

- बालकल्याण कार्यक्रम सञ्चालनको लागि बजेट अपुग छ ।
- जोखिममा रहेका बालबालिकाको लागि जोखिम कोषको ब्यबस्थापन हुन नसकेको ।
- नीति अनुसार सवै कार्यक्रम गर्न नसकेको देखिन्छ ।

**<u>स्वास्थ्य तर्फ</u>**

- नगरको नीति अनुसार जनसङ्ख्याको तुलनामा स्वास्थ्य सुविधाको कमि ।
- कार्यक्रमको विस्तारसगै पूर्वाधार बन्न नसकेको ।

**<u>खानेपानी तर्फ</u>**

- खानेपानी आयोजना कार्यान्वनको लागि लागत सहभागिता जुटाउन कठिनाई हुने ।
- आयोजनाको लागत इष्टिमेटको तुलनामा बजेट कम आउने गरेको हुनाले आयोजना सम्पन्न गर्न धेरै वर्ष लाग्ने गरेको ।
- नीति अनुसार नगरपालिका र भुप्राबृहतको विचमा समन्वय नभएको देखिन्छ ।

**<u>भौतिक पूर्बाधार विकास शाखा</u>**

- नगरभित्रका महत्वर्पुण सडकहरु मरमत भएकाछैनन् ।
- नगरपालिकाका सडकहरुको प्राथमिकिकरण गरेर योजना संचालन भएको छैन ।
- गुरुयोजना तथा मापदण्ड अनुसार सडकसंजाल विस्तार गरिएको छैन ।

**<u>ग) गैरसरकारी सस्था</u>**

- गैससका कार्यक्रमहरु के कति किन संचालनमा छन् भन्ने बार्षिक पुस्तिकामा रेकर्ड छ तर सबैको समिक्षा गरिएको छैन ।
- नगरका कुन कुन क्षेत्रमा गैससले काम गरेको छ भन्ने समिक्षामा यकिन गरिएको छैन ।

**घ) वातावरण तथा विपद ब्यबस्थापन तर्फ**

- ल्याण्डफिल साइड ब्यबस्थित नभएको आगोले झन वातावरणमा प्रतिकूल प्रभाब देखिएको छ ।
- नगरपालिकाका सवै वडा तथा टोलहरुमा फोहोर ब्यबस्थापन भएको छैन ।
- डुवान तथा बाडिको कारणले उत्पन्न समस्याहरु ।

## १०. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

### क) स्थानीय तह

### क) नगरपालिका

१.बर्षमा (६/६ महिनामा) दुईपटक स्टाप बैठक गर्ने,कार्यपालिकाले मासिक रुपमा नगरको गतिविधिको बारेमा जानकारी लिने,नगरप्रमुख र उपप्रमुखले हप्तामा र प्रमुख प्रशासकीय अधिकृतले दैनिक रुपमा कार्यविवरण अनुसार कामको प्रभाबकारीताको बारेमा जानकारी लिने ।

२.नगरपालिकाको शोच,लक्ष्य उद्धेश्य र नीति अनुसार कार्यक्रम तथा बजेट आयोजना भए नभएको विषमा नगरसभा पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।

३.नगरको भौतिक विकासमा समाबेशी तथा अपाङ्गमैत्री योजना तथा निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान पुऱ्यउनु पर्ने ।

४.नगरपालिका समग्र कर्णाली प्रदेशको पहिचान  भएकाले यसले दिर्घकालीन सामाजिक सदभाब बढाउने कार्यक्रमको थालनी गर्नुपर्ने जसले नमुनाको रुपमा काम गर्न सकोस ।

५.नगरपालिकाको आन्तरिक स्रोत बढाउन स्थानिय स्तरमा संचालन गरेका सबै योजना खानेपानी र सिचाई बाहेक सम्भब भएसम्म ठेक्का प्रथामा संचालन गर्नुपर्ने ।

६.अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिने  ।

७..कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने परम्परा कायम राख्ने ।

८. नगरपालिकाको लागि नीतिगत आबस्यकताका आधारमा ऐन नियम र कार्यविधिहरु बनाउनु पर्ने ।

९. नगरपालिकाले सम्पादन गर्ने योजनाहरुको योजना शाखाले पुस्तिका तयार गरेर सबै योजनाहरुको विस्तृत विवरण राख्दा सहज हुने देखिन्छ ।

१०.बेरुजु प्रतिसत बढेर गएको यसलाई नीतिगत रुपमा नै घटाउदै लैजाने ।

११. नगरपालिकाले O and M  बनाएर कर्मचारीलाई कार्यविवरण सहितको शाखागत जवाफदेही बनाउनु पर्ने ।

१२.समय र आबस्यकताको आधारमा Nagar Profile Update को खाँचो छ ।

१३.नगरको क्षमताविकास योजना बनाउनु पर्ने ।

१४. नगरपालिकाको पहिचानीक विकासको लागि एक वडा एक विशेष कार्यक्रमको छनोट गर्नु पर्ने ।

१५. नगरका हरेक सुचक कार्यक्षेत्रमा नगरको पहिचान लुकेको छ काम गरेर समय अनुसार प्रचार प्रसार गर्दै अगाडि बढनु पर्दछ ।

१६. समिक्षामा शाखागत पहिचान गरिएका समस्याहरु सम्बोधन गर्नुपर्दछ

१७.ल्याण्डफिलसाईड,बसपार्क,गौशाला,छाडापशु चौपाय,वातावरणको संरक्षण, नदीजन्य पर्दाथ,अब्यबस्थित बसोबासको दिर्घकालीन योजना छैन बनाउनु पर्दछ ।

### ख) विषयगत शाखा तर्फ

कृषितर्फ

- रासायनिक मलको अभाव घटाउन अर्गानिक खेतीको प्रर्वद्धन गनुपर्ने ।
- कृषकहरुलाई सेवादीन कोल्ड स्टोरको ब्यबस्था गर्नु पर्ने ।
- कृषिहाट बजारको तत्काल ब्यबस्थिा गर्नु पर्ने ।

- नगरकृषि पकेट क्षेत्र तोकेर व्यबसायिक कृषिमा जोडदिनु पर्ने ।
- सबै कृषियोग्य जमिनलाई उपभोगमा ल्याउनु पर्ने ।

## शिक्षा तर्फ

- संघिय संरचना अनुसार नगरस्तरिय शैक्षिक कार्यक्रमहरु संचालन गर्ने तर्फ सम्भाव्यता अध्ययन र कार्यक्रम तर्जुमा गर्नु दिर्घकालिन शैक्षिक रणनैतिक योजना संचालनमा ल्याउने पहल गर्ने ।
- सबै विद्यालयमा छात्र छात्राको लागि छुटै शौचालय र सरसफाईको राम्रो व्यवस्था गर्नुपर्ने ।
- सरकारि र निजि विद्यालयमा समान रुपमा छात्राबृतिको नीतिगत ब्यबस्था गर्नुपर्ने ।
- संचालनमा रहेका सवै शैक्षिक सस्थाहरुको नियमन गर्नु पर्ने ।
- वालशिक्षाका भवनहरु मरमत गर्नु  पर्ने ।

## बालकल्याण तर्फ

- बालकल्याण कार्यक्रम सञ्चालनको  लागि बजेट बढाउनु पर्ने ।
- सवै वडाहरुमा बालबालीकालाई खेलमैदान र थपखेलसामाग्री उपलब्ध गराउनु पर्ने ।
- बाल श्रमिकहरुको तथ्याङ्कको संकलन यथासक्य गरी बाल श्रमिक लक्षित कार्यक्रम गर्नुपर्ने ।

## खानेपानी तर्फ

- नगरका व्यस्तबजारहरमा खाने पानी र अपाङ्गमैत्री सार्वजनिक शौचालयको व्यबस्था गर्नु पर्ने ।
- नगरवासिलाई स्वच्छ खानेपानी उपलद्य गराउनु पर्ने ।
- पुराना ,कमजोर र पूर्बाधार विस्तारका कारणले काटिएका पाइपहरु मरमत गर्नु पर्ने ।

## भौतिक पूर्बाधारविकास तर्फ

- नगरका सडकहरुको प्राथमिकीकरण गरेर नगर सडकहरु तत्काल मरमत गर्नुपर्ने ।
- सडक काटेपछि तत्काल सरोकारवालाले तीरेको पैसाले सडक मर्मत गर्नु पर्ने ।
- गुरुयोजना र सडक मापदण्ड अनुसार सडक निर्माण गर्नु पर्ने ।

## पशुसेवा शाखा तर्फ

- नीतिगत रुपमा पशुपालन क्षेत्रको विकास गर्नुपर्ने ।
- छाडा पसु नियन्त्रण गर्न संचालनमा ल्याइएको गौशालाको राम्रो ब्यबस्था गर्नु पर्ने ।
- वडाका सबै स्थानमा एक वडा एक प्राविधिक खटाउने कार्यलाई निरन्तरता दिने ।
- नगरपालिकाको पशुचौपाएको Profile बनाउने र घरधनी पहिचान गर्ने ।

## जनस्वास्थ्य तर्फ

- कार्यक्रम र कार्यालयहरुको विस्तार सगै पूर्वाधारको विकास समेत गर्नुपर्ने ।
- नगरपालिकाको स्वास्थ्य नीति अनुसार नगरका सबै स्वास्थ्य सस्थाहरुलाई थपब्यबस्थित गर्नु पर्ने ।

## आर्थीक विकास शाखा तर्फ

- अर्थसंकलनका बिभीन्न बाटाहरु खोज्नुपर्ने ।

- राजश्व संकलनमा नगरपालीका र नगरबिकासको बिचमा समन्वय हुनुपर्ने ।
- आन्तरिक पर्यटक आउनसक्ने कार्यक्रम संचालन गर्नु पर्ने ।
- महीला,दलीत,पिछडावर्ग लगाएत विपन्नवर्गलाई नीति अनुसार स्वरोजगार कार्यक्रम तथा छात्रावृतिको ब्यबस्था गर्नुपर्ने ।

## ग) गैरसरकारी संस्था

- नगरमा कार्यरत सबै गैर सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने र योजना अनुसारका सबै कार्यक्रमहरु नगरपालिकाको योजनामा समाबेश गर्नुका साथै बार्षिक समिक्षा पनि अनिवार्य रुपमा गर्नु पर्ने ।
- कार्यक्रम दोहोरोपना हटाउन र नगरको सामानुपातिक सामाजिक विकास गर्न नगर स्थित गैरसरकारी संस्थाहरुले विभिन्न विषयमा नगर स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।

## घ) वातावरण तथा विपद तर्फ

- सडक विस्तार र मरमत भएपछि सडक वरपर बिरुवा लगाउनु पर्ने ।
- समयमा फोहोर फाल्ने र समयमा फोहोर उठाउने ब्यबस्थालाई थप ब्यबस्थित गर्नु पर्ने र ल्याण्डफिल यथाशिघ्र ब्यबस्थापन गर्नु पर्ने ।

## ११. वीरेन्द्रनगर नगरपालिकालाई माथी उल्लेखित नीतिको कार्यान्वयनको अवस्थामा उल्लेख भए अनुसारको सुझाव मध्य निम्नानुसार क्षेत्रमा विशेष नीति लिन तथा सोही अनुसार योजना छनोट र संचालन गर्न सुझाव दिन चाहान्छौं ।

**विशेष :** नगरपालिकाको विकास कार्य संचालनमा प्रमुख प्रशासकीय अधिकृतको महत्वपूर्ण भूमीका हुने भएकाले विचमा हेरफेर गर्ने वा एक वर्ष पनि पुरा नगरेर सरुवाहुने परम्परालाई रोक्ने प्रयास गर्ने ।

सुझाबहरु : १. नगरपालिकाले O and M कार्यान्वयन गरेर शाखागत कार्यविवरण सबैलाई उपलब्ध गराउनु पर्दछ ।

२. नगरका शाखाहरुले वर्षमा कति नगरबासीले सेवा पाउन सके भन्ने पनि समिक्षा गर्ने ।

३. गैससले नगरको नीति अनुसार कार्यक्रम गर्ने र साथै समिक्षा पनि गर्ने ।

४. नगरपालिकाको नीति अनुसार काम गर्न प्रमुख प्रशासकीय अधिकृतको गहन भुमीका हुने भएकाले यसमा सकेसम्म नितिगत ब्यबस्था मिलाउन प्रयास गर्ने ।

५.बेरुजु प्रतिसत बढेर गएको यसलाई नीतिगत रुपमा नै घटाउदै लैजाने ।
६.आफ्नो घर अगाडिको फोहर घर घरमा मोहरको कार्यक्रमलाई निरन्तरता दिने तथा जसको घर अगाडी फोहर छ उसलाई सचेत गराउने कामलाई पनि निरन्तरता दिनु पर्दछ ।
७.नक्सा ब्यबस्थापनलाई Online Building Permit System and e-profile निर्माण गर्ने तर्फ पहल गर्दा समय सान्दर्भिक हुने देखिन्छ ।
८. बसपार्क र वुलवुलेको विकास र सदुपयोगमा दिर्घकालिन शोचको आबस्यकता छ ।

९. वीरेन्द्रनगर बजार र बसपार्कको ब्यबस्थापनले नगरको पहिचान दिने भएकाले यसको वातावरणीय ब्यबस्थापनमा नीतिगत दिर्घकालिन योजना बनाउनु पर्ने ।

१०.योजना संचालनमा सामान्य योजनामा पनि धेरै समस्याहरुको सिर्जना भएर प्राविधिक तथा प्रशासनिक कर्मचारीको मनोबल घटन गएको वातावरण देखापरेको छ, यसको निराकरणको लागि नियम विपरित हुने कुनै पनि कार्यमा दबाब सिर्जना नगर्ने वातावरण बनाउने ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : अमृत ढकाल

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि., सुर्खेत

# वीरेन्द्रनगर नगरपालीकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण प्रतिवेदन

(बृहत सभामा छलफलका लागि प्रस्तुत गरिएको)

१, वीरेन्द्रनगर नगरपालिकाको परिचय

१.१ नगरको सामान्य जानकारी

**वीरेन्द्रनगरः एक झलक**

**अवस्थितिः** अक्षांश २८°३०' २२'' देखि २८°४०' ४५'' देशान्तर ८१°३२' ५''देखि ८१°४०' ४५''

**क्षेत्रफल र जनसंख्या विवरण (राष्ट्रिय जनगणना २०६८ अनुसार):**

जनसंख्या : १५३८६३ साक्षरता दरः ८०.१९ प्रतिशत

वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रफलः २४५.८५ वर्ग कि.मी. सुर्खेत उपत्यका : ८८ वर्ग कि.मी.

वडा संख्या १६

**वि.स. २०७८ को जनगणना अनुसार नगरको जनसंख्याको वडागत विवरण**

| वडा न. | घरसंख्या | जनसंख्या | | | औषत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | २३८८ | १०२०८ | ५००४ | ५२०४ | ४.२७ | ९६.१६ |
| २ | ३३९४ | १४३२६ | ६८६७ | ७४५९ | ४.२२ | ९२.०६ |
| ३ | ४८११ | १९६१९ | ९८६५ | ९७५४ | ४.०८ | १०१.१४ |
| ४ | २६०८ | १०२२७ | ४९७८ | ५२४९ | ३.९२ | ९४.८४ |
| ५ | १५५२ | ६३३६ | ३०१९ | ३३१७ | ४.०१ | ९१.०२ |
| ६ | १८९८ | ७६९१ | ३९३२ | ३७५९ | ४.०५ | १०४.६० |
| ७ | २५५९ | ९३९७ | ४६८३ | ४७१४ | ३.६७ | ९९.३४ |
| ८ | २२०९ | ७८२४ | ३९२२ | ३९०२ | ३.५४ | १००.५१ |
| ९ | २८३८ | ११६७८ | ५६१६ | ६०६२ | ४.११ | ९२.६४ |
| १० | ४६१४ | १८०९१ | ८७८० | ९३११ | ३.९२ | ९४.३० |
| ११ | २९१४ | १२१५१ | ५८४१ | ६३१० | ४.१७ | ९२.५७ |
| १२ | ३७४१ | १४३५८ | ६८२९ | ७५२९ | ३.८४ | ९०.७० |
| १३ | १३७२ | ५९८२ | २८९५ | ३०८७ | ४.३६ | ९३.७८ |
| १४ | ६३८ | २५७६ | १२८६ | १२९० | ४.०४ | ९९.६९ |
| १५ | ३७८ | १५५७ | ७५६ | ८०१ | ४.१४ | ९४.३८ |
| १६ | ४३३ | १८४२ | ८५६ | ९८६ | ४.२५ | ८६.८२ |
| जम्मा | ३८३७७ | १५३८६३ | ७५१२९ | ७८७३४ | ४.०१ | ९५.४२ |

### १.१.१ नामाकरण

कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा सुर्खेत उपत्यका भित्र पर्ने कटकुवा, गोठीकांडा र जर्बुटा गाँउ पञ्चायत भित्र पर्ने केही भागलाई मिलाएर वीरेन्द्रनगर नगर पञ्चायतका भएको थियो । वीरेन्द्रनगर नगरपालिकमा बसोबासको प्रारम्भ २०२३ सालबाट भएको पाइन्छ । यस भन्दा अगाडि नगरपालिकाको मैदानी भाग (उपत्यका क्षेत्रमा) औलो लाग्ने हुँदा जिल्ला सदरमुकाम गढी गा.वि.स. मा रहेको र उपत्यकामा फाटफुट रुपमा थारु र

राजी समुदायको बसोबास रहेको थियो । औलो उन्मुलन भए पश्चात् उपत्यकामा बसोबास गर्न थालियो र सबै सरकारी कार्यालयहरुलाई स्थानान्तरण गरी सदरमुकाम तोकियो । वीरेन्द्रनगर नगरपालिकामा औलो उन्मुलन पश्चात् सुर्खेत जिल्लाका विकट पहाडी क्षेत्र लगायत दैलेख जिल्ला र कर्णाल प्रदेशका विभिन्न जिल्लाबाट बसाई सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको बाहुल्यता पाइन्छ । विभिन्न स्थानबाट बसाई सरी आएकाले यहाँको चालचलन रीतिथिति र सँस्कृतिमा समेत विविधता पाईन्छ ।

### १.१.२ ऐतिहासिक पृष्ठभूमी

पहिले चौहानचौर र २०२९ सालपछि वीरेन्द्रनगरको नामले परिचित यो नगरपालिका नेपालका गुरुयोजना भएका नगरपालिका मध्येको एक हो । वीरेन्द्रनगर नगरपालिकामा वि.सं. २०२२ मा विमानस्थल स्थापना भई नियमित उडान र वि.सं. २०३८ मा रत्नराजमार्ग सडक निर्माण कार्य सम्पन्न भई नियमित रुपमा सडक यातायात सेवा शुरु भए पश्चात् वीरेन्द्रनगर कर्णाली प्रदेशका जिल्लाहरुको प्रवेशद्वारका रुपमा स्थापित भएको छ । कर्णाली प्रदेशमा उपभोग हुने सम्पूर्ण सामग्री वीरेन्द्रनगरबाट जाने हुँदा यो पश्चिम नेपाल कै प्रमुख व्यापारिक एवं शैक्षिक पर्यटकिय केन्द्ररुपमा रहेको छ । यसको पूर्वबाट भेरी नदी र पश्चिमबाट कर्णाली नदी बगेकोले र्‍याफ्टीङ् गरी आनन्द लिन आउने पर्यटकहरुका लागि समेत यो आकर्षक स्थलको रुपमा परिचित छ ।

नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिण तर्फ ढल्किएको सानोउपयुक्त मौसम भएको सुन्दर उपत्यका हो । पेरिस जस्तो सुन्दर शहरको रुपमा विकास गर्ने लक्ष्य लिई बनाइएको वीरेन्द्रनगरको गुरुयोजनालाई मूर्तरुप दिन वीरेन्द्रनगरका विभिन्न क्षेत्रमा आवश्यक जग्गा अधिग्रहण गरिएको छ । यति खेर वीरेन्द्रनगरका १ देखि १२ वडाको सडक गुरुयोजना कार्यान्वयनमा आएको छ । यस क्षेत्रमा प्रदेशको माग गर्दै भएको आन्दोलनको उपलब्धी र आन्दोलनमा शाहदत प्राप्त शहिदको सपनालाई वीरेन्द्रनगरको परिकल्पना (Vision) “शैक्षिक, प्रशासनिक, पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर” साकार बनाउने दिशामा नगरपालिका जुटेको छ । ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्दा वीरेन्द्रनगर नगरपालिका नामाकरण स्व.राजा विरेन्द्र सँग जोडिएको देखिन्छ ।

# वीरेन्द्रनगर नगरपालिकाको आ.ब.२०८०/०८१ को

## १.सोच

**"शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर"** भन्ने सोचका साथ अघि बढीएको छ।
बजेटको लक्ष्य:

## २. आ.ब.२०८०/०८१ को बजेटका लक्ष्य र उद्धेश्यहरु :

**१.बजेटको लक्ष्य :** शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्दनगर भन्ने सोचका साथ अघि बढी वीरेन्दनगरलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले योजनावद्ध शहरी सुविधायुक्त, लैगिक रुपमा महिला मैत्री, सामाजिक रुपले समावेशी/सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित शैक्षिक, प्रशासनिक र पर्यटकीय शहरको रुपमा निर्माण गर्दै कर्णाली प्रदेशको राजधानीलाई नमुनाको रुपमा विकास गर्ने लक्ष्य लिईएको छ।

**३.बजेटका उद्देश्यहरु :**

वीरेन्द्रनगरलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले योजनावद्ध शहरी सुविधायुक्त, लैगिक रुपमा महिला मैत्री, सामाजिक रुपले समावेश, सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित शैक्षिक, प्रशासनिक र पर्यटकीय शहरको रुपमा निर्माण गर्दै कर्णाली प्रदेशको राजधानीका रुपमा विकास गर्ने ।

आ व २०८०।८१ को वजेटका प्रमुख उदेश्यहरु

१ .नगरवाट लगाइने कर तथा दस्तुरको दायरा फराकिलो पार्दे नगरको आन्तरिक आयमा वृद्धि गर्ने

२ नगरवाट लगाइने कर तथा दस्तुरको दायरा फराकिलो पार्दे नगरको आन्तरिक आयमा वृद्धि गर्ने

३ स्वच्छ खानेपानी तथा सरसफाईमा नगरबासीको सहज पहुँचमा वृद्धि गर्न अल्पकालिन ब्यवस्थापन गर्दे दिर्घकालिन ब्यवस्थापनको सुरुवात गर्ने ।

४.शहरी पूर्वाधारहरूको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवनयापन सहजता ल्याउने ।

५.कृषि तथा पशुपालन पेशा व्यवसायिक रोजगारमूलक तर्फ उन्मुख गराउनुका साथै देशमा उत्पन्न हुन सक्ने खाद्य संकटसंग सामना गर्न सक्ने वनाउने ।

६ नगरभित्रका भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यव्थित बसोबासी परिवारलाई भुमिको मालिक गराउन प्रारम्भ गर्ने ।

७. नगरपालिकाको शैक्षिक योजना सहित प्रादेशिक शैक्षिक हबको गन्तब्यका रुपमा विकास गर्ने। गुणस्तरीय विद्यालय शिक्षामा सवै बाल बालिकाहरुको समतामुलक पहुंच सुनिश्चीत गर्ने ।

८.यूवाहरुमा अनुशासन, सक्षमता स्वावलम्वन, भविस्य प्रति सम्वेदनशिलताको विकास गर्न यूवा लक्षित कार्य गर्ने ।

९ आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि र सुलभता ल्याउनुका साथै विभिन्न महामारीसंग सामना गर्न सक्ने स्वास्थ्य संस्था वनाउने ।

१० वडा कार्यालय सम्म नै विद्युतीय सुशासनको विस्तार तथा विधुतिय प्रशासनिक नियमन गर्ने

११ विपदजन्य जोखिम न्यूनिकणका लागि पूर्व तयारीमा रहने ,

१२ उद्यम व्यवसाय विकासमा महिलाहरुको अर्थपुर्ण सहभागितामा वृद्धि गरी आय आर्जनमा क्रियाशिल गराउनु,

१३ नगरको सौन्दर्य प्रवर्द्धनलाई प्राथमिकतामा राखी फोहरमैला व्यवस्थापनमा वैज्ञानिक व्यवस्थापनको शुरुवात गर्नु,

१४ संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग समन्वय र विकास साझेदारहरुसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम संचालन गर्ने।

सुझाव १. उद्धेश्य बनाउदा विषयगत तथा शाखागत बनाउदा अझ राम्रो हुन्छ ।

## ४) वार्षिक आम्दानी खर्चको विवरण

## क) २०८०-८१ को एकिकृत आय विवरण

आ.ब. २०८०/०८१ को लागि बजेट पुस्तिकामा ३ अर्ब ३ करोड १६ लाख ९० हजार ९ सय ६७ अनुमान गरिएको थियो तर आ.ब.२०८०/०८१ को समिक्षा प्रतिवेदनमा अनुमान २८८६७१२९२६.९० आम्दानी २०७२९२३६७६.८२ ।

| सि.नं. | शिर्षक | आम्दानी अनुमान | आम्दानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | संघिय सरकार समानिकरण अनुदान | २२८९०००००.०० | २१२८७७०००.०० | -१६०२३००० |
| २ | प्रदेश सरकार समानिकरण अनुदान | २९३२६०००.०० | २९३२६०००.०० | ० |
| ३ | संघीय सरकार - राजस्व बाँडफाँड | १७९६३१०००.०० | १५२९३४६६३.९१ | -२६६९६३३६ |
| ४ | प्रदेश सरकार राजश्व वांडफांड | १०३०३३९६७.०० | १०८३८१८७२.०० | ५३४७९०५ |
| ५ | नेपाल सरकार - समपुरक अनुदान | ५५०००००.०० | १६०००००.०० | ० |
| ६ | नेपाल सरकार - विषेश अनुदान | १००००००.०० | ०.०० | ० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५३९५६००००.०० | ५३८३२०५५०.०० | ० |
| ८ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ८५२३०००००.०० | २९०८९९०००.०० | ० |
| ९ | कर्णाली प्रदेश - शसर्त अनुदान चालु | १३४९००००.०० | ६७४५०००.०० | ० |
| १० | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | २९९५०००००.०० | २७७९९१४५१.०० | ० |
| ११ | कर्णाली प्रदेश - समपुरक अनुदान | १००००००.०० | ५०००००.०० | ० |
| १२ | राजस्व बाँडफाँड — स्थानीय ढुंगा गिट्ट र मनोरंजन कर | १७१०००००.०० | ३२९१३८५.५२ | -१३८०८६१४ |
| १३ | आन्तरिक श्रोत | २८७३०९०००.०० | १३४४९३७९४.४९ | १५२८१५२०६ |

| | | | | |
|---|---|---|---|---|
| १४ | बैंक मौज्दात | ३११०६२९५९.९० | ३११०६२९५९.९० | ० |
| | जम्मा | २८८६७१२९२६.९० | २०७२९२३६७६.८२ | २०३९९५२५१ |

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम कार्यान्वयको लागि स्रोत विनियोजन यस प्रकार गरिएको थियो ।

| २३ | वडा स्तरमा स्वास्थ्य क्षेत्रको तथ्यमा आधारित वार्षिक कार्ययोजना निर्माण कार्यशाला | ५५०००० | १६ | ४५७००० | ८३ | ८१ |
| २४ | समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिमा क्षयरोग रो | ७६००० | २ | ३८००० | ५० | ५० |
| २५ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश् | १७५००० | ४ | १३२००० | ७५ | १०० |
| २६ | स्वास्थ्य सुशासन सम्बन्धि टुल्सहरुको छपाई तथा वितरण | १५०००० | १ | १३७००० | ९१ | १०० |
| २७ | स्वास्थ्य संस्थामा स्तनपान कक्ष स्थापना | ३००००० | ४ | २८८००० | ९६ | १०० |
| २८ | नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपना, एफ. आई.पी.भी. खोप अभियान, खोपबाट वचाउन सकिने रोगहरुको निगरानी, नमुना संकलन तथा ब्यबस्थापन, सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा र सुक्ष्मयोजना अद्यावधिकको लागि १ दिने गोष्ठी, पूर्ण खोप वडा, पालिका सु | ३७१००० | १ | ३६४००० | ९८ | १०० |
| २९ | स्वास्थ्य क्षेत्रको वार्षिक प्रगति प्रतिवेदन तयारी तथा स्वास्थ्य डायरी छपाई | २००००० | १ | १९६००० | ९८ | १०० |
| ३० | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ५२८०००० | २०१ | ५२८०००० | १०० | १०० |
| ४० | बिश्व रक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | ४५००० | २ | ४२००० | ९३ | १०० |
| ४१ | स्वास्थ्य क्षेत्रको सामाजिक परिक्षण | ४००००० | १८ | ३९८००० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२ | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) | ३४०००० | २० | २७२००० | ८० | ८० |
| ४३ | तथ्यमा आधारित कार्यक्रम व्यवस्थापनको लागि स्वास्थ्य क्षेत्रको नगरस्तरीय वार्षिक कार्ययोजना निर्माण | १५०००० | १ | १२९००० | ८६ | १०० |
| ४४ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | १७०००० | १६ | १६००० | ९ | २० |
| ४५ | विद्यालय नर्सहरुसंग त्रैमासिक समिक्षा | २००००० | ४ | ६७००० | ३४ | १०० |
| ४६ | जुनोटिक रोगहरु, AMR सम्बन्धी पैरवी तथा अभिमुखिकरण, AMR Day, Rabies Day | १६००० | १ | ० | ० | |
| ४७ | स्वास्थ्य संस्थामा स्वास्थ्यजन्य फोहर व्यवस्थापन | ३००००० | १ | २९८००० | ९९ | १०० |
| ४८ | पोषण विशेष कार्यक्रम | ८७७००० | १२ | ६७२००० | ७७ | १०० |
| ४९ | अपांगता भएका व्यक्तिहरुको लागि कृतिम हात खुट्टाको आवश्यकता पहिचान, विशेषज्ञबाट नापजाँच एवं तालिम सहितको ह्विलचेयर, पोस्थेटिक्स-अर्थोटिक्स सेवा प्रदान | ८००००० | १ | ७२७००० | ९१ | १०० |
| | **जम्मा** | ६५२७४००० | | ६०६७४५६८ | ९३ | |

## ५.कार्यक्रमका उपलब्धि तथा सवल पक्षहरु

- गर्भवती महिला पाठेघर सम्बन्धि क्याम्प संञ्चालन गरीएको ।
- सम्पूर्ण वडाहरुमा खोप ढुवानी र खोप लगाउने व्यवस्था मिलाईएको ।
- निजि स्वास्थ्य संस्थाहरुलाई तालिम दिई मासिक रिपोर्ट संकलन गर्ने व्यवस्था मिलाईएको ।
- आर्योवेदिक क्याम्प संञ्चालन गरीएको ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई भिटामिन ए कार्यक्रममा भत्ता थप गरीएको ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई पोशाक भत्तामा थप गरीएको ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा स्टेशनरी, मसलन्द सामान वितरण गरीएको ।
- क्षयरोगका विरामीहरुको अनुगमन प्रतिवेदन व्यवस्थित गरीएको ।
- सम्पूर्ण स्वास्थ्य संस्थामा निशुल्क सेवा संञ्चालनका लागी अनुदान दिइएको ।
- प्रत्येक स्वास्थ्य संस्थाको मासीक प्रगति प्रतिवेदन संकलन एवम् समिक्षा गरीएको ।
- गर्भवति महिलालाई प्रेशण वापत एम्बुलेन्स खर्च प्रदान गरी प्रदेश अस्पताल कालागाउमा ९ जना लाई सुरक्षित प्रसुति हुने व्यवस्था मिलाईएको ।
- वर्थिङ सेन्टरमा आवश्यक उपकरण, औषधि व्यवस्था मिलाईएको ।
- सम्पूर्ण सरकारी आ.वि र मा.वि विद्यालयमा अध्यनरत छात्राहरुका लागी निःशुल्क सेनेटरी प्याड वितरण गर्ने व्यवस्था मिलाईएको ।
- बत्ति, पानी, टेलीफोन र इन्टरनेटको व्यवस्था मिलाईएको ।

- संघीय सरकारबाट प्राप्त रकममा ९० प्रतिसत कार्य सम्पन्न गरिएको छ ।

**(६) आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्दा भोगेको समस्याहरु**

- कार्यविधि निर्देशिका समयमा प्राप्त नभएका कारणले भोग्नु परेका समस्याहरु
- समयमा रकम निकासा प्राप्त नहूनू
- कार्यक्रम संञ्चालन रकम अभाव तथा भ्याक्सिन तथा औषधि उपचारमा कोष अभाव
- बिहानको समयमा भ्याक्सिन वितरण गर्नूपर्ने भएकाले समस्या
- नगरका धेरै स्थानमा खानेपानी अभाव
- शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई न्युन तलब
- वर्थिङ सेन्टरमा २४ घण्टा कार्यरत अनमीहरुलाई सेवा सूविधा नभएको

**(७) भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु**

१. नगरको नीति र शाखाको कार्यक्रमको विचमा थप सहकार्य गर्ने परम्परा बसाउने ।

२. शाखागत कर्मचारीहरुको न्यूनतम सेवा सुविधा उपलब्ध गराउनु पर्ने ।

३. कार्यविधि निर्देशिका समयमा प्राप्त नभएका कारणले भोग्नु परेका समस्याहरुको समयमा समधान खोज्नु पर्ने ।

४. शाखागत कार्यक्रमहरु संञ्चालन गर्न सरोकारवाला निकायबाट रकम उपलब्ध गराउनु पर्ने ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : अमृत ढकाल

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि. सुर्खेत

# अनुसूची ३ अनुसार
# पुनरावलोकन (बृहत सभामा प्रस्तुत गरिएको)

**१.विषयगत शाखाको नाम : नगर कृषि शाखा**

**२.ध्येय** (Mission) **:** नगर कृषि क्षेत्रमा समता र समानताको वातावरण सिर्जना गर्ने ।

**३.उद्देश्य** (Goal) (१) नगर कृषी पकेट क्षेत्रको विकास प्याकेज निर्माण गर्ने ।

१ नगरपालीका बाट कृषि कार्यक्रम संचालन **गर्ने** ।

२ अनुदानका कृषि कार्यक्रम जस्तै सिंचाईका समाग्री तथा प्लास्टीक टनेल र कृषि यन्त्रहरुको **वितरण गर्ने**

३ कृषि शाखा बाट कृषकलाई वितरण गर्नु पर्ने कृषि सामाग्री **वितरण गर्ने** ।

४ वडास्तरमा कृषि प्राबिधीक जनशक्तिको कमी भएकाले कृषकका समस्या समाधान **गर्ने** ।

**४.आ.ब २०८०/०८१ मा वीरेन्द्रनगर नगरपालिका नगर कृषी शाखा सुर्खेतद्धारा गरिएका मुख्य सेवाहरु तथा कार्यक्रमका उपलब्धिहरु**

| क स | स्विकृत आयोजना तथा कार्यक्रमको नाम | बजेट | लक्ष्य | वितिय | भौतिक | लाभासंख्या |
|---|---|---|---|---|---|---|
| १ | खाद्यान्न बिउ प्रबर्दन | ५०,००० | २ | १०० | १०० | ४० |
| २ | आकश्मिक बाली संरक्षण सेवा प्रदान | १,५०,०००/ | १ | १०० | १०० | ११२ |
| ३ | मौसमी तरकारीको बिउबिजन र टनेलका लागी प्लास्टिक अनुदानमा वितरण | १,५०,०००/- | १ | १०० | १०० | २१४ |
| ४ | स्थानिय स्तरमा उत्पादकले उत्पादन गरेको जैविक मल तथा विषादि वा जैविक मल तथा विषादि खरिद गरी अन्य प्राङगारीक खेती आई पि एम खेती अबलम्बन गरिरहेका कृषकलाई वितरण | २,००,०००/- | १ | १०० | १०० | १३३ |
| ५ | कन्य तथा गोब्रे च्याउ खेतिका लागी आवश्यक बिउ टनेल तथा संरचना निर्माणमा अनुदान | २,७०,००० | १ | ४४ | ४४ | ७३ |
| ६ | अनुगमन मुल्याङ्कन तथा शाखागत बैठक | १,००,००० | १ | ९५% | ९५% | |
| ७ | सामाग्री ढुवानी | १,००,०००/- | १ | ७०% | ७०% | |
| ८ | आलु बिउ तथा आलु बिउ ढुवानीमा अनुदान | २,००,००० | २ | ५०% | ५०% | ११४ |
| ९ | बेमौसमा तरकारी उत्पादनका लागी माग बमोजिम कच्चि तथा पक्कि टनेल निर्माणमा कम्तिमा ५०% अनुदान उपलब्ध | ४,००,०००/- | १३ | ६०% | ८०% | ६ |
| १० | कौशि खेती का लागी आवश्यक सामाग्री अनुदानमा वितरण | १,००,०००/- | १ | १०० % | १००% | २० |
| ११ | पोखरी निर्माण पाईप पम्पसेट तथा मोटर वितरण | ४,५०,०००/- | १ | १०० % | १००% | ५८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | बालि बिमाको लागी कृषकलाई सचेतना तालिम | ३०,०००/- | १ | १०० % | १००% | २६ |
| १३ | कौशि खेती प्रबिधी सम्बन्धी तालिम | ५०,०००/- | १ | १०० % | १००% | २० |
| १४ | कृषि सहकारी वा अन्य संघ संस्था संग समोन्वय गरी कृषि तथ्याङ्क व्यवस्थापन | २,००,००० | १ | SAHAS NEPAL सँग सहकार्य गरि डिजिटल तथ्याँक व्यवस्थापन गरि कृषि प्रोफाईल तयारी को क्रममा | | |
| १५ | ऐन,नियमावली, कार्यविधी, मापदण्ड तथा निर्देशिका निर्माण | ५०,००० | | ० % | १ ऐन संसोधन, १ मापदण्ड र २ कार्यविधी तयार | |
| १६ | कार्यक्रमको प्रचार प्रसार शाखाको प्रोफईल बुक्लेट पम्पलेट छपाई तथा कृषकलाई जोखिम न्यूनिकरणका लागि अग्रिम सूचना प्रदान | ५०,००० | १ | ५०% | सुचनाहरु एफ.एम रेडियो बाट प्रसारण गरिएको | |
| १७ | वडा स्तरमा माटो शिविर सञ्चालन | ५०,०००/- | १ | ० | एकिकृत कृषि प्रयोगशाला संगको साझेदारीमा सञ्चालन गरिएको | |
| १८ | हिउदे मकै प्रवर्द्धन कार्यक्रम | १,००,०००/- | १ | १०० | १०० | |
| १९ | हाट बजार तथा संकलन केन्द्र तथा रस्टिक स्टोर स्थापना | ३,००,०००/- | १ | १८९ | आ.व २०८१ /०८२ मा सञ्चालन हुने गरि क्रमागतमा राखिएको | |

प्रदेश सरकार तर्फका कार्यक्रमहरु:

| क्र स | स्विकृत आयोजना तथा कार्यक्रमको नाम | बजेट | लक्ष्य | वितिय प्रगती प्रतिशत | भौतिक प्रगती प्रतिशत | लाभाम्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | घरधुरी |
| १ | खाध्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम | २,००,००० | १ | १००% | १००% | ६६६ |
| २ | बाली कटानी कार्यक्रम | २०,००० | १ | | | |
| | **जम्मा** | २,२०,००० | | ९०% | | |

## संघिय सरकार तर्फका कार्यक्रमहरुः

| क्र स | स्विकृत आयोजना तथा कार्यक्रमको नाम | बजेट | लक्ष्य | वितिय प्रगती प्रतिशत | भौतिक प्रगती प्रतिशत | लाभाम्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | घरधुरी |
| १ | मकै बाली प्रवर्द्धन कार्यक्रम | ९,७५,००० | १४ | ६२.०५% | ६०% | ११०० |
| २ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ५,००,००० | ८ | १० % | १२.५% | |
| ३ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | १०,००,००० | १ | १००% | १०० % | २०४ |
| ४ | साना सिचाई प्रवर्द्धन कार्यक्रम | ८,००,००० | १ | १००% | १०० % | ६८ |
| ५ | किसान सुचिकरण कार्यक्रम | २,४९,००० | १ | १००% | १०० % | ४७५१ |
| ६ | कृषि पशुपन्छि तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम | १,००,००० | १ | १००% | १०० % | २४० |

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको कार्यक्रम

| क्र स | स्विकृत आयोजना तथा कार्यक्रमको नाम | बजेट | लक्ष्य | वितिय प्रगती प्रतिशत | भौतिक प्रगती प्रतिशत | लाभाम्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | घरधुरी |
| १ | आ.व २०७९/०८० मा स्थापना भएको च्याउ पकेट विकास कार्यक्रम को निरन्तरता | ६,०२,००० | १ | गत आर्थिक वर्षमा छनौट भएर सम्झौता नभएको | | |
| २ | आ.व २०७९/०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रम को निरन्तरता | ४,९८,०००/- | १ | १००% | १०० % | ३० |
| | **जम्मा** | **११,००,०००/-** | | | | |

## GIZ/GRAPE परियोजना

| क्र | स्विकृत आयोजना तथा | बजेट | लक्ष्य | वितिय | भौतिक प्रगती | लाभाम्वित संख्या |
|---|---|---|---|---|---|---|

| स | कार्यक्रमको नाम | | | प्रगती प्रतिशत | प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | | घरधुरी |
| १ | रस्टिक स्टोर निर्माण | १७,२०,०००/- | १ | | १००% | वडा नं १६ का २ गोटा कृषक समुह |
| २ | मुहान संरक्षण | १३,८०,०००/- | | | | |
| ३ | सिँचाई कुलो | ७०,००,०००/- | ५ | ४०% | ४० % | वडा नं ९ र १० |

**(५) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरु**

१ नगरपालीका बाट कृषि कार्यक्रम संचालनका लागी प्रयाप्त बजेट नछुट्याउनु।

२ अनुदानका कृषि कार्यक्रम जस्तै सिंचाईका समाग्री तथा प्लास्टीक टनेल र कृषि यन्त्रहरुको बढी माग हुनु

३ कृषि शाखाबाट कृषकलाई वितरण गर्नु पर्ने कृषि सामाग्री खरिद गरी ल्याई सकेपछी सामाग्री राख्नका लागी भण्डारण कोठा नहुदा धैरै असजीलो भएको ।

४ वडास्तरमा कृषि प्राबिधीक जनशक्तिको कमी भएकाले कृषकका समस्या समाधान गर्न असहज

५ कृषि कार्यक्रम संचालनका लागी यस नगरपालीका बाट कृषि कार्यक्रम संचालन कार्यविधी तयार तथा स्विकृत नहुनु ।

६ कार्यलयबाट कृषि शाखा तथा कृषि कार्यक्रम प्रती प्रथामीकतामा नपरेको महसुस ।
(कर्मचारी , फर्निचर , कोठा तथा शाखा व्यवस्थापन )

७ नगर कृषि विकास शाखाको स्पस्ट काम कर्तव्य र अधिकार नहुदा कृषि संग सम्बन्धित काम गर्ने जिल्ला वा प्रदेशका अन्य कार्यलयबाट आउने केही अनुरोधहरुमा काम गर्न असहज भएको महसुस (जस्तै सीफारीस दिन, नविकरण गर्न, दर्ता गर्न)

**नगरपालीकाका कृषकहरुको समस्या**

१ सिंचाईको अभाव

२ जलबायु परीवर्तका कारण कृषकलाई प्लास्टिक टनेलको आवश्यकता ।

३ कृषि कार्य गर्दा चाहीएको प्राबिधीक सल्लाह नपाउनु ।

४ विषयगत तालीमको अभाव

५ पर्याप्त अनुदानको कमी

६ छाडा पशुले कृषकलाई धैरै नोक्सान पुर्याएका ।

**समाधानका प्रयासहरुः**

१ पर्याप्त बजेट व्यस्थापनका लागी कृषकका मुख्य मागमा आधारीत कार्यक्रमहरु बजेट सहीत कृषि शाखाको माध्यम बाट आगामी नगर सभामा पेश गर्ने तयारी ।

२ कृषि शाखाका समस्याहरु समाधानका लागी कृषि क्षेत्र विकास कार्यक्रम संग पनी समोन्वय गरीरहेको ।

३ कृषि कार्यक्रम संचालन कार्यविधी कृषि शाखाले तयारी गरीरहेको ।

४ वडा स्तरमा कृषि प्राबिधीक व्यवस्थापनका लागी कृषि तथ पशुपंछी मन्त्रालयले एक गाउ एक प्राबिधीक कार्यक्रमबाट व्यवस्था गरेको १ जना कृषि प्राबीधीकलाई नियमीत गराईदिन माग पेश गरेको ।

(६) **भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु**

१ कृषका मागमा आधारीत कार्यक्रमलाई प्राथामीकता दिनुपर्ने ।

२ साना सिंचाई कार्यक्रम संचालनका लागी कृषि तथा पशुपंछी विकास मन्त्रालयको सशर्तको बजेटमा यस कार्यलयबाट थप बजेटको संग्लनता गराई कार्यक्रम संचालन गर्नुपर्ने ।

३ कृषि आधुनिकीकरण तथा यान्त्रिकरणका लागी (प्लास्टिक टनेल,सिंचाई सामाग्री, मिनी टिलर , पावर टेलर ,बाली पकेट क्षेत्र) पुर्ण निर्माणमा तथा मलखाद, बिउ, बिरुवा वितरण कार्यको सम्पुर्ण खर्चमा कम्तीमा ५० % अनुदानको व्यवस्था गर्नु पर्ने ।

४ व्यवसायीक कृषकलाई बालीका व्यवसायीक क्षेत्रममा भ्रमण गराउनु पर्ने ।

५ कार्यक्रम लक्षित वर्ग समुदाय केन्द्रित हुनुपर्ने ।

६ बिषेश बाली पकेट निर्धारण गर्ने |

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : अमृत ढकाल

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि. सुर्खेत

# अनुसूची ३ अनुसार
# पुनरावलोकन (बृहत सभामा प्रस्तुत गरिएको)

## १. संस्थाको नाम र कार्यक्षेत्र : समाज जागरण केन्द्र (स्याक) नेपाल वीरेन्द्रनगर सुर्खेत

**"सराप्नुभन्दा एउटा बत्तीबाल्नु बेश"** भन्ने भनाईलाई आत्मसाथ गरेर वि.स. २०५२ सालमा स्थापना गरिएको सस्था आज ३१ औं बर्षमा प्रबेश गरेको छ भने ३० औं वर्षको समिक्षा समेत गरिएको छ । आ.ब. २०८०/०८१ मा परिचालन भएको रकम रु.१८ करोड ७० लाख ९७ हजार १ सय ६५ पैसा २२ वीरेन्द्रनगरमा रु.७८ लाख सहकार्य गरिएको देखिन्छ ।

## २. समाज जागरण केन्द्र (स्याक) नेपाल वीरेन्द्रनगर सुर्खेतको परिकल्पना

### २.१. दूरदृष्टि (Vision)

महिला बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय जीवनका लागि सक्षम र समृद्ध समाज ।

**गुणस्तरीय जीवन :** अधिकारको सुनिश्चितता सहित आत्मनिर्भर भई बाँच्न सक्ने जीवन भन्ने बुझिने छ ।

**सक्षम :** परिस्थिति अनुकुल आफू परिवर्तन भई समाजमा स्थापित हुन सक्ने अवस्था भन्ने बुझिने छ ।

**समृद्ध :** सामाजिक,आर्थिक तथा राजनीतिक रुपमा पूर्णता पाएको भन्ने बुझिने छ ।

### २.२. दूरगामी ध्येय र लक्ष्य (Mission) :

महिला बालबालिका र किशोरकिशोरीहरुको सामाजिक,आर्थिक र राजनैतिक हकअधिकार सुनिश्चित गर्नका लागि स्याक नेपाल प्रतिबद्ध रहने छ ।

**२.३.मुख्य विषयगत क्षेत्रहरु :** स्वास्थ्य,शिक्षा,जिविको पार्जन र संरक्षण ।

### २.३. रणनीतिक लक्ष्य (Strategic Goal) :

**रणनीतिक लक्ष्य १ :** ३० वटा वडाहरुलाई पूर्ण सरसफाई वडाका रुपमा घोषणा गरिने छ ।

**रणनीतिक लक्ष्य २ :** १८ वटा वडाहरुलाई पोषणयुक्त वडाका रुपमा घोषणा गरिने छ ।

**रणनीतिक लक्ष्य ३ :** १० वटा स्वास्थ्य सस्थाहरुलाई पूर्णखोप र पूर्ण सस्थागत सुत्केरी सेवा प्रदायक सस्थाका रुपमा घोषणा गरिने छ ।

**रणनीतिक लक्ष्य ४ :** २०० वटा विद्यालयका विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने छन् र उनीहरुको सिकाई उपलब्धीमा ब्यापक सुधार हुनेछ ।

**रणनीतिक लक्ष्य ५ :** ६०० जना युवाहरुले आफ्नो जीवन योजनाको लक्ष्य प्राप्त गर्ने छन् ।

**रणनीतिक लक्ष्य ६ :** महिला र किशोरकिशोरीहरुको नेतृत्वमा २० वटा समुदायलाई नमुना समुदायको रुपमा स्थापना र विकास गरिने छ ।

**रणनीतिक लक्ष्य ७ :** आयआर्जन र जिविको पार्जनको विभिन्न क्रियाकलापबाट ५०० परिवारले वार्षिक रु. ३ लाख भन्दा बढी आम्दानी गरेका हुने छन् ।

**रणनीतिक लक्ष्य ८ :** कर्णाली प्रदेशमा रहेको ५२ प्रतिसत बालवीवाहको दर ४० प्रतिसतमा झरेको हुनेछ ।

**रणनीतिक लक्ष्य ९ :** पालिका तथा प्रदेश स्तरमा रहेका सेवा प्रदायक सस्थाहरुबाट लेङ्गिक उत्तरदायी,सामाजिक समावेशीकरण तथा विशेष संरक्षण आबस्यक भएका १ हजार भन्दा बढी ब्यक्तिहरुले फाईदा प्राप्त गरेका हुने छन् ।

**रणनीतिक लक्ष्य १० :** विपद जोखिम ब्यबस्थापन र जलवायु परिवर्तनले पारेको प्रभाबलाई सामना गर्न सक्ने क्षमता १ सय समुदायको क्षमता विकास भएको हुनेछ ।

## ३. मूख्य क्षेत्रगत उद्देश्यहरु :

३.१.सेवामूलक कार्यक्रम संचालन गर्ने ।

- विपद् जोखिम व्यबस्थापन
- प्राथमिक उपचार

३.२.स्वास्थ्य सेवामूलक कार्यक्रम संचालन गर्ने ।

- एच.आई.भी.र एडस रोकथाम हेरचाह तथा सहयोग कार्यक्रम

३.३.सामुदायिक विकास सेवामूलक कार्यक्रम संचालन गर्ने ।

- आधारभुत स्वास्थ्य र सरसफाई कार्यक्रम
- द्वन्द्वकालमा सन्चालित मानवीय सहायता कार्यक्रम
- संगठन तथा जनशक्ति विकास कार्यक्रम संचालन गर्ने ।
- प्रचार प्रसार तथा प्रकाशन
- महिला विकास कार्यक्रम सञ्चालन गर्ने

## ४. आ.ब. २०८०/०८१ मा संचालित योजना तथा कार्यक्रमहरुको विवरण

- खाने पानी तथा सरसफाई कार्यक्रम
- राहत सामागृि वितरण कार्यक्रम
- शहरी विपद् जोखिम व्यवस्थापन परियोजना कार्यक्रम
- विपद् पूर्वतयारी बाढी पूर्व सूचना प्रणाली सबलीकरण परियोजना
- आकस्मिक प्रतिकार्यका लागि पूर्वतयारी कार्यक्रम

## ५. सरोकारवाला पक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु

- आर्थिक सहयोग  विपदबाट प्रभावित महिला तथा बालबालिकाको लागि ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| **सामाजिक जिम्मेवारी क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| **रणनीतिक लक्ष्य १ :** ३० वटा वडाहरुलाई पूर्ण सरसफाई वडाका रुपमा घोषणा गरिने छ । | **थप कार्य समेत भएको छ ।** |
| **रणनीतिक लक्ष्य २ :** १८ वटा वडाहरुलाई पोषणयुक्त वडाका रुपमा घोषणा गरिने छ । | **कार्य भएको छ ।** |
| **रणनीतिक लक्ष्य ३ :** १० वटा स्वास्थ्य सस्थाहरुलाई पूर्णखोप र पूर्ण सस्थागत सुत्केरी सेवा प्रदायक सस्थाका रुपमा घोषणा गरिने छ । | **कार्य भएको छ ।** |
| **रणनीतिक लक्ष्य ४ :** २०० वटा विद्यालयका विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने छन् र उनीहरुको सिकाई | **१६८ कार्य भएको छ ।** |
| **रणनीतिक लक्ष्य ५ :** ६०० जना युवाहरुले आफ्नो जीवन योजनाको लक्ष्य प्राप्त गर्ने छन् । | **१६० कार्य भएको छ ।** |
| **रणनीतिक लक्ष्य ६ :** महिला र किशोरकिशोरीहरुको नेतृत्वमा २० वटा समुदायलाई नमुना समुदायको रुपमा स्थापना र विकास गरिने छ । | **७ नमुना गाउँमा निरन्तरता ।** |
| **रणनीतिक लक्ष्य ७ :** आयआर्जन र जिविकोपार्जनको विभिन्न क्रियाकलापबाट ५०० | **१२१ कार्य समेत भएको छ ।** |

| | |
|---|---|
| परिवारले वार्षिक रु. ३ लाख भन्दा बढी आम्दानी गरेका हुने छन् । | |
| **रणनीतिक लक्ष्य ८ :** कर्णाली प्रदेशमा रहेको ५२ प्रतिसत बालवीवाहको दर ४० प्रतिसतमा झरेको हुनेछ । | **३९.४५ कार्य समेत भएको छ ।** |
| **रणनीतिक लक्ष्य ९ :** पालिका तथा प्रदेश स्तरमा रहेका सेवा प्रदायक सस्थाहरुबाट लेङ्गिक उत्तरदायी,सामाजिक समावेशीकरण तथा विशेष संरक्षण आबस्यक भएका १ हजार भन्दा बढी ब्यक्तिहरुले फाईदा प्राप्त गरेका हुने छन् । | **६३९ कार्य समेत भएको छ ।** |
| **रणनीतिक लक्ष्य १० :** विपद जोखिम ब्यबस्थापन र जलवायु परिवर्तनले पारेको प्रभावलाई सामना गर्न सक्ने क्षमता १ सय समुदायको क्षमता विकास भएको हुनेछ । | **कार्यक्रम भएको छ ।** |

**आ.ब. २०८०/०८१ मा १७ कार्यक्रम गरिएको छ । यसमा सबै समाबेश नगरेर ३ पालिकाको मात्र समाबेश गरिएको छ ।**

| **क्र.स.** | **कार्यक्रमको नाम** | **साझेदार सस्था** | **कार्यक्षेत्र** | **लाभान्वित जनसंख्या** | | |
|---|---|---|---|---|---|---|
| | | | | **महिला** | **पुरुष** | **जम्मा** |
| ०१ | किशोरकिशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम (ARH) | केएर नेपाल | लेकबेशी पञ्चपुरी भेरीगंगा गुर्भाकोट | ५३०९ | २४१४ | ७७२३ |
| ०२ | युवाका लागि लैङ्गिक संवेदनशील विश्व | समुन्नत नेपाल | वीरेन्द्रनगर र भेरीगैगा नगरपालिका | ११५४ | १०९९ | २२५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नागरिक तथा जीवनोपयागि सीपविकास कार्यक्रम (GCED) | | सुर्खेत | | | |
| ०३ | नेपालमा सुचारुपना अभिबृद्धिका लागि अनुगमन तथा मर्मतसंभार प्रणालीमा सुधार (हेलो धारा) (Hello Dhara) | हेल्भेटास | लेकबेशी | ३६ | १०० | १३६ |
| ०४ | एकिकृत जलश्रोत व्यबस्थापन कार्यक्रम (IWRMP) | हेल्भेटास | लेकबेशी र गुर्भाकोट नगरपालिका चिङ्गाडर सिम्ता गाउँपालिका सुर्खेत र कालिमाटी गाउँपालिका सल्यान | ६१३१ | ५६१३ | ११७४४ |
| ०५ | किशोरकिशोरी तथा युवाका लागि पावर कार्यक्रम (Power4ay) | सेभ द चिल्ड्रेन | वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिका सुर्खेत | ७७३ | ४३२ | १२०५ |
| १७ | | जम्मा लाभान्वित जनसंख्या | | | | ७३००९ |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरु**

१. योजना संचालनमा नीतिगत समस्याहरु

## ८ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरुको समधानको लागि चालेका कदमहरु

- समयमा कार्यक्रम सम्पन्न गर्नमा नीतिगत समस्या तर समयमा कार्य सम्पन्न गर्नको लागि सस्थागत प्रयास उपलब्ध भएका ।
- आ.ब २०८०/०८१ मा दश रणनीतिक लक्ष्यहरु राखिएकोमा सवै पुरागर्ने प्रयास भएको तर स्थानीय स्तरका समस्यासँग रोमलिनु परेको ।
- सामाजिक विकास मन्त्रालय,समाज जागरण केन्द्र(स्याक) नेपालको र स्थानीय तहको विचमा रणनीतिक सहकार्य देखिन्छ तर समिक्षामा देखिएको छैन ।
- विभिन्न परियोजना र संघ सस्थाहरुसंग समन्वय गरेर काम गरिएको तर सोचे अनुसार कार्य गर्न नसकिएको अबस्था छ ।
- सम्बन्धि स्वास्थ्य मापदण्ड सहित गर्न सकिने गतिविधिको रणनीतिक योजना बनाई कार्यान्वयन गरिएको जस्तो देखिन्छ तर समिक्षाले सम्बन्ध देखाउन सकेको छैन ।
- आ.ब.२०८०/०८१ मा समाज जागरण केन्द्र (स्याक) नेपाल र वीरेन्द्रनगर नगरपालिकाको विचमा सहकार्य गर्ने जम्मा रु.७८ लाख बजेट विनियोजना तर समिक्षा भएको देखिन्छ ।

## ९. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

- परिवर्तनका सिद्धान्तलाई सोसाईटीको बीचमा समन्वय सहकार्य सम्बन्ध देखाउदा राम्रो हुन्छ । प्रतिवेदनमा उल्लेख भएका बुँदाहरु परिवर्तनका सिद्धान्त नभएर प्रक्रिया जस्तो देखिन्छ ।
- नगरपालिकाले प्रकाशन गर्ने नीति तथा कार्यक्रममा राखेका कार्यक्रमहरु नगरपालिकाको समिक्षामा पनि संलग्न हुँदा थप प्रभाबकारी हुन्छ ।
- नगरमा कार्यरत विभिन्न सरकारी एवं गैर सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने ।
- कार्यक्रममा दोहोरोपन हटाउन र नगरको सामानुपातिक सामाजिक विकासमा भुमिका खेल्नु पर्ने ।
- योजनाका अन्य गतिविधिहरु संचालन संगसंगै अन्तमा कति प्राबकारी भयो भन्ने विषयमा समिक्षा गर्दा कार्यक्रम सञ्चालमा सहजता आउन सक्छ यस्ता विषयलाई पनि प्राथामिकतामा राख्नुपर्ने ।
- गत आ.ब. र चालु आ.ब को विचमा के कस्तो सम्बन्ध छ भन्ने विषयमा पनि समिक्षा गर्दा काम गर्ने कर्मचारी तथा स्वयंसेवकहरुलाई हौसला हुन सक्छ ।
- सहकार्य गर्ने पालिकाको समिक्षामा उपस्थित भएर कार्यक्रमको समिक्षा गर्ने र भोगेका समस्याहरुमा सहकार्य गर्ने ।

- योजनाको लक्ष्य,उद्धेश्य,रणनीति बजेट कार्यनीति प्रष्टरुपमा लेख्ने जसले समिक्षामा सहजता ल्याउने हुन्छ ।

१०. नगरपालिकासंगको अपेक्षा

- नगरपालिकाले प्रकाशन गर्ने नीति नीयम समयमा भएको खण्डमा कार्यक्रममा थप प्रभावकारी हुन्छ ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत

२. सामाजिक परीक्षकको नाम : अमृत ढकाल

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि. सुर्खेत

# अनुसूची १ सामाजिक परीक्षणको लागि पत्रचार

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:- २०८१/०८२
चलानी नम्बर:- १६५२

मिति :- २०८१/०७/२७
११४५ कछलाथ्व एकादशी मंगलबार

विषय :- सामाजिक परिक्षण कार्यक्रममा उपस्थिती सम्बन्धमा।

श्री वडा अध्यक्ष तथा कार्यपालिका सदस्य ज्यूहरु, बी.न.न.पा. कार्यालय , सुर्खेत।
श्री शाखा प्रमुख तथा उप शाखा प्रमुख ज्यूहरु सबै , बी.न.न.पा.कार्यालय, सुर्खेत।
श्री नेपाल रेडक्रस सोसाइटी शाखा , सुर्खेत ।
श्री सुर्खेत उघोग वाणिज्य संघ , सुर्खेत ।
श्री समाज जागरण केन्द्र, नेपाल ।
श्री अन्तरनिर्भर समाज, सुर्खेत ।
श्री आवाज संस्था बी.न.पा., सुर्खेत ।
श्री अपाङ्ग शसक्तीकरण, वीरेन्द्रनगर सुर्खेत ।

प्रस्तुत विषयमा यस नगरपालिकाबाट गत आ.व. २०८०/०८१ मा गरेका विभिन्न गतिविधिको सामाजिक परिक्षण देहायको मिति, समय र स्थानमा हुने भएकाले यस कार्यक्रममा यहाको उपस्थितिका लागि अनुरोध छ ।

मिति :- २०८१/०८/०२
समय :- दिउसो १:३० बजे
स्थान :- बी. न .न. पा. को बैठक कक्ष, बीरेन्द्रनगर सुर्खेत ।

प्रकाश पौडेल
(अधिकृत आठौं)

बोधार्थ तथा अवगदार्थ :
श्री प्रमुख / उप- प्रमुख ज्यू .
श्री प्रमुख प्रशानसकीय अधिकृत ज्यू,
श्री सूचना प्रविधि शाखा:- सम्बन्धितलाई संचार प्रवाह गरिदिनुहुन ।
श्री सकृय परामर्श सेवा :- आवश्यक तयारी तथा संयोजन गर्नहुन ।

Scanned with CamScanner

## अनुसुचि २

कार्यक्रमको उपस्थितिहरु

आज मिति २०८१ मंसिर २ गतेका दिन यस नगरपालिका बाट गत आ.व. २०८०/८१ मा भएका कामको सामाजिक परिक्षण कार्यक्रम नगरपालिका प्रमुख श्री मोहनमाया ढकाल ज्यूको अध्यक्षतामा देहायका उपस्थितिमा सम्पन्न गरियो:

उपस्थिति

१. श्री मोहनमाया ढकाल, न.पा. प्रमुख
२. श्री तिलकराज विष्ट, उप-प्रमुख
३. श्री लक्ष्मी प्रसाद बास्कोटा, प्र.प्र.अ.
४. श्री धिरेन्द्र प्रसाद शर्मा, उपसचिव (पिडो)
५. श्री दिनेश खत्री - १ नं. वडा अध्यक्ष
६. श्री गज ब. बुढा - २ नं. —"—
७. श्री विनोद सिंह विष्ट - ३ नं. —"—
८. श्री शेर ब. के.सी. - ४ नं. —"—
९. श्री लोक ब. शाही - ५ नं. —"—
१०. श्री जनक ब. रावल - ६ नं. —"—
११. श्री ध्रुव कुमार चपाई - ७ नं. —"—
१२. श्री टीकाराम शर्मा - ८ नं. —"—
१३. श्री कृष्ण गिरी - ९ नं. —"—
१४. श्री डिल ब. रस्वाल - १० —"—
१५. श्री खिमलाल देवकोटा - ११ नं. —"—
१६. श्री दिपेन्द्रराज कोइराला - १३ नं. —"—
१७. श्री देव ब. रोकाय - १४ नं. —"—
१८. श्री कृष्ण ब. थापा - १५ नं. —"—
१९. श्री कुण्ड ब. वि.क. - १६ नं. —"—
२०. श्री चुडामणि चपाई - १२ नं. वडा अध्यक्ष
२१. श्री नवराज गुरुङ - न.पा. सदस्य
२२. श्री टीका घले (गुरुङ) —"— —"— —"—
२३. श्री लक्ष्मी चौधरी —"— —"—
२४. श्री यमुना नेपाली —"— —"—
२५. श्री तृप्ती वि.क. —"— —"—
२६. श्री सरिता चौधरी —"— —"—

Scanned with CamScanner

CS Scanned with CamScanner

२६ श्री शम्भु गौतम - लेखा शाखा
श्री किशोर कँडेल - भवन तथा बस्ती विकास उप-शाखा
२९ श्री भुपेन्द्र देव गिरी स्वास्थ्य शाखा
३. श्री सरला रेग्मी - महिला बा. बा. तथा ज्ये. ना. शाखा
३१ श्री सबिना शर्मा वी. न. पा. कृ. वि. शा. सुर्खेत
३२ श्री बिनिता ढुंगाना सहायक पाचौं वी. न. न. पा. कार्यालय
३३ श्री चन्द्रा पौडेल वी. न. न. पा. कार्यालय
३४ श्री सुशिला अर्याल " " "
श्री धन बहादुर खत्री वी. न. न. पा. कार्यालय सुर्खेत
सपना गौतम - वडा सचिव ६ नं वडा कार्यालय सुर्खेत
हेमराज के. सी. कृषि विकास शाखा
रामलाल आचार्य शिक्षा युवा तथा खेलकुद शाखा
[illegible] कुमार तिवारी स्वास्थ्य (विकास शाखा)
[illegible] पोखरेल आर्थिक प्रशासन शाखा
दिपेन चुवेदी, शाखा प्रमुख (उद्योग, सहकारी)
पर्वत परियार - आवास खेल्पा (कर्मचारी)
मिना लामाछा - आवास खेल्पा " "
रिका चालिसे - आवास सेल्पा " "
पशुपति रिजाल आन्तरिक राजस्व अधिकारी
मोहनप्रसाद पाध्याल रोजगार संयोजक, स. नि. को विर्तवी
डिल बहादुर भण्डारी आई. टि. अ वि. न. पा.
पदम नेपाली (कृषि विकास शाखा)

निर्णय नं. १
आजको कार्यक्रममा सक्रिय परामर्श सेवाबाट पेश भएको यस नगरपालिकाको आ.व. २०८०/८१ को सामाजिक परीक्षणको मस्यौदा प्रतिवेदन मा प्राप्त सुझावहरू लाई समेटी अन्तिम प्रतिवेदन तयार गरी पेश गर्न परामर्शदातालाई निर्देशन गर्ने

## अनुसुचि ३ कार्यक्रमका तस्वीरहरु




**सामाजिक परीक्षणको बारेमा प्रकाश पार्दै बरिष्ठ अधिकृत प्रकास पौडेल ज्यू**



**आ.ब.२०८०/०८१ को सामाजिक परीक्षणका सहभागिहरु**



आ.ब. २०८०/०८१ को सामाजिक परीक्षणको छलफलमा
नगर प्रमुख,उपप्रमुख,प्रमुख प्रशासकीय अधिकृत,योजना शाखा प्रमुख,प्राविधिक कर्मचारी र सहभागिहरु




आ.ब. २०८०/०८१ को सामाजिक परीक्षणका जिज्ञसा सम्बोधन गर्दै
प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रशाद बास्कोटा ज्यू




आ.ब. २०८०/०८१ को सामाजिक परीक्षणका कार्यक्रममा
नगर प्रमुख मोहनमाया ढकाल(भण्डारी)र उपप्रमुख निलकण्ठ खनाल ज्यू



आ.ब. २०८०/०८१ को सामाजिक परीक्षण कार्यक्रममा
नगर प्रमुख मोहनमाया ढकाल(भण्डारी) ज्यूले सम्बोधन गर्दै

## अनुसूची ४ आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रमहरु

### क) राजश्व तथा वित्त व्यवस्थापन तर्फ

१. गत विगतका लागि स्वीकृत कर दस्तुरलाई आधार मानी बर्तमान अवस्थामा समयसापेक्ष वृद्धि गरी करदाता र करको दायरा विस्तारको नीति तथा करका दरहरुमा आवश्यकता र औचित्यताको आधारमा छुट एवम् सहुलियत दिने नीति लिइएको छ साथै आवश्यकता र औचित्यको आधारमा छुट एवंम सहुलियत दिने नीति दिईनेछ ।

२. कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिकाले उपमहानगर पालिकाको लागि आवश्यक पर्ने राजश्व संकलनको लक्ष्य लिइएको हुँदा सो पुरा गरी यस नगरपालिकालाई उपमहानगरपालिकाको रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माण गर्ने लक्ष्य पुरा गरिनेछ ।

३. नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सूची भित्र पर्ने सम्पत्ति कर, भूमीकर, घरजग्गा वहालकर, व्यापार व्यवसाय कर, जडीबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभुति हुने गरी कर संकलन कार्यलाई अभियानकै रूपमा अगाडि बढाइनेछ ।

४. नगरपालिका क्षेत्रभित्रका घरहरुको मापदण्ड तयार गरी न्युनतम कोठा तथा घर भाडा दर तोकी घरवहाल कर प्रचलित कानून अनुसार टोल विकास संस्थाहरुलाई समेत परिचालन गर्दै प्रत्येक वडा कार्यालयबाट कर संकलन गरिनेछ । यसरी संकलित रकमको २० प्रतिशत रकम वडा कार्यालयलाई आवश्यक पूर्वाधार सडक वत्ती, सरसफाई, विपद् व्यवस्थापन, अत्यावश्यक सार्वजनिक सेवा ब्यवस्थापन तथा राजस्व असुलीका कार्यक्रम टोल विकास संस्थाहरु मार्फत सचालन गर्न वडा समितिबाट बनाएको कार्यक्रमका लागि उपलब्ध गराइनेछ ।

५. ब्यापार ब्यवसाय कर संकलनलाई प्रभावकारी बनाउन हाल सम्म ब्यवसाय कर नवुझाएका ब्यवसायीलाई २०८० कार्तिक मसान्त भित्र बुझाएमा हाल सम्मको सवै जरिवाना र वक्यौता करको ५० प्रतिशत छुट दिदै कर असूली गरीने छ ।

६. महिला अपांङ्ग तथा अति विपन्न दलितद्वारा संचालित उद्यम तथा ब्यवसायको कुनै पनि कर तथा सेवा शुल्कमा १० प्रतिशत छुट दिइने छ ।

७. घरवहाल कर, व्यवसाय कर जस्ता महत्वपूर्ण अधिकार क्षेत्र भएको कर असुली दरमा प्रभावकारीता ल्याउन राजश्व संकलन सुधार कार्ययोजना अनुरुपका कार्यहरु गरिनेछ ।

८. कर संकलन कार्यलाई प्रविधिमैत्री बनाउदै नगर तथा वडामा कार्यरत कर्मचारीहरुलाई विभिन्न क्षमता विकास तथा प्रविधिमैत्री तालिमहरु सञ्चालन गरिनेछ ।

९. नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र वस्तु तथा सेवाहरु खरिद गरिनेछ ।

१०.सरकारको नाममा बाटो लगतकट्टा गर्ने (कित्ताकाट तथा खरिदविक्री बाहेक बाटो लगतकट्टाको लागि मात्र) सिफारिस निःशुल्क गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११.अपाङ्गमैत्री व्यक्तिगत भवन निर्माणको नक्शापास दस्तुरमा २५ प्रतिशत छुट दिने तथा घरको पानी आफ्नै घर परिसर व्यवस्थापन गर्ने घरधनीलाई समेत १० प्रतिशत नक्शापासमा छुट सहित सम्मानको नीति लिइनेछ ।

१२.अपाङ्ग/गरीव/असहाय/विपन्न/आर्थिक अवस्था कमजोर भएका उपचार सहुलियत, गरीव तथा जेहन्दार छात्रवृत्ति जस्ताको सिफारिस निःशुल्क गरिनेछ ।

१३.वित्तीय सुशासन तथा वेरुजु न्यूनीकरणका लागि वेरुजु सम्बन्धमा चौमासिक समिक्षा गर्दै वेरुजूलाई घटाउदै लगिने छ ।

१४.सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्रीवापत गर्ने आयको १० प्रतिशत पालिकामा वुझाउन लगाउंदै उल्लेखित आयबाट हरियालि प्रवर्द्धनका गतिविधि गर्न सामुदायिक वन उपभोक्ता समितिहरुसंग सहकार्य गरिनेछ ।

१५. नगरपालिकाले लिंदै आएको सम्पत्तिकरलाई बैज्ञानिक र वस्तुपरक वनाई प्रगतिशील करको मान्यतालाई आत्मसाथ गर्दै कर प्रणालीलाई प्रभावकारी वनाउंदै छुटेका सम्पत्तिहरुलाई समेत समावेश गरिनेछ ।

## ख. सार्वजनिक प्रशासन तथा सेवा प्रवाह

१६.निर्माणाधिन वीरेन्द्रनगर नगर कार्यपालिकाको प्रशासनिक भवनलाई सम्झौता अवधि भित्र पूर्णता प्रदान गर्दै सेवा प्रवाहलाई सहज र एकिकृत रुपमा सञ्चालनमा ल्याइनेछ ।

१७.आफ्नै भवन नभएका वडा कार्यालयका भवन निर्माण कार्यलाई प्राथमिकताका दिदै चालू आ.व भित्रै सवै वडा कार्यालयले आफ्नै कार्यालयबाट सेवा प्रवाहको सूनिश्चित गरिनेछ । प्रत्येक वडा कार्यालयहरुमा गुनासो सुनुवाई र सम्वोधनको संयन्त्र खडा गरिनेछ । सो का लागि नगर कार्यपालिकाको कार्यालयबाट टोल फ्री नम्बर स्थापना गरी गुनासो सुन्ने र सम्बोधन गर्ने कार्यको थालनी गरी क्रमशः नगरपालिका अन्तर्गतका सबै वडाहरुमा विस्तार गरिनेछ ।

१८.एकिकृत डिजीटल सेवा प्रवाह प्रणाली लागु गरी नागरीकले घरै बाट सेवा लिन सक्ने प्रणालीको सुरुवात गरी सूचना प्रबिधीको प्रयोग मार्फत नगरपालिका कार्यलय एवंम वडा कार्यालय बाट प्रदान गरीने सेवा लाई छिटो छरितो र पारदर्शि बनाउँदै शिघ्र सेवा तिब्र बिकासको मान्यतालाई आत्मसाथ गरिनेछ ।

१९.सेवा ग्राही हाम्रा भगवान हुन भन्ने वाक्यलाई आत्मासाथ गर्दै नगरपालिका भित्रका नागरीकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्न र सोको सम्बोधन गर्न हेलो मेयर के गर्दै भन्ने कार्यक्रम सञ्चालन गरी नगरपालिकामा टोल फ्री नम्बर सञ्चालन गर्ने छ भने अनलाईन माध्यमबाट गुनासो व्यवस्थापन प्रणाली citizen Governance Response एप्स तयार गरी लागु गरिनेछ ।

२०.नगरपालिका बाट प्रवाहहुने योजना, लेखा, नक्सा, राजस्व लगाएतका महत्वपूर्ण सबै सेवामा सफ्टवयर निर्माण गरी कागज विहिन प्रणाली बनाउन विधुतिय प्रणालीलाई अधिकतम जोड दिईनेछ ।

२१.समृद नेपाल सुखी नेपालीको रास्ट्रिय आकांक्षा प्राप्तिका लागी सहयोग पुर्याउन समृद वीरेन्द्रनगर सुखी वीरेन्द्रनगर बासी अवधारणा अनुसार नगरबासीको गुणस्तरिय जिवन प्राप्तीका लागी नगरपालिकाबाट दिईने सेवा सुविधालाई चुस्त दुरुस्त बनाई शुसाशन र पारदर्शितामा जोड दिईनेछ ।

२२.नगर प्रमुख संग प्रमुख प्रशासकिय अधिकृतले र प्रमुख प्रशासकिय अधिकृत संग शाखा प्रमुख र वडा सचिव र शाखा प्रमुख र वडा सचिवले आफू मातहतका कर्मचारीहरु संग कार्यसम्पादन सम्झौता गरी त्रैमासिक कार्यसम्पादन मुल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ ।

२३.नगरपालिका र सबै वडाहरुमा विधुतिय हाजिरी प्रणाली अनिवार्य रुपमा लागु गरी सेवा प्रवाह सुशासनलाई चुस्त दुरुस्त बनाईनेछ ।

२४.मेरो कार्यालय, मेरो जिम्मेवारी अभियान सञ्चालन गरी कार्यालय परिषर र कार्यकक्षको सरसफाइ, असल सिकाई आदान प्रदान मार्फत समृद्ध वीरेन्द्रनगरको सपना साकार बनाउन कर्मचारीहरुको पेसागत समर्पण, अन्बेषण र महत्वपूर्ण योगदान प्रस्फुटन हुने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२५.नगरपालिकामा कार्यरत अन्य सेवा तर्फका सवै कर्मचारीहरुको एकिकृत कर्मचारी व्यक्तिगत विवरण प्रणाली PIS स्थापना गरी कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त वनाउनका लागि कर्मचारी संकेत नम्बर कायम गरी सो का आधारमा व्यक्तिगत विवरण अध्यावधिक गरिनेछ । अध्यावधिक विवरणका आधारमा कर्मचारीलाई थप जिम्मेवारी वैज्ञानिक र वस्तुगत मापदण्डमा आधारित बनाईनेछ ।

२६.नगरपालिकामा कार्यरत सबै सेवा समूह तर्फका कर्मचारीहरुलाई आफनो पेशागत मर्यादा र आचरण प्रदर्शनको आधारमा दण्ड र पुरस्कारको नीति अख्तियार गरिनेछ ।सेवाग्राहीमैत्री सेवाप्रवाह विपरितका क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति लिईनेछ ।

२७.सबै किसिमका कर्मचारी क्षमता विकासका तालिम कार्यक्रममा एकद्वार नीति लिई प्रचलित कानून र मापदण्डमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ । तालिममा स्थानीय लगायत राष्ट्रिय र अन्तराष्ट्रिय विज्ञ सेवा लिदै प्रविधिमैत्री कर्मचारी प्रशासनको विकास गरिनेछ ।

२८.सबै शाखा तथा वडा कार्यालयबाट विघुतीय पत्राचारलाई लागु गर्दै क्रमश विघुतिय सुशासनको अवधारणा अनुसार कार्य अघि बढाइनेछ । कार्यालयका नियमित बैठक गोष्ठी तालिममा विशेषज्ञ सेवाको प्रयोग गर्न तथा भौगोलिक दुरी कम गर्दै लागत कटौती गर्नका लागि अनलाईन प्रणालीको क्रमश प्रयोगलाई बढाईनेछ ।

२९. हाम्रो नगर राम्रो नगर अभियान अन्तर्गत चौमासिक रुपमा नगरका गतिविधिहरु समावेश भएको बुलेटिन प्रकाशन, रेडीयो कार्यक्रम तथा टेलिभिजन कार्यक्रम उत्पादन गरी नागरीकको सूचनाको हकको प्रवर्द्धन गरिनेछ । साथै नगरपालिकाको आफ्नै अगग्लै युट्ब च्यानल मार्फत महत्वपुर्ण गतिविधिहरुको प्रसारण गरिनेछ ।नगरका गतिविधिहरु नियमित संचार माध्यमबाट प्रकाशन तथा प्रसारणको व्यवस्थापनका लागि संचार क्षेत्र सहकार्यका साथै लोककल्याणकारी सूचनाहरु स्थानीय संचारमाध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइनेछ ।

३०. नगरपालिकाको कार्यबोझको आधारमा कार्य विभाजन तथा कार्यसम्पादन नियमावली तयार गरी संगठन संरचनालाई व्यवस्थित गरिनेछ ।कर्मचारीलाई निश्चित सूचकका आधारमा कार्य विवरण सहितको कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन पक्षको मूल्यांकनका आधारमा पुरस्कार र दण्ड नीति अवलम्वन गर्दै कार्य प्रति जवाफदेही बनाइनेछ । कर्मचारी दरबन्दीका आधारमा नयाँ भर्ना, परामर्श सेवा खरिद लगायतको कार्यलाई व्यवस्थित गरिनेछ । प्रदेश लोक सेवा आयोगसँगको परामर्शमा स्थानीय सेवा ऐनको संशोधन गरी कर्मचारीको वृत्ति विकासलाई अघी बढाईनेछ ।

३१. कार्यालयमा सिकाई केन्द्रको संस्थागत विकास गरी सेवा प्रवाहमा नविनता सँगै जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न सूचना केन्द्र (लाईब्रेरी) स्थापना गरिनेछ ।

३२. कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका लागि तालिम, गोष्ठी, भ्रमणलाई उपलब्धीमुलक हुने गरी सेवा प्रवाहसँग आबद्ध गरिनेछ । साथै शाखागत, वडागत जिम्मेवारी बाँडफाँडलाई थप व्यवस्थित गरिनेछ । नगरका कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । टोल विकास संस्थाहरुलाई वडा तहको राजश्व संकलन अभियान तथा सरसफाई अभियानको राजश्व संकलनमा समेत संम्लग्न गराईनेछ ।

३३. नगरका विभिन्न बैठकहरु तथा कार्यक्रमहरुमा खर्च कटौतीको नीति अख्तियार गरी आर्थिक मितव्ययिता तथा खर्चमा एकरुपता ल्याई वैठक तथा कार्यक्रम सञ्चालन मापदण्डको सममायिक संशोधन गरी लागु गरिनेछ ।

३४. 34.बजार क्षेत्र लगायत नगरका प्रमुख स्थानहरुमा सिसिटिभी क्यामराको विस्तार तथा नियमित मर्मत सम्भार गर्नुका साथै क्यामराको विस्तारका लागि प्रदेश सरकारसँग समन्वय र नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।सवै वडामा छिटो छरितो शान्ति सुरक्षाको प्रत्याभूती नागरीकलाई गराउन सवै वडामा प्रहरीको नियमित उपस्थितिका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ ।

३५. सेवा प्रवाहमा सुधार ल्याउन नागरीक सहायता कक्षको व्यवस्था मिलाउने, सेवाग्राही विश्राम स्थल,शुद्ध पिउने पानी, गुनासो सुनुवाई संयन्त्र निर्माण सहित प्रविधिमैत्री सेवामा जोड दिईनेछ ।

३६. नगरपालिकामा १५ वर्ष स्थायी सेवा अवधि पुरा गरी स्वास्थ्य र आधुनिक प्रविधिसंगको अभ्यस्ता समस्याका कारण नियमित सेवा प्रवाह गर्न कठिनाई भोगिरहेका साविक स्थानीय तहका अन्य सेवाका कर्मचारीहरुलाई निजले चाहेमा ५ वर्षको सेवा अवधि थप गरी सेवाबाट निवृत्त हुन प्रोत्साहन गरिनेछ ।

३७. 37. साविक स्थानीय निकायमा करार नियूक्त भई हाल सम्म अविच्छिन्न १५ वर्ष भन्दा वढी करार सेवामा कार्यरत कर्मचारीहरुको योगदानको कदर हुने गरी नगद प्रोत्साहन सहितको अवकास योजनाका लागि कानून वनाई स्वैच्छिक विदाईको अवसर दिइनेछ ।करार सेवाका कर्मचारीहरुको सेवा अवधिलाई बर्गीकरण गर्दै सेवा सुबिधाको व्यवस्था गरी प्रोत्साहित गरिनेछ ।

३८. वडा नं १३ देखी १६ सम्मका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन सुविधा उपलब्ध गराईनेछ ।प्रत्येक वर्ष नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरु लाई चक्रिय प्रणाली अपनाई आन्तरिक कर्मचारी ब्यवस्थापनको कार्य गरीने छ ।

३९. वडाको राजश्व संकलन स्थिति, कार्यरत कर्मचारी तथा सेवा प्रवाहको स्थिति समेतलाई मध्यनजर गर्दै कर्मचारी व्यवस्थापन तथा खटनपटनको कार्यलाई व्यवस्थित तथा यथार्थपरक बनाईनेछ ।

४०. नगरको सुशासन प्रवर्दन तथा सुरक्षा लगायतका क्षेत्रमा काम गर्ने गरी प्रदेश प्रहरी संगको सहकार्यमा नगर प्रहरीको सेवा गठन तथा पदपुर्ति गरीने छ ।

**ग. न्याय सम्पादन तर्फ**

४१. नगरवासीको न्यायमा सहज पहुँच स्थापित गरीने छ । यसका लागि आर्थिक रुपले विपन्न तथा असहाय ब्यक्तिहरु, महिला, जेष्ठ नागरीक, अपांग लगायतलाई निःशूल्क कानूनी सहायताको ब्यवस्था गरिनेछ ।

४२. आर्थिक रुपमा कमजोर पिडित पक्षलाई नगरपालिकाको तर्फबाट निःशुल्क कानूनी सेवा प्रदान गरिनेछ । न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्दाहरुमा कानून ब्यवसायीद्वारा मुद्दा दर्ता, बहस पैरवी लगायतको कानूनी उपचारको सुनिश्चितता गरिनेछ ।

४३. विपन्न वस्ती तथा वडाहरुमा न्यायिक समितिको कार्य सम्पादन सम्बन्धमा अनुशिक्षण गरी विपन्न वर्गलाई निःशुल्क कानूनी उपचार प्राप्त गर्नको लागि उत्प्रेरित गरिनेछ ।न्यायीक समितिको कार्यसम्पादनमा विद्युतिय प्रणालीको विकास गरी शिघ्र न्याय सम्पादन गरिनेछ ।

४४. अन्तरपालिका तथा न्याय सम्पादनका सम्बद्ध निकायहरुसंग निरन्तर रुपमा अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरी न्यायिक समितिको कार्यसम्पादनलाई क्रमशः परिस्कृत गरिनेछ ।

नगरपालिकाका सूचिकृत मेलमिलापकर्ताहरु द्वारा वडा स्तरमा विवाद समाधानका लागि परिचालन गरिनेछ ।

## घ. सूचना प्रविधि तर्फ

४५. सूचना व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नगरपालिका भित्र प्रयोग भएका सम्पूर्ण Software को अनिवार्य रुपमा Security Audit, कर्मचारीका लागि Digital Signature, वडा तह सम्म High Bandwidth को ईन्टरनेट व्यवस्था, नगरको केन्द्रमा Centralized Server, वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयमा सञ्चालन भएका Software हरुको केन्द्रिकृत गरी Data सुरक्षण तथा नियन्त्रणको व्यवस्था मिलाईने छ ।

४६. हाल नगरपालिका भित्रमा ई-हाजिरी र ई-दर्ता चलानी व्यवस्थापन गरीएकोमा यसलाई विस्तार गरी वडा कार्यालय, स्वास्थ्य चौकी र सामूदायीक विद्यालयमा जडान गरी केन्द्रीकृत रुपमा नियमन गर्ने ब्यवस्था गरिनेछ ।

४७. विद्यालयमा learning management system (LMS) को अनिवार्य प्रयोग, नगर अस्पतालमा EHIRRS को प्रयोग, भुक्तानी प्रणालीमा ई-भूक्तानी प्रणाली, कर संकलनलाई ब्यवस्थित गर्न को लागी अनलाईनबाट भुक्तानीको ब्यवस्था, अत्यावश्यक अनलाइन सेवा आदिलाई प्रयोगमा ल्याई सूचना प्रविधिको नविनतम् विकासलाई यथासम्भव कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

४८. सूचना प्रणाली लाई ब्यवस्थित तथा छिटोछरीतो जनता सम्म सूचनाको पहुँच पुऱ्याउनको लागी social media को प्रयोगलाई बढावा दिईने छ साथै वेव साईटको नियमित अपडेट गर्दै मासिक रुपमा आय व्यय सार्वजनिक गरिनेछ ।

४९. एकिकृत सफ्टवेयर प्रणालीको प्रयोगलाई वढावा गर्दै सम्पूर्ण शाखाको कार्यलाई अन्तर आवद्ध गरी समय समयमा नविनतम प्रविधको प्रयोग गरी परिमार्जन गर्दै लगिनेछ भने विद्यालयमा ई-लाईब्रेरीको विकास गर्न विभिन्न गैरसरकारी संघसंस्था तथा विकास साझेदारहरुसँग समन्वय गरिनेछ ।

## ङ- पूर्वाधार विकास तर्फ

५०. उपत्यकाको खानेपानी समस्यालाई दीगो समाधान गर्न भेरी पम्पिङ्ग उपआयोजना अगाडि वढाउन नेपाल सरकार खानेपानि विभाग र वीरेन्द्रनगर नगरपालिका विच सम्झौता भइ आयोजनाको काम प्रारम्भ भएको छ। यस आयोजनालाई नगर कै गौरवको आयोजनाको रुपमा पहिलो प्रथामिकतामा राखि आयोजनाको निर्माण कार्यलाई यसै आर्थिक वर्षमा वोलपत्र आव्हान गरी कार्य प्रारम्भ गरिनेछ ।

५१.सुर्खेत उपत्यका खानेपानी उपभोक्ता समितिलाई खानेपानी व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि नरपालिकाको संरक्षकत्वमा ल्याई व्यवस्थित ढंगबाट सञ्चालन गर्ने कार्य अघि वढाइनेछ ।

५२.राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त तथ्यांक एवम् नगरपालिकाको आन्तरिक तथ्यांकको विश्लेषण गरी विकास तथा सेवा प्रवाहलाई त्यसै अनुसार केन्द्रित गरिनेछ ।

५३.नगरपालिका भित्रको चक्रपथ बाटो निर्माण ढल निकासको व्यवस्थापन ल्याण्डफिल्ड साईड निर्माण व्यवस्थापन मंगलगढी चोक र एरि चोकमा आकाशे पुल निर्माण भेरी लिफ्ट आयोजना खाने पानी सडक र फुटपाथ पार्किङ व्यवस्थापन नगर गौरवको योजनाको रुपमा निरन्तर कार्यान्वयन गर्दै लगिनेछ र यी कार्यक्रममा प्रदेश सरकार संघीय सरकार संग साझेदारीको रुपमा अगाडि बढाईनेछ ।

५४.साझेदारी निकाय सहरी विकास मन्त्रालय नगर विकास कोष दातृ निकाय लगाएतको सघन शहरी विकास कार्यक्रम अघि बढाईनेछ ।

५५.हालको सिटी बसपार्क विस्तार गरी सञ्चालनमा सहजता ल्याईनेछ भने बैकल्पिक बसपार्कको रुपमा वडा नं १ मा कर्णाली बसपार्क निर्माण अघि बढाउन जग्गा भोगाधिकारको प्रक्रियाका लागि नेपाल सरकारलाई अनुरोध गरी थप आवश्यक प्रकृया अगाडी बढाइनेछ ।वडा नं ११ मा अटो भिलेजको सम्भाव्यता अध्ययन गरिनेछ ।

५६.उपत्यका नगर विकासको गुरु योजना अनरुप नक्साकन गरीएका सडकको लगत संकलन गर्न शहरी नापीलाई निरन्तरता दिईनेछ ।

५७.पुर्वाधार विकासमा निजी क्षेत्रको सहकार्यलाई सुनिश्चित गर्न सपिङमहल बसपार्क विभिन्न पर्यटकिय पार्क निर्माण तथा सञ्चालनमा सहकार्य गरिनेछ ।

५८.कर्णाली प्रदेश राजधानी घोषणा भए संगै वीरेन्द्रनगरमा भइरहेको उच्च आन्तरिक वसाइसराई लाई व्यवस्थित गर्दै वढ्दो जनसंख्यालाई मध्यनजर गरी भौतिक पूर्वाधारलाई त्यसै अनुसार केन्द्रित गरिनेछ ।

५९.नगरपालिकामा बनाइने पूर्वाधारका सम्पूर्ण संरचनाहरु अपांगमैत्री, वालमैत्री र जेष्ठ नागरीकमैत्री बनाउनमा विशेष ध्यान दिइनेछ ।

६०. नगरपालिका भित्रका सरकारी भवन विध्यालय क्याम्पस तथा विश्वविध्यालय लगायत सम्पुर्ण संस्थाहरुलाई अनिवार्य नक्शा पासको दायरामा ल्याइनेछ र भुकम्प प्रतिरोधि तथा अपांग मैत्री भवन निर्माण आचारसंहिता अनिवार्य रुपमा लागु गरिनेछ । यदि नगरपालिकाको नीति अनुसार नभएमा प्रचलित कानून बमोजिमको प्रकृया अगाडि बढाइनेछ ।

६१.61. मंगलगढी चौक,एरि चौक, घण्टाघर चौक, पुरानो अस्पताल चौक, पिपिरा चौक र धुलयाविट चौक लाई विभिन्न पूर्वाधार र सौन्दर्यताको विकास गरी आकर्षक पर्यटकीय चोकहरुको रुपमा

विकास गरिनेछ । साथै ती चौकहरुमा सडक वत्ती हरुको व्यवस्था गर्दै ट्राफिक वत्तीको उपयुक्त व्यवस्थापन गरिनेछ ।

६२. चालु आ.व.मा मूख्य वजारको क्षेत्रको फूटपाथ क्लियर गरी पार्कीङ्गको व्यवस्थापन मिलाइनेछ । साथै सरकारी जग्गाहरुको संरक्षण गर्दै बजार क्षेत्रलाई व्यवस्थित गरिनेछ । नगर गौरवको रुपमा रहेको घण्टाघर, वुलवुले, कांक्रेविहार जस्ता पर्यटकीय क्षेत्रको निर्माण तथा व्यवस्थापन लाई नगर गौरबको आयोजनाको रुपमा अगाडि वढाइनेछ ।

६३. चालू आ. व. मा वढी सवारी चापहरु भएका स्थानहरु जस्तै मंगलगढी र एरिचोकमा आकाशे पुलको निर्माणका लागि सम्भाव्यता अध्ययन पुरा भएकाले यी स्थानमा आकाशे पुल निर्माण गर्न प्रदेश र संघीय सरकार लगायत विकास साझेदारहरु संगको समन्वयमा विभिन्न श्रोतको खोजि गरिनेछ ।

६४. नगरपालिकाको निर्माणाधिन सडक सतहको पानी निकास योजनालाई यथाशिघ्र तयार गर्न लगाई आगामी आ व मा सडक एवं नाला निर्माण गर्दा यसै योजनालाई आधारमानि निकासका साथ विकास सुनिश्चित गरिनेछ ।

६५. मूख्य बजारको मंगलगढी,गणेश चौक सडकमा ट्राफिक चिन्ह लगाएत सडक सजावटका कार्य गरिनेछ भने डिपिआर बमोजिमको बजार क्षेत्रको बांकी खण्डको कार्यलाई पूरा गर्ने साथै फुटपाथ, साईकल लेन, सवारी पार्किङ्ग, रोडमा लाइनिङ्ग, ट्राफिक, लाइट समेतको डिजाईन गरी नमुना सडक निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

६६. वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पूर्वाधार संरचनाहरु सडक, पुल, खानेपानी आदी मर्मतका लागि छुट्टै आपतकालिन पूर्वाधार निर्माण कोष र निर्माण दल गठन गरी आवश्यकताका आधारमा पूर्वाधार मर्मतका कार्यहरु गरिनेछ ।

६७. नगरपालिकाबाट निर्माण भएका पुर्वाधारलाई संख्यात्मक उपलब्धि भन्दा पनि गुणात्मक उपलब्धिमा विशेष जोड दिदै दिगो र वातावरण मैत्री वनाउन सो को डिजाइन स्टिमेटमा नै यी पक्षलाई समेटि चालू आ.व मा सञ्चालन हुने सडक कालो पत्रे गरीने सबै आयोजनामा सडक छेउ वृक्षारोपण, सडकको ट्र्याक खोल्ने आयोजनामा समेत वायोइन्जिनियरीङ तर्फ कम्तीमा ५ प्रतिशत बजेटको सुनिश्चित गर्दे आयोजनालाई दिगो र वातावरणमैत्री बनाउन जोड दिइनेछ ।

६८. भवन निर्माण संहितामा कार्यान्वयन हुनु पूर्व निर्माण भएका भूकम्पीय जोखिम यूक्त नीजि तथा आवासीय भवनहरुलाई प्रवलीकरण गर्नका निम्ति अभिप्रेरित गर्ने र न्यून आय भएका वस्ती छनौट गरी नमुना प्रवलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. वीरेन्द्रनगर नगरपालिका भित्र निर्माण हुने आवासीय क्षेत्रलाई थप सुन्दर, व्यवस्थित र नगरवासिलाई सहजताका लागि विभिन्न आवासीय भवनहरुको नमुना नक्साहरु वनाई प्रत्येक भवनहरुको अगाडीको भागमा एकरुपता ल्याउनका लागी आवश्यक पहल गरिनेछ ।

७०. समग्र नगरक्षेत्र भित्रको फोहरमैलाको उचित ब्यबस्थापनका लागि ल्याण्डफिल साईट निर्माणको स्वीकृत बिस्तृत आयोजना प्रतिबेदन Detailed project report अनुसार निर्माण कार्यलाई निरन्तरता दिईनुका साथै उक्त स्थानसम्म जाने पहुंच मार्गको स्तरोन्नती गरिनेछ ।

७१. नगर क्षेत्रका सडकहरु तथा प्रत्येक घरधुरीको नम्बरिङ्ग गर्दै मेट्रिक ठेगाना प्रणाली लागु गर्न सुरु गरी परम्परागत नक्सापास प्रर्णालीलाई सहज, सरल र पारदर्शिताका लागि विद्युतीय पद्धतीबाट गरीनुका साथै पुराना नक्साहरुको समेत डिजिटाईजेशन गरिनेछ ।

७२.नापी कार्यालय संग समन्वय गरी नगर भित्रका सडक र खोलाको नक्साङ्कन गरी **Right of way** एकिन गरी संरक्षणको नीति लिईनेछ । बिस्तारित नगर क्षेत्रका जमिनमा बढ्दै गएको अब्यबस्थित तरिकाले जग्गा प्लटिङ्ग तथा बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ । वीरेन्द्रनगर नगरपालिकाको स्वीकृत गुरुयोजना बमोजिम शहरी नापी हुन बाँकी वडामा शहरी नापी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७३. नगरपालिकाको बिभिन्न सडकहरुको नियमित मर्मत सम्भार गर्नको लागि सडक मर्मत सम्भार RMG कार्यलाई निरन्तरता दिईनेछ ।

७४.वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पार्क तथा पर्यटकीय क्षेत्रहरुमा व्यवस्थित पर्यटकीय पूर्वाधारहरु निर्माणको मापदण्ड बनाई निर्माणमा सहकार्यका लागि संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र लगाएत विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

७५. पूर्वाधार विकासमा कृषि तथा पर्यटकीय सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गरिनेछ ।

७६. वडा केन्द्रसम्म पक्कि सडक पूर्वाधार निर्माण हुन वांकी रहेका वडाहरुमा पक्की सडक निर्माण गरी वाह्रै महिना सवारी आवतजावत गर्न र वडासम्म पुग्ने बाटोहरुको स्तरोन्नती सहित पहूँच मार्गहरुको सुनिश्चितता हुने गरी वजेट ब्यबस्थापन गरिनेछ । वडा न १५ र १६ मा विद्युतीकरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७७.नगरक्षेत्रभित्र रहेका विद्यालय, स्वास्थ्य संस्था, पार्क लगायतका अन्य महत्वका सार्वजनिक पूर्वाधारहरुमा भएका संरचनाहरुलाई बालमैत्री तथा अपाङ्ग मैत्री बनाउन आवश्यक पहल गरिनेछ ।

७८.नगर भित्र रहेका पूर्वाधार सम्पत्तिहरुको अभिलेख ब्यवस्थापन गरी सोको ब्यवस्थित संरक्षणको ब्यवस्थापन गरिनेछ ।

७९.दिगो शहरी यातायात योजना तयार गरी डिजाइन लागु गर्न विकास साझेदारहरुसंग समेत सहकार्य गरिनेछ ।वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्रका पूर्वाधार सम्बन्धि कुनै समस्या आएमा नगरबासीले यस कार्यालयको website मा गुनासो राख्ने व्यवस्था मिलाईनेछ ।

## च - कृषि विकास तर्फ

८०. 80. वीरेन्द्रनगर नगरपालिकामा खाद्य सम्प्रभुताको सुनिश्चितता, शून्य भोकमरी, कुपोषणको अन्त्य र सुरक्षित पौष्टिक खाद्यान्न उपलब्ध गराउने उदेश्यका साथ खाद्य सुरक्षा, आयआर्जन, रोजगारी तथा गरीवी न्यूनीकरणका लागी साना सिंचाई कार्यक्रममा जोड दिई सिंचित क्षेत्रफल बढाई "**उत्पादन र बजारिकरण अभियान वर्ष**" को रुपमा सञ्चालन गरिनेछ ।

८१. वीरेन्द्रनगर नगरपालिकाले निर्धारण गरेका विभिन्न बालीका पकेट क्षेत्र अनुसार उत्पादन हुने फलफूल (कागती, आँप ,केरा, लिची ,किवी ड्रागन फ्रुट आदि), खाद्यान्न (मकै,गहु,धान, कोदो), दलहन ( सिमि, भटमास, केराउ, मास, मसुरो), मसलाबाली (अदुवा, बेसार, लसुन, प्याज), मौरी, च्याउ, बेमौसमी तरकारी तथा तरकारी बीउ खाद्यान्न बिउ आदि लाई प्राथमिकतामा राखी सोही बमोजिम बाली वस्तुहरुको पकेट क्षेत्र निर्धारण गरी अनुदानको व्यवस्थापन गरिनेछ ।

८२. उत्पादनको लागी सिंचाई सुविधा अपरिहार्यतालाई मध्यनजर गर्दै खेती योग्य तर सिँचाई सुविधा नपुगेको जमिनमा सिंचाई सुविधाको लागी साना सिँचाई कार्यक्रम सञ्चालन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

८३. 83. नगरलाई खाद्यान्नमा आत्मनिर्भर गराई आयात न्युनिकरण गर्नका लागी रैथाने वाली प्रवर्नद्ध तथा खाद्यान्न बाली(धान, गहु, मकै) प्रर्बधन कार्यक्रम सञ्चालन गरिनेछ साथै अन्य कृषि जन्य उत्पादन बढाउनका लागी कृषि क्षेत्रको आधुनिकिकरण र व्यवसायीकरणका लागी आवश्यक पर्ने प्रबिधी सहित न्यूनतम कृषि सामग्रीहरु (मल, बीउ,साना सिंचाई, बिद्युतिय उपकरण, मेशिनरी औजार तथा यान्त्रिकीकरण र बजार पूर्वाधार निर्माणमा कम्तिमा ५०% अनुदानको व्यवस्थापन गरिनेछ ।

८४. कृषि व्यवसायको माध्ययमबाट विपन्न पिछडीएको वर्गका महिलाहरुको जिवनस्तर सुधार तथा आयआर्जनमा वृद्धिका लागी महिलाहरुलाई कृषि समुहमा आवद्ध गराई व्यवसायीक खेती गर्ननकालागी कृषि समुह निर्माण कार्य अभियानको रुपमा सञ्चालन गरी मेयर संग महिला कृषक कार्यक्रमलाई निरन्तरता दिई यस आ व मा करिव २०० जना महिलाहरुलाई स्वरोजगारमा आवद्ध गरिनेछ ।

८५. कृषि क्षेत्रको पुँजी तथा प्रबिधिमा प्रदान गरीने अनुदानलाई प्रभावकारी बनाउनका लागी साना कृषक मध्यम कृषक तथा व्यवसायिक ठूला कृषक गरी ३ प्रकारमा कृषक वर्गीकरण गरी सोही अनरुप भिन्न प्रकृतीको अनुदान प्रतिशत निर्धारण गरी अनुदान उपलब्ध गराईने छ ।

८६. 86. प्राङ्गारीक खेती प्रोत्साहन तथा जमिनको उत्पादकत्व बढाउनका साथै नागरीकको स्वास्थमा सकरात्मक प्रभाव पार्नका लागि जैविक मल अनुदानमा उपलब्ध गराउनुका साथै स्थानीय स्तरमा भर्मि कम्पोष्ट ,कम्पोष्ट मल र जैविक विषादी निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

८७. जलवायू मैत्री तथा वातारण मैत्री कृषि उत्पादन गर्नका लागी आई पि एम पि जि एस तथा प्राङ्गारीक खेती प्रबिधि अबलम्बन गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप जैविक मल जैविक विषाधी तथा अन्य औजार तथा उपकरणमा अनुदान उपलब्ध गराईने छ ।

८८. नगर भित्रै गुणस्तरीय खाद्यान्न बीउ रैथाने बिउ उत्पादन तथा संरक्षणका लागी सामुदायिक बीउ बैंक स्थापना गर्ने उदेश्यका साथ ईच्छुक फर्म, कृषक समुह तथा सहकारी लाई बीउ बिजन उत्पादनका लागि आवश्यक सामाग्रिमा अनुदानको व्यवस्थापन गरिनेछ।

८९. कृषि कार्यक्रम सञ्चालनका लागी एक द्धार प्रणाली अबलम्बन गरिनेछ र प्रत्येक वडामा एक वडा एक कृषि प्राबिधिक जनशक्ति को व्यवस्थापनका लागी पहल गरिनेछ ।

९०. ग्रामिण कृषकलाई सुचनाको हक सुनिश्चितताको लागी नगरबाट सञ्चालन हुने कार्यक्रमको हकमा समयमानै सूचना प्रकाशन गरी सबै वडा कार्यालय मार्फत टोल टोलमा सूचना पुर्याई सम्पूर्ण कृषकहरुलाई कार्यक्रममा सहभागिहुन अभिप्रेरित गरिनेछ ।

९१. स्थानीय उत्पादकलाई प्रोत्साहन र प्रतिस्प्रधी बनाउन बाहिरबाट यस नगरमा भित्रिने कृषि जन्य उत्पादनमा कर लगाउने र तरकारीमा विषादि परिक्षण गर्ने नीति अबलम्बन गरिनेछ ।

९२. कृषकलाई उत्पादन सामग्रीको गुणस्तरियता एवं सहज उपलब्धताको सुनिश्चितताका लागी एग्रोभेटहरुको अनुगमन नियमन त्यसैगरी कृषि जन्य उत्पादनको बजारीकरणमा सहजताको लागी कृषि हाटबजार कोल्ड स्टोरको अनुगमन नियमन लाई प्रथामिकीकरणमा राखी कार्यान्वयनमा ल्याईनेछ ।

९३. वीरेन्द्रनगरमा कृषि व्यवसायका लागी विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट उपलब्ध गराईने अनुदानमा दोहोरोपना हटाउनका लागी त्यस्ता सेवा प्रदायक संघ संस्थाहरुले आफ्नो कार्य क्षेत्र तथा लाभान्वित जनसंख्या सहित कार्यक्रमहरु श्रावण महिना मसान्त सम्म पेश गर्नुपर्ने र त्यस्ता संघ संस्थाहरुको न्यायोचित नियमन तथा अनुगमन गरिनेछ ।

९४. नगरपालिकाबाट प्रवाह हुने कृषि सेवालाई गुणात्मक तथा परिमाणात्मक बनाउन तथ्याङ्क व्यवस्थापन गर्ने र प्रशारण गर्ने नीति अबलम्बन गरिनेछ ।

९५. नगरपालिका भित्रका शहरिकरण भईरहेको वडाहरुमा पोषण सुरक्षालाई मध्यनजर राख्दै कौशी खेती प्रबर्द्धन गरिनेछ ।

९६. वैदेशिक रोजगार बाट फर्की कृषि व्यवसाय गर्न चाहने युवाहरुलाई प्राथामिकतामा राखी पुँजि तथा प्रबिधिमा अनुदान उपलब्ध गराई आयआर्जनमा जोड्ने नीति अबलम्बन गरिनेछ ।

९७. जसले उत्पादन गर्छ त्यसैले अनुदान पाउँछ भन्ने नीतिलाई आत्मसाथ गर्दै कृषकले उत्पादन गरेको बस्तुको आधारमा कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराईने छ ।

९८. स्थानीय उत्पादनको बजारीकरणका लागी वडा तथा नगर स्तरबाट खरिद गरीने पोषण सुरक्षाका खाद्य वस्तुहरु खरिद गर्दा स्थानीय स्तरमै उत्पादित बस्तुलाई प्राथामिकिकरण गरिनेछ ।

९९. कृषि भूमिको खण्डीकरण रोक्न तथा खेतीयोग्य जग्गा बाँझो रहन नदिन "**जमिन बाँझो नराखौं, सक्नेलाई खेती गर्न दिऊँ**" अभियानलाई आत्मसात गर्दे लिज/जग्गा करार मार्फत व्यक्तिगत/सामूहिक/सहकारी खेती तथा खेर गएका ऐलानी, हैसियत बिग्रिएको जग्गा, नाङ्गो डाँडा/पाखो, खेती नगरीएका बाँझो वा बगर जग्गामा खेती कार्यको लागि नीतिगत र आर्थिक संरक्षण सहितको विशेष प्रोत्साहन तथा जग्गा भाडामा लीई खेती गर्ने कृषकलाई जग्गा भाडामा अनुदान प्रदान गरिनेछ ।

१००. कुनै पनि बाली जन्य पकेट विकास तथा अन्य कृषिका भौतिक संरचना निर्माणका लागि संघीय तथा प्रादेशिक बजेट संग पालिका ले साझेदारीमा कार्यक्रम सञ्चालन गर्नेछ।

१०१. कृषि सहकारी तथा कृषक समूहको माध्यम बाट सामूहिक खेति तथा संस्थागत खेति लाई प्रोत्साहन गर्न समूह सहकारी लाई पूजी तथा प्रबिधिमा अनुदान उपलब्ध गराई नमुना कृषि फर्मको विकास गर्ने नीति अबलम्बन गरिनेछ।

१०२. रैथाने बालीहरुका परिकारहरु जस्तै भुटेको मकै, भुटेको भट्टमास, सातु पिठो बनाउनका लागि सम्भाब्य वडामा कुट्ने पिस्ने साना मिलहरु तथा प्याकेजिङ र स्टोरेज सामाग्रीहरु अनुदानमा उपलब्ध गराई वीरेन्द्रनगरको लोगो सहित बजारीकरणको लागी वीरेन्द्रनगरमा रहेका सुपरमार्केटहरुसंग समन्वय गराउने र नगर भित्रका विद्यालयमा दिवा खाजाको रुपमा अनिवार्य रुपमा रैथाने बालीबाट बन्ने परिकार बनाउनु पर्ने नीति अबलम्बन गरिनेछ।

१०३. उत्पादन भएको वस्तुको वजारीकरणको लागी पालिका स्तरिय हाटबजार स्थापना तथा सञ्चालनका लागी संघीय तथा प्रादेशिक साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. कृषि वालि विमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । कृषक लाइ आकस्मिक जोखिम न्यूनिकरणका लागि सूचना प्रवाह नीति अवलम्वन गरिनेछ ।

१०५. कृषकलाई उत्पादन तथा बजारिकरणमा प्रोत्साहन स्वरुप मुख्य तरकारी बाली टमाटर, आलु, काउली, भेडे खुर्सानी, खुर्सानी, बोडी, सिमी, भिन्डी, भान्टा, करेला, काक्रा, फर्सी, चिचिन्डा, लौका आदिको न्युनतम बिक्रि मूल्य निर्धारण गरी निर्धारित मूल्य भन्दा कम मुल्यमा बिक्रि भएमा अन्तर बराबरको रकम कृषकलाई प्रोत्साहनको रुपमा सहयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

१०६. कृषकलाई उत्पादन तथा बजारिकरण प्रविधिमा थप ज्ञान तथा सिपका लागी विषयगत तालिमको लागि गरिनेछ ।बुलबुले कृषि हाट बजारबाट नगरमा उत्पादन भएका स्थानीय कृषि उपजको अनिबार्य विक्री वितरण गर्न प्रबन्ध मिलाईनेछ ।

## छ - पशु विकास तर्फ

१०७. 107.व्यबसायिक कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरुको उत्पादनको आधारमा कृषि यान्त्रिकिकरणमा आबश्यक सहयोग गरिनेछ । पशुपालनमा लागत खर्च कम गरी पोषणमा सुधार ल्याउन बिभिन्न किसिमका हिउँदे, बर्षे, बहुबर्षे, डाँले तथा भुई घाँसहरु

कृषकहरुको मागको आधारमा बितरण गरी उत्पादन र उत्पादकत्व बृद्धिमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८. कृषकहरुको लगानी सुरक्षित र क्षति न्यूनिकरण गर्न नगर क्षेत्रमा पशुपन्छी बिमा कार्यक्रमलाई बिशेष प्रथमिकताका साथ कार्यक्रमलाई अगाडि बढाउन समन्वय र सहकार्य गरी थप प्रभावकारी बनाइनेछ ।

१०९. पशुपन्छीको स्वास्थ्यका लागि बिभिन्न किसिमका औषधी उपचार सेवा, पशु स्वास्थ्य शिविर, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

११०. परम्परागत पशुपालन व्यबसायलाई व्यबसायिक पशुपालन पद्दतीमा रुपान्तरण गर्न पशुको भकारो सुधार कार्यक्रम गरी कृषकहरुलाई व्यबसायिकता उन्मुख हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. पशुपन्छी सेवालाई छिटो, छरितो र व्यबस्थित बनाउन शाखा सञ्चालनमा आबश्यक पर्ने भौतिक सामाग्रीहरुको उचित व्यबस्था गरिनेछ ।

११२. 112.नगरपालिकाको आर्थिक विकासको सम्भावनाको रुपमा रहेको पशुपन्छीपालन व्यबसायलाई बिशेष जोड दिदै पशु र पशुजन्य पदार्थहरुमा आत्मनिर्भर हुनको लागि पशुपन्छी संख्याको आधारमा र सेवाको पहुँच नपुगेको वडाहरुमा एक वडा एक पशु सेवा प्राविधिकहरुको व्यबस्था गरी कृषकहरुलाई घरदैलो सेवाको पहुँच बिस्तार गरिनेछ ।

११३. पशुपन्छी सेवालाई कृषकले प्रतक्ष्य अनुभव गर्ने गरी पछि नगर हस्पिटलमा टेवा पुग्ने गरी नगर डिस्पेन्सरी सेवाको बिस्तार गरी पशुपन्छी उपचार सेवा, प्राइमेरी ल्याब सेवा र कृतिम गर्भाधान सेवा सञ्चालन, व्यबस्थापन र बिस्तार गरिनेछ ।

११४. उपभोक्ताहरुलाई स्वस्थ दुध र मासु उपलव्ध गराउन डेरी र मासु पसललाई करको दायरामा ल्याउन बजार अनुगमन कार्यलाई निरन्तरता दिदै व्यापक सूचना सम्प्रेषण गर्ने र तथ्याङ्कलाई अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिदै नगरको राजस्व वृद्धिमा सहयोग पुग्ने बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११५. यस नगरपालिकाको पशु सेवा इकाई सञ्चालन भएका स्थानमा आबश्यक औजार उपकरण लगायतका सामाग्रीहरुको व्यबस्थापन गरी सेवालाई थप प्रभावकारी बनाइनेछ ।

११६. पशुजन्य पदार्थ उत्पादनमा मुख्य रुपमा असर पार्ने महामारीको रुपमा रहेका बिभिन्न पशुपन्छीका रोगहरु बिरुद्दको खोप कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ सञ्चालन गरी क्षति न्यूनिकरण गरिनेछ ।

११७. प्राविधिक तर्फ भेटेरिनरी बिषय अध्ययन गरी बेरोजगार रहेका युवायुवतीहरुलाई आत्मनिर्भर हुन पशुपन्छी तथा त्यससँग सम्बन्धित व्यबसाय प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगार हुने अबसर सिर्जना गरिनेछ ।

११८. हाल वीरेन्द्रनगर ११ समझिघाट स्थित भेरी नदि किनारमा रहेको गौशालालाई व्यवस्थित र दिगो रुपमा सञ्चालन गर्ने गरी निरन्तरता दिनको लागि स्वचालित ढंगबाट सञ्चालन हुने गरी आवश्यक पूर्वाधार निर्माणको लागि प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

**ज. पर्यटन, भाषा कला साहीत्य तथा संस्कृती तर्फ**

११९. नगर भित्र रहेका पर्यटकीय तथा दर्शनिय स्थलहरुको पहिचहान वोर्ड तथा डीजिटल प्रचार सामाग्री बनाई प्रचार प्रसार गरिनेछ ।

१२०. 120.नगर भित्र रहेका विभिन्न सार्वजनिक मठ मन्दीर, गुम्वा, चैत्य,मस्जिद, चर्चहरुको मर्मत सभार र संरक्षणमा जोड दिइनुका साथै स्थानीय लोक कलाको संरक्षण गर्न नगर भित्र रहेका पञ्चे बाजा, सारंगीको संवर्धन गर्दै वादन कला हस्तान्तरण तथा स्तरवृद्धिका कार्यक्रममा सहयोग गरिनेछ ।

१२१. कला साहित्य तथा संस्कृतिको प्रवर्द्धनमा विशेष योगदान पुग्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका गतिविधिहरुमा सहकार्य गर्दै स्थानीय स्तरका विभिन्न क्लब, प्रतिष्ठान, समूहहरुलाई प्रोत्साहन गरीने छ ।

**झ. सहकारी तथा गरीवी न्यूनीकरण तर्फः**

१२२. सहकारीलाई संघीय सरकारको नीति अनुसार क्रमशः एकिकरण तथा मर्ज गर्दै लैजाने र अत्यावश्यक र उत्पादन मुखी सहकारीलाई दर्ता गर्नका लागि भने उत्प्रेरित गरिनेछ । विगतमा दर्ता भई निस्कृय भएका र नयां सहकारी संस्थाहरुलाई क्षमता विकासका कार्यक्रमहरुका लागि सहकारी शिक्षा नेतृत्व विकास एवम् सहकारी व्यवस्थापन कर्जा जोखिम व्यवस्थापन लगायतका तालिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । अनुगमनका कार्यलाई तिव्रता दिई सहकारीहरुको दर्ता, अनुमति, खारेजी र विघटन कार्यलाई निरन्तरता दिइनेछ ।

१२३. एक वडा एक सहकारी उत्पादनको कार्यक्रमका लागि सहकारीलाई उत्प्रेरित गरिनेछ । जसका लागि उत्पादन परिमाणका आधारमा अनुगमन गरी अनुदानको व्यवस्था गरी उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ । हाल सञ्चालनमा रहेका वा नयां गठन हुने विभिन्न सहकारीहरुलाई वहुउत्पादन, प्रशोधन, तथा वजारीकरण तर्फ उन्मुख गराउन ती संस्थाहरुलाई प्रेरित गरिनेछ । सहकारीको माध्यामबाट विपन्न वर्गका सदस्यहरुको संलग्नतामा सञ्चालन हुने व्यवसायिक आयोजनाहरुलाई वित्तिय सहयोग को लागि सहजीकरण गरिनेछ ।

१२४. सवै सहकारीलाई चुस्त दुरुस्त वनाउनका लागि कोपोमिस सफ्टवेरमा आवद्ध गर्ने र सम्पति शुद्धिकरण सम्बन्धी ऐनमा व्यवस्था भए अनुसारका शुद्धीकरण मापदण्ड अवलम्वन गरिनेछ । यस आवमा कोपोमिस मा आवद्दताको संख्यालाई ५० प्रतिशतमा पुर्याइनेछ ।

१२५. गरीव घर परिवार पहिचान र परिचय पत्र वितरण कार्यका लागि परिवार सर्वेक्षणको कार्य यस बर्षमा सम्पन्न भएको गरीव पहिचान परिचय पत्र वितरण गरिनेछ।पहिचान भएका

घरपरिवारहरुलाई परिचय पत्र वितरण गरी यसका आधारमा लाभग्राहीहरु छनोट गरी अवसर उपलब्ध गराउने छ ।

१२६. 126.वैदेशिक रोजगारीबाट फिर्ता भएका व्यक्तिहरुलाई सामाजिक पुनः एकिकरणमा जोड दिदै उनीहरुले प्राप्त गरेका ज्ञान, सीप र उद्यमशीलतालाई उपयोग गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । कोष स्थापना भएका सामुदायिक संस्थाहरु मार्फत परिचालन भएको अनुदान रकमको अवस्था अध्ययन गरी पुन: लगानीमा ध्यान दिइनेछ । सामुदायिक संस्थाहरुको चुस्त, दुरुस्त परिचालन गरिनेछ ।

१२७. सार्वजनिक निजी साझेदारीको माध्यामबाट स्थानीय पुँजी परिचालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । स्थानीय आयोजना बैंकबाट सार्वजनिक निजी साझेदारीका आयोजना कार्यान्वयनमा प्रथामिकता दिइनेछ ।

## अ.**उद्योग प्रवर्द्धन तर्फ**

१२८. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका लघु घरेलु तथा साना उद्योग व्यवसायहरुको लेखाङकन गरिनेछ । यस आव देखि रु ५ लाख सम्मको कम स्थिरपूंजी भएका उध्योगहरु नगरपालिकामा नै दर्ता गरी सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ ।

१२९. स्थानीय सरकारले **'उद्यमशीलता,रोजगारी र उत्पादन बृद्धि : हन्छ वीरेन्द्रनगरको समृद्धि'** नीति अवलम्वन गरी उपलब्ध स्रोत साधन,पुँजि,सीप एंव प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३०. नगरक्षेत्रभित्र सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगलाई अनुगमन तथा नियमन गरी आवश्यक्ता अनुसार राष्ट्रिय नीति अनुरुप स्तरोन्नती का लागि पहल गरिनेछ ।

१३१. महिला, दलित तथा विपन्न वर्ग लगायतका समूदायहरुको ब्यवसायीक उत्थानका लागि आवश्यक सीपमूलक तालिम प्रदान गरी व्यवसायिक निरन्तरताको लागि प्रविधी सहयोग,व्यवसायिक योजना तथा व्यवसायिक सचेतना लगाएतका कार्यक्रम सञ्चालन गरिनेछ साथै महिला स्वरोजगार कार्यक्रम अन्तरगत तालिम लिएका महिलाहरु लाई पेशामा आवद्ध हुनका लागि सामूदायीक साझा सुविधा केन्द्र मार्फत उत्पादन र बजारीकरणमा ध्यान दिइनेछ ।आगामि आ.व. मा ३५० जना नयाँ महिला लघु उद्यमिहरुको सिर्जना तथा स्तरोन्ती गरिनेछ ।

१३२. यस नगर क्षेत्रभित्र सम्भाब्य उद्यमी पहिचान गरी व्यवसाय प्रति जागरुकता/उत्सुकता जगाउन उद्यमशीलता विकास तालिम तथा Career Counselling लगायतका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।

## ट. **भूमी व्यवस्थापन तर्फ**

१३३. भूमीहिन दलित भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको निवेदन संकलन गरीएको छ । हाल लगत प्रविष्टको कार्य र राष्ट्रिय भूमी आयोगको समन्वयमा जग्गा नापजांच कार्य प्रारम्भ भई रहेकोमा आवश्यक जनशक्ति थप ब्यवस्थापन गरी जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने कार्यलाई तिव्रता दिइनेछ ।

१३४. उपत्यका नगर वीकास समिति र वीरेन्द्रनगर नगपालीकाको स्वामित्वमा रहेका सरकारी जगेगाहरुको संरक्षणको नीति लिईनेछ ।विभिन्न सामाजिक संघ सस्थाको नाममा भोगाधिकार दिएका र ति संघ संस्थाहरुले प्रयोजन विपरित प्रयोग गरेको वा हालसम्म कुनै संरचना नबनी खाली रहेको जग्गाहरुलाई हाल लाई निर्णय नहुदा सम्म संरचना बनाउन रोक लगाउदै ति जग्गा हरुमा सवारी पार्किङ वा पार्कको रुपमा विकास गरी स्वच्छ सफा र वातावरण मैत्री व्यवस्थित नगर बनाईनेछ साथै सरकारी सार्वजानीक र खोला किनारको जग्गालाई पूर्ण रुपमा संरक्षण गरिनेछ ।

१३५. नगर विकास समितीको गुरु योजना र नगरपालिकाले निर्माण गरेको भु उपयोग नीती लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।नगरको भू उपयोग योजना अनुसार नक्सालाई GIS अध्यावधिक गरिनेछ ।

१३६. विस्तारीत नगर क्षेत्रका जमिनमा बढ्दै गएको अव्यवस्थित रुपमा जग्गा पलटीङ तथा बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ल्याण्ड पुलिङको अबधारणा अनुसार बस्ती व्यवस्थापन व्यवस्थित गरिनेछ ।

**ठ. शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः**

१३७. वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउने दूरदृष्टिका साथ निर्माण गरीएको १० बर्षे शिक्षा क्षेत्र योजनाका आधारमा शिक्षा सम्बन्धी बजेट तथा कार्यक्रमहरु क्रमशः तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३८. नेपालको संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेको शिक्षा पाउने हकलाई कार्यान्वयन गर्दै वीरेन्द्रनगर नगरपालिका भित्रका विध्यालय सेवा क्षेत्र भित्रका कक्षा १ देखी १० सम्मका विद्यार्थि हरुलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

१३९. 139. नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरी विद्यालयको शैक्षिक गुणस्तर बढाउदै जिर्ण भएका पुर्वाधारहरुको व्ववस्थापन तथा निर्माण गरिनेछ र विद्यार्थीहरुलाई स्वच्छ वातावरणमा शिक्षा आर्जन गर्ने हक सुनिश्चित गरिनेछ ।

१४०. संस्थागत विद्यालय व्यवस्थापन कार्यविधी निर्माण गरी विद्यालयको शुल्कमा एकरुपता कायम गर्दै संस्थागत विद्यालयले दिने १०% छात्रवृति नगरपालिका मार्फत नगर भित्रका अति विपन्न तथा जेहेन्दार छात्र छात्राहरुले प्रास गर्ने व्यवस्था मिलाईनेछ ।

१४१. संस्थागत विद्यालयको भौतिक पुर्वाधार, पढाईको गुणस्तर, शिक्षक व्यवस्थापन लगायतका मूल्याङ्कनका आधारमा कार्यविधि तयार गरी श्रेणी मापन गरिनेछ ।

१४२. नेपालको कानुनले शिक्षामा अभिभावकले स्वेच्छिक सहयोग गर्न सक्ने प्रावधान उल्लेख गरेको छ । स्वेच्छिक सहयोग लिदा अभिभावकले स्वेच्छिक रुपमा गरीएको सहयोग मात्र लिन पाउने कार्यविधी बनाई नियमनलाई व्यवस्थित गरिनेछ ।

१४३. वीरेन्द्रनगर नगरपालाका क्षेत्रमा बसोबास गर्ने लक्षित उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिका हरुलाई आधारभुत माध्यामिक शिक्षामा पहुँच अभिबृद्धि गरी विद्यालयमा निरन्तरता दिलाउन **"म बनाउछु मेरो नगरलाई शैक्षिक हव"** भन्ने नाराका साथ शिक्षा विकास कोष परिचालन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१४४. **"जहाँ विद्यार्थि त्यँहा शिक्षक"** भन्ने मुल नारालाई हृदयङ्गम गर्दै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

१४५. विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रबिधि मैत्री तालिमको व्यवस्थापन गरी सिप विकास मा जोड दिईनेछ ।

१४६. शैक्षिक तथ्यांकको आधारमा विद्यालय तथा बालबिकास केन्द्रहरु समायोजन (एकिकरण) गर्ने नीति अबलम्बन गरीने छ ।

१४७. विपद् र संकटको समयमा बालबालिकाको सिकाइलाई सहज रुपमा निरन्तरता गर्न र अंग्रेजी, गणित तथा विज्ञान विषयमा रहेको शिक्षक अभावलाई पूर्ति गर्नका लागि स्थापित नगरपालिका स्तरीय सिकाइ सहजीकरण केन्द्रलाई थप आधुनिक र नतिजामुलक ढंगले सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

१४८. **"शैक्षिक गुणस्तरको सुधार बाल विकास कक्षाबाट शुरु गरौं"** भन्ने आदर्श वाक्यका साथ बाल विकास कक्षाहरुलाई थप व्यवस्थापन गर्ने नीतिलाई लागु गरिनेछ ।

१४९. विद्यालयको शैक्षिक र प्रशासनिक नेतृत्व निर्माण गर्नका लागि स्थायी शिक्षकहरु मध्येबाट योग्य र दक्ष शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापन गर्ने कार्यलाई कार्यविधि बनाई अगाडि बढाइनेछ ।

१५०. सबै माध्यमिक विद्यालयहरुमा अनिवार्य रुपमा जुनियर रेडक्रस र नेपाल स्काउट सम्बन्धी कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न सहजीकरण गरिनेछ ।

१५१. **हामी र हाम्रो वीरेन्द्रनगर** नामको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा ८ सम्म पाठ्यपुस्तक निर्माण गरी लागु गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१५२. आधारभूत र माध्यमिक तहका विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलाप, खेलकूद, संगीत, योग र ध्यान जस्ता सीपहरुको विकास गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

१५३. वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा बसोवास गर्ने लक्षित उमेर समुहका प्रौंढहरुलाई साक्षर गराउनका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कक्षा सञ्चालन गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

१५४. विद्यालयमा शिक्षक र कर्मचारीको उपयुक्त व्यवस्थापन, क्षमता विकास र प्रोत्साहनका लागि आवश्यक कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५५. नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको सेवा क्षेत्रमा रहेका बालबालिकाहरुलाई विद्यालयमा पहुँचको सुनिश्चितता गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१५६. विद्यालय सुपरीवेक्षणलाई नतिजामुलक, आवश्यकता र मागमा आधारित बनाउनका लागि आवश्यक पर्ने जनशक्ति संघीय र प्रदेश सरकारसंगको साझेदारीमा व्यवस्थापन गर्नुका साथै विषयगत र समुह सुपरीवेक्षण गर्ने प्रणालीलाई अवलम्बन गरिनेछ ।

१५७. शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रदान गरीने सेवा प्रवाहलाई अनुमानयोग्य र जनमुखी बनाउन शाखाको प्रशासनिक व्यवस्थापनमा सुदृढीकरण गरिनेछ ।

१५८. विद्यालयहरुमा सुशासन अभिबृद्धि गर्नका लागि सामाजिक परीक्षण र लेखा परीक्षणजस्ता कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिनेछ ।

१५९. संस्थागत विद्यालय, मन्टेश्वरी, ट्यूशन तथा कोचिङ सेन्टर आदिको नियमन गर्दै संस्थागत रुपमा सञ्चालन भएका विद्यालयहरुको मापदण्ड तयार गरी वर्गीकरण र स्तरीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**ङ. युवा तथा खेलकूद तर्फ :**

१६०. युवा नगर विकास को खम्बा भन्ने नाराका साथ यूवा लक्षित कार्यक्रम सञ्चालन गर्दै यूवा करियर गाइडेन्स सेन्टर स्थापना गरी कार्य प्रारम्भ गरिनेछ ।

१६१. यूवा उद्दमशिलता विकास कार्यक्रम मार्फत यूवालाई विदेश हैन विजनेश भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१६२. उपमेयर संग यूवा कार्यक्रम सञ्चालन गरी नगर विकासमा यूवालाई जोडीनेछ ।

१६३. यूवालाई आर्थिक क्षेत्रमा जोड्न यूवा उद्दमशिलताको को विकास कार्यक्रमसञ्चालनमा ल्याईनेछ ।

१६४. प्रबिधीमा यूवा भन्ने नाराका साथ सुचना र प्रबिधी मार्फत यूवा शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६५. यूवालाई प्रबिधीमा दक्ष बनाउने कार्यक्रम सञ्चालन मा जोड दिईनेछ ।

१६६. नगर खेल कुद विकास समिति मार्फत यूवा खेलकुद विकासमा जोड दिदै स्वास्थको लागी नगरको लागी खेलकुद र रास्ट्रको लागी खेलकुद भन्ने नाराका साथ खेल प्रर्बद्धनको नीति लिईनेछ ।

१६७. युवाको उमेर समूह (१६–४० बर्ष) को आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६८. समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता एवम् विपद् जस्ता समस्या वा जोखिम हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ ।

१६९. वीरेन्द्रनगर नगरपालिकाको प्रतिनिधित्व गरी देशका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभाहरुलाई नगरपालिकाको तर्फबाट सम्मान गरिनेछ ।

१७०. 170.विद्यालयमा अध्ययनरत बालबालिकाहरुको खेलकुद क्षेत्रमा विकास गर्नका लागि नगरपालिकामा सञ्चालित सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा क्रमशः खेलकुद प्रशिक्षकको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश र राष्ट्रको खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुर्‍याउने अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश र जिल्लास्तरका खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूलाई निश्चित मापदण्डका आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

१७१. स्वास्थ्यका लागि खेलकुद भन्ने आदर्श वाक्यका साथ नगरपालिकास्तरमा राष्ट्रपति रनिङ सिल्ड तथा मेयर र उपमेयर कप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७२. एक वडा एक खेलमैदानलाई निरन्तरता दिईने छ ।

१७३. जेष्ठनागरीकको अनुभवलाई विद्यालयमा सिकाई आदान प्रदानको रुपमा लिईने छ ।

**ढ- स्वास्थ्य तर्फ**

१७४. ***"स्वस्थ जीवन शैली र निरोगी हुने हाम्रो रहर, खुसी-सुखी र सम्वृद्ध वीरेन्द्रनगर"*** भन्ने नाराका साथ, जनस्वास्थ्यको संरक्षण र प्रवर्धन गर्नका लागि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक सेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुयाइने छ।

१७५. नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईने छ ।

१७६. यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेको नगर अस्पताललाई महिला तथा बालबालिका अस्पतालको रुपमा स्तरोन्नती गरिनेछ ।

१७७. स्वास्थ्य संस्थाहरुलाई बालवालिका, किशोर किशोरी, अपांग, जेष्ठ नागरीक मैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गरीने छ ।

१७८. स्वास्थ्य संस्थाबाट निशुल्क दिईने औषधी र आवश्यक स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन अटुट रुपमा मिलाईने छ ।

१७९. गर्भवति महिलाहरुलाई निःशुल्क भिडियो एक्स रे सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ । वडा नं १३ देखी १६ सम्म सामुदायीक भिडियो एक्स रे सेवा सञ्चालन गरिनेछ ।

१८०. यस पालिका अन्तरगतका गर्भवती महिलालाई प्रसुति सेवाको लागी निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरीने छ ।

१८१. सुत्केरी महिलहरुलाई घरमै गै स्वास्थ्य कर्मीहरुद्वारा निशुल्क जाँच तथा परामर्श सेवा दिइने छ ।

१८२. अति विपन्न नागरीकहरुको निशुल्क स्वास्थ्य वीमाको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१८३. मर्यादित महिनावारी र सरसफाई लाई महिला मैत्रि र किशोरी मैत्री बनाई प्रभावकारी कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य संस्थाबाट र विद्यालयबाट निशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

१८४. महिलाहरुका स्वास्थ्य समस्याहरुको पहिचान, निदान तथा उपचार गर्नका लागि नियमित तथा बिशेष शिविरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच, पाठेघर खस्ने समस्याको जाँच, स्तन क्यान्सरको जाँच तथा फिस्टुलाको जाँच र निशुल्क अप्रेशनको व्यवस्था मिलाउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१८५. स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड अनुरुप नियमित रुपमा लेखाजोखा गरी कार्ययोजना निर्माण गर्ने र कार्ययोजनाको कार्यान्वयन गरीने छ ।

१८६. सबै स्वास्थ्य संस्थाहरुबाट दिइएको सेवालाई जवाफदेही बनाउन सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१८७. स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरूलाई स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरीने छ ।

१८८. मदिरा तथा सुर्तिजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गरीने छ । सार्वजनिक स्थानमा मदिरा तथा सुर्तिजन्य पदार्थको प्रयोग तथा बिक्रि वितरणलाई पूर्ण रुपमा बन्देज गरिनेछ ।

१८९. स्वच्छ बिद्यालय बाताबरण, बिद्यालय पोषण, जुकाको औषधि वितरण, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१९०. नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय वद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ । साथै यस वर्ष थप स्वास्थ्य संस्थाहरुमा विद्युतिय स्वास्थ्य सुचना अभिलेख तथा प्रतिवेदन प्रणाली (EHIRRS) विस्तार गर्दै लगिने छ ।

१९१. स्थानीय संचार माध्यम (छापा, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल) मार्फत नियमितरुपमा नगर स्वास्थ्य कार्यक्रम, स्वास्थ्य सम्बन्धी जानकारीहरु र सन्देशहरु प्रवाह गरिनेछ ।

१९२. उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटुरोग, अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न वडा स्तरका आधारभूत स्वास्थ्य संस्थाबाट जेष्ठ नागरीकहरुका लागि विशेष एकिकृत अभियान सञ्चालन गरीने छ ।

१९३. सरुवारोग, महामारी, प्राकृतिक प्रकोप तथा बिपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य एवम् पुनःस्थापनाको एकिकृत रुपमा व्यवस्थापन गरीने छ ।

१९४. गुणस्तरीय निदानात्मक स्वास्थ्य सेवा प्रवाहका लागी नगर भित्रका स्वास्थ्य संस्थामा हाल सञ्चालित E वर्गको ल्याव लाई थप गुणस्तरीय बनाईनेछ ।

१९५. महिला स्वयम सेविकाहरुको सम्मान गर्ने, हौसला बढाउन र निरन्तर प्रोत्साहन गर्ने कार्यक्रमहरु जस्तै म.स्वा.स्व.से.हरुको सामूहिक स्वास्थ्य वीमा, यातायातको सुविधा तथा खाजा व्यवस्थापन र स्वेच्छिक अवकाश हुदा नगरवाट प्रोत्साहन भत्ताको व्यवस्था गरीने छ ।

१९६. खोप अभियानलाई निरन्तरता दिदै पूर्ण खोप पालिका दिगोपना र सुनिश्चितता कायम गरीने छ ।

१९७. नगरभित्रका स्वास्थ्य संस्था तथा खोपकेन्द्र, गाउघर क्लिनिक लाई सुव्यवस्थित बनाई सेवालाई गुणस्तरिय बनाउन भौतिक पूर्वाधार, फर्निचर तथा आवश्यक औषधि उपकरण औजारको व्यवस्था मिलाइने छ ।

१९८. नगरभित्र रहेका थारु समुदायमा सिकलसेल एनिमिया रोगको परिक्षण तथा उपचार गर्न कर्णाली प्रदेश अस्पताल संग सहकार्य गरीने छ ।

१९९. नगरपालिका अन्तर्गत टाढा भएका वडाहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिवीर सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

२००. नगरभित्रका वासिन्दाको आँखाको मोतिविन्दुको निशुल्क अप्रेशन गर्न आँखा अस्पताल संग समन्वय तथा सहयोग गर्ने नीति लिइनेछ ।

२०१. नगरपालिका अन्तरगतका दुर्गम क्षेत्रहरुमा दन्त शिविरको सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

२०२. ८० वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरु र क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्यकर्मीहरु द्वारा घरमै गै निशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।

२०३. स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिबृद्धिका लागि तालिमको व्यवस्था गरीने छ । स्वास्थ्य संस्था व्यवस्थापन समिति, गुणस्तर सुधार समितिहरुको बैठक नियमित गरीने छ ।

२०४. आर्युवेदिक प्रद्धतिलाई पनि जनसमुदायको पहुँचमा पुर्याउन आयुर्वेदिक सिविर सञ्चालन तथा आरोग्य केद्रहरुलाई थप सुविधासम्पन्न गराईने छ ।

२०५. यस नगरपालिका अन्तरगतका विद्यालयहरुमा स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुपोषण बाट वचाउनका लागि पोशिलो खानाको प्रवर्धन गर्ने । कुपोषित बालबालिका लाई सर्वोत्तम आहार प्रदान गरीने छ । विद्यालय आईरन कार्यक्रमलाई निरन्तरता दिने ।

२०६. कुपोषित बालबालिकको उपचारका लागि पोषण उपचार केन्द्रमा निशुल्क उपचारको व्यवस्था मिलाईने छ ।

२०७. स्तनपान कक्ष नभएका स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्षको व्यवस्थापन गरीने छ ।

२०८. हस्पिटल जन्य फोहोरमैलालाई उचित रुपमा विसर्जनको व्यवस्था मिलाईने छ ।

२०९. यस नगरपालिका भित्रका सम्पूर्ण व्यक्तिहरुलाई कोभिड १९ विरुद्धको थप मात्रा (वुस्टर) खोप लगाइने व्यवस्था मिलाईने छ । तथा नगरभित्र समुदाय स्तरसम्म कोभिड १९ को नियन्त्रण गर्न एन्टीजिन तथा पि.सी.आर परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।

२१०. यस नगरपालिका अन्तरगत मापदण्ड अनुसार नभएका स्वास्थ्य संस्थाको प्राथमिकता अनुसार भवन निर्माण गर्ने तथा पुराना संरचनाको मर्मत, संभार, फर्निचर र औजार उपकरणको व्यवस्था गरीने छ ।

२११. स्वास्थ्य क्षेत्रमा कामगर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु संग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवालाई थप सुदृढिकरण गराईने छ ।

२१२. अति विपन्न नागरीकहरुलाई वडाको सिफारिषमा सम्बन्धित अस्पतालमा निशुल्क औषधि उपचारका लागि सिफारिस गरिनेछ । साथै तोकिएका दिर्घ रोगिहरुलाई मासिक औषधि उपचार खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

२१३. नगरपालिकाभरिमा सम्पुर्ण सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

२१४. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

२१५. स्वास्थ जीवनशैली विकासका लागि नगरले रणनीतिक स्थानहरु छनौट गरी खुला व्यायामशालाहरु तथा योगा कक्षाहरु सञ्चालन गरिनेछ । योग शिक्षा सम्बन्धी जानकारीमुलक तथा सुचना सामाग्रीहरु प्रकाशन तथा प्रसारण गरिनेछ ।

२१६. नगरपालिका भित्र सञ्चालन भई भवन नभएका शहरी स्वास्थ्य केन्द्र रतु देविस्थान वी. न. पा.- १५ र वि. न. पा.- ९ पर्सेनीमा स्वास्थ्य संस्था भवन निर्माणको थालनी प्रकृया अगाडी बढाईने छ ।

२१७. स्थानीय स्तरमा स्वास्थ्य सेवाको पहुँच र उपयोग बृद्दि गर्नका लागि स्वास्थ्य आमा समूह र टोल विकास समितिलाई संयुक्तरुपमा पुर्नजागरण गरीने छ ।

२१८. कार्यसम्पादनका आधारमा स्वास्थ्य संस्थाहरु र स्वास्थ्य कर्मचारीहरुको मूल्यांकन गरी उच्च कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था र कर्मचारीलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

२१९. दिगो विकास लक्ष अनुरुप सन २०३० सम्म यस पालिकालाई क्षयरोग मुक्त पालिका बनाउनका लागि क्षयरोग मुक्त पालिका अभियानको शुभारम्भ गरि क्षयरोग मुक्त पालिका घोषणा गर्नका लागि विभन्न किसिमका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

ण**. महिला तथा वाल बालिका तर्फ** :

२२०. विकास साझेदारहरुको सहयोग तथा समन्वयमा बाल विवाह र बाल श्रम मुक्त नगर घोषणा गर्दे नगरलाई बालमैत्री नगरका रुपमा विकास गर्न नगरका कम्तीमा २५ प्रतिशत वडालाई चालू आ व भित्रै बालमैत्री घोषणा गर्ने र अन्य वडालाई समेत बालमैत्री घोषणा गर्न कार्ययोजना निर्माण गरी अगाडी वढाईनेछ ।

२२१. नगरपालिकाबाट गठन हुने बाल बालिकासंग प्रत्यक्ष सरोकार राख्ने विभिन्न विकासात्मक समिति जस्तै स्वास्थ्य संस्था ब्यवस्थापन, विद्यालय ब्यवस्थापन जस्ता समितिहरुमा आमन्त्रित सदस्यको रुपमा समूहमा बाल सहभागिताको सुनिश्चित गरीने छ ।बालवालिकाको सर्वांगिण विकासका लागि विभिन्न खुल्ला प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । नगरलाई आगामी ३ वर्षमा बालवालिकालाई मुक्त अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

223.कार्यक्रममा प्रदेश सरकार र विकास साझेदार संग समन्वय गरिनेछ ।

२२२. बालश्रममूक्त नगर बालमैत्री नगर निर्माणका लागि विभिन्न अभियानात्मक कार्यक्रम सञ्चालन गरी बाल अधिकार सुनिश्चित गरीने छ ।बालबालिकाको शिक्षामा सहज पहूंच स्वास्थ्यमा सहज पहूंच सहित शिक्षा स्वास्थ्य र सुरक्षाको सुनिश्चितता गरिनेछ ।

**त. सामाजिक सघं संस्था तथा समावेशीकरण तर्फ :**

२२३. नगरपालिकाबाट सञ्चालन गरीने लक्षित वर्ग दलित, जनजाती, वादी, मुक्त हलिया तथा अन्य लोपोन्मुख समुदायहरुलाई जनचेतनामूलक उत्पादन र सामाजिक सशक्तिकरण कार्यक्रमका अतिरिक्त सीपविकास उद्धमशिलता र उत्पादनका क्षेत्रमा लाग्नका लागि उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२४. नगरपालिकालाई कार्यक्षेत्र तोकेका गैर सरकारी सघं संस्थाहरुको विषयगत क्षेत्र वर्गिकरण गरी एकद्वार प्रर्णाली मार्फत सञ्चालनको व्यवस्था मिलाईनेछ । साथै गैर सरकारी सघं संस्थाहरुलाई कार्यक्रम सञ्चालन गराउँदा नगरपालिकाले प्रथामिकता तोकेका कार्यक्रमहरु सञ्चालन गर्ने गरी योजना बनाइनेछ ।

२२५. टोल विकास संस्थाहरुलाई व्यवस्थित वनाउनका लागि टोल विकास सञ्चालन कार्यविधी बमोजिम विकास निर्माण र सामाजिक परिचालनको एउटा सशक्त आधारभूत निकायको रुपमा विकास गर्न क्षमता विकासका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा ल्याइनेछ ।टोल विकास संस्थाहरुलाई अधिकारमुखि कार्यक्रमका अतिरिक्त कर्तव्यमा आधारित कार्यक्रमका लागी समेत सहजीकरणमा जोड दिइनेछ ।वडाबाट सञ्चालन हुने कार्यक्रमको अभियानका लागी सामुदायिक प्रशिक्षक हरुलाई परिचालन गरिनेछ ।

२२६. हाल सञ्चालनमा रहेका स्थानीय विकास कोष र साझेदारी विकास कोषको रकमलाई विभिन्न व्यवसाय गर्न चाहानेहरुका लागि उक्त कोषमा दायरा फराकिलो बनाई उद्योग ,व्यापार र व्यवसाय सञ्चालनमा आकर्षित गरिनेछ ।

२२७. सामाजिक कुरिति कुसंस्कार विरुद्ध अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरी समृद्ध न्याय र समतामूलक समाज निर्माण तर्फ उन्मुख गराइने छ ।

२२८. जातीय छुवाछुत मुक्त नगर निर्माण गर्न बिभिन्न अभियानहरु सञ्चालन गरिनेछ । नगर क्षेत्रमा कुनै पनि परिवारले जातिय छुवाछुत र विभेद गरीएको पाईएमा पिडितलाई कानूनी उपचारमा जानलाई नगरपालिकाले सहयोग गर्नेछ र विभेद रहित नगर निर्माण गर्ने छ ।

**थ. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

२२९. ब्यक्तिगत घटना दर्ता समयमा नै गर्नका लागि प्रचार प्रसार तथा वडाहरुमा घटना दर्ता शिविर सञ्चालन, स्थानीय पञ्जीकाधिकारीहरुलाई अभिमुखिकरण, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्याङ्क अध्यावधिक, ब्यक्तिगत घटना दर्ताका हस्तलिखित रजिष्टरहरु डिजिटाइजेसन सम्बन्धि कार्यलाई निरन्तरता दिइने छ भने चालू आ.व. भित्रै कम्तीमा २५ प्रतिशत वडाहरुलाई पूर्ण जन्म दर्ता भएको वडा घोषणा गरिनेछ ।

२३०. हाल प्रदान गरीरहेको सामाजिक सुरक्षा भत्तालाई अझ बढि सहज वनाउनका लागि सम्वन्धित लाभग्राहीहरुको मागको आधारमा कम्तीमा अपाग र अशक्तहरुका लागि बैंकसंगको समन्वयमा घर घरमा नै पुर्याइने नीतिलाई प्राथामिकता दिइने नीति लिईने छ ।

**द. फोहरमैला, सरसफाई, तथा स्वच्छता ब्यवस्थापनः**

२३१. घरधुरीको सवै फोहर छुट्याई कुहिने फोहरलाई मलका रुपमा प्रयोग गर्ने ५० घर धुरी भन्दा बढी सदस्य रहेको टोल विकास संस्थालाई वडा समितिको टोल क्षेत्रको सरसफाई अनुगमन तथा सिफारिसमा प्रतिवर्ष सरसफाई तथा हरियाली प्रवर्द्धन प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

२३२. उपत्यका भित्रका सवै वडाहरुमा फोहर सेग्रीगेशन र प्लाष्टिक झोला नियन्त्रणका अभियान तथा जनचेतनात्मक कार्यक्रमलाई निरन्तरता दिदै, अभियान सञ्चालनमा विभिन्न गैर सरकारी संघ संस्था तथा क्लवहरु परिचालन गरिनेछ ।

२३३. वडा कार्यालयको समन्वयमा भान्साको फोहर घरमै ब्यवस्थापन गर्न बजार क्षेत्रमा गृहिणी लक्षित कौशी खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

२३४. प्रत्येक वडामा कुहिने फोहर र नकुहिने फोहर संकलन गर्ने गरी वडाकार्यालय र नीजि क्षेत्रसंगको समन्वयमा फोहर संकलन कार्यतालिका सार्वजनिक गर्दै समयमा फोहर संकलन नगर्ने र तोकिएको समय भन्दा अन्य समयमा फोहर निश्कासन गरी फाल्ने दुवैलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

२३५. 235. फोहर ब्यवस्थापन प्रकृयामा बढी भन्दा बढी टोल विकास संस्थाहरुलाई जिम्मेवार बनाउन जथाभावि फोहर फाल्ने तथा जलाउने ब्यक्ती, संघ संस्थालाई टोल विकास संस्थाले नगरपालिकावाट तोकेबमोजिम जरिवाना गर्न पाउने र संकलित जरिवानालाई टोल विकास संस्थाले बातावरण संरक्षण तथा फोहर ब्यवस्थापन क्षेत्रमा खर्च गर्न पाउने गरी टोल विकास संस्थाहरुलाई अधिकार प्रत्यायोजन सहित परिचालन गरिनेछ ।

२३६. नीजि क्षेत्रसंगको सहकार्यमा सेग्रीकेसन गरीएका कुहिने फोहरबाट ग्यास तथा कम्पोष्ट प्लान्ट सञ्चालन र नकुईने फोहरलाई नगरपालिकाको सेग्रीगेशन सेन्टरमा सेग्रीगेशन गरी सोको विक्री वितरण, नगर भित्रै पुनः प्रयोग तथा चक्रियक्रणको संभावना खोजी गरिनेछ ।

२३७. फोहर ब्यवस्थापनमा सलग्न युवा तथा पिछडिएका वर्गहरुलाई फोहरमैला व्यवस्थापनका श्रृजनशील क्षेत्रमा काम गर्न प्रेरित गर्दै फोहरमैला व्यवस्थापनलाई आय आर्जनसंग जोड्न निजी क्षेत्र, साझेदार संस्था लगायत गैर सरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२३८. स्वास्थ्य संस्थाजन्य फोहरलाई व्यवस्थित गर्नका लागि गैर सरकारी संघ संस्था र निजी क्षेत्रसंग सहकार्य गरी अगाडी बढाइनेछ ।ल्याण्डफील साईट प्रभावित क्षेत्रको वातावरण, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धनका लागि स्थानीयवासीसंगको सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ ।

२३९. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको पूर्ण सरसफाई उन्मुख, सफा र स्वच्छ तथा आधारभूत सूचक पूरा भएको वातावरण मैत्री नगर घोषणा निर्माणका लागि प्रत्येक वडाको योजना बनाई अभियानकै रुपमा अगाडी वढ्न गैर सरकारी संघसस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२४०. नगरपालिका भित्रका सार्वजनिक शौचालयहरुको ब्यवस्थित सञ्चालनका गराउन नियमित अनुगमनको संयन्त्र वनाई, उपत्यका भित्रका महत्वपूर्ण स्थानहरुमा थप सार्वजनिक शौचालय निर्माणमा प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायहरुसग सहकार्य गरिनेछ ।

२४१. विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाईको गुणस्तर सुधार एवं प्रयोगकर्ता मैत्री संरचना निर्माण र ब्यवहार परिवर्तन ज्ञान सीप विकासमा गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२४२. 242.हाल सञ्चालनमा आएको दिशाजन्य लेदो ब्यवस्थापन प्लान्ट ब्यवस्थित ढंगवाट सञ्चालन गर्दै थप विस्तारका लागि विकास साझेदारहरुसंग सहकार्य गर्ने । पालिकावाट स्वीकृत गरी दिशाजन्य लेदो ब्यवस्थापन मापदण्ड बमोजिम निजीक्षेत्रसंग सहकार्य गरी प्रभावकारी सेवाप्रदान गरिनेछ । काम गर्ने जनशक्तिको क्षमता विकास र सुरक्षा मापनलाई अनिवार्य गराउन विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

२४३. नगरपालिकाको ल्याण्डफिल साइट गुरुयोजना बमोजिम निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

२४४. नगरभित्रका सार्वजनिक खोलाहरु सरसफाई तथा खोलाको दुबै किनारमा हरियाली प्रबर्द्धन गर्ने कार्य वडा समितिको नेतृत्वमा अभियानकै रुपमा अगाडि वढाइनेछ ।

२४५. शवदाह स्थल निर्माणका लागि योजना बनाई निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग सहकार्य गरिनेछ ।

२४६. फोहर ब्यवस्थापनमा संलग्न अभियन्ता, फोहर ब्यवस्थापनका लागि विश्वविद्यालय/ विद्यालयका विद्यार्थीहरु, युवा क्लव र टोल विकास संस्थाहरुको परिचालन मार्फत व्यवस्थित परिचालन गरिनेछ । नगरको फोहरबाट बायोग्यास बनाउन वैकल्पिक उर्जा र केपी व्यवसायी र यस नगरपालका विच भएको सम्झौतालाई ग्यास उत्पादन तथा फोहरमैला व्यवस्थापनमा जोड दिइनेछ ।

**ध. विपद व्यवस्थापनः**

२४७. प्रत्येक वडा र नगरमा रहेको विपद् व्यवस्थापन कोषलाई वृद्धि गर्दै सोको परिचालन कोष परिचालन विपद कोष परिचालन कार्यविधि बमोजिम गरी नगर भित्र हुने विपद्का लागि तत्काल राहतको प्रवन्ध गर्ने ब्यवस्था मिलाईनेछ ।

२४८. नगरपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दे गरिनेछ, विपदको समयमा प्रतिकार्य गर्न प्रतिकार्य टोली गठनगरी क्षमता विकास गर्न गैर सरकारी संघ सस्था र दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२४९. सम्भावित विपद्संग सामना गर्न आवश्यक औजार सहितको संयन्त्र निर्माण गर्नका साथै विभिन्न स्थानमा विपद्को पुर्वसूचना प्रणाली स्थापनाका लागि प्रदेश सरकार, तयार नेपाल लगायत सरोकारवाला संघ, सस्थासंग समन्वय गरिनेछ ।

२५०. साझेदार निकाय लगायत सहयोगी संघ संस्थासंगको सहकार्यमा आपतकालीन केन्द्र सञ्चालनमा ल्याइनुका साथै राहत सामग्री भण्डारण केन्द्र स्थापना गर्न प्रदेश सरकार लगायत सहयोगी निकायहरुसंग पहल गरिनेछ ।

२५१. भान्साको आगो नियन्त्रणलाई विशेष जोड दिंदै गृहणीहरुको क्षमता विकास र थप अग्नी नियन्त्रण उपकरणका लागि संघ, प्रदेश सरकार र अन्य साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।

२५२. विपदका लागि उत्थानशील नगर निर्माणका लागि आवश्यक नीति तथा योजना निर्माण र विद्यालय, टोल, वडा तथा नगर तहका विपदसंग सम्वन्धित संरचनाहरुको कृयाशिलता वढाई यसमा सलग्न पदाधिकारी तथा स्वयंसेवकहरुको क्षमता विकासका काम गर्न साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२५३. विपद् ब्यवस्थापनमा सहयोग पुग्ने उत्थानशील पुर्वाधार आयोजना निर्माणमा नगरपालिका र साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

**न. वन, वातावरण संरक्षण, शहरी सौन्दर्यता**

२५४. नगरपालिका भित्रका १० लाख भन्दा ठूला पूर्वाधार आयोजनाहरुमा कम्तिमा ५ प्रतिशत रकम वातावरणमा योगदान पुग्ने कार्य अनिवार्य गराउने गरी आयोजनाको डिजाइन स्टिमेट गरी कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइनेछ ।

२५५. कांक्रेविहार पर्यटक क्षेत्रलाई पर्यटकिय क्षेत्र विकास गर्नका लागि कांक्रेविहार चिडियाखानाको रुपमा विकास गर्न विकास साझेदारका लागि संघ र  प्रदेश संग समन्वय गरिनेछ ।

२५६. वन, जंगल, वन्यजन्तु, तथा जैविक विविधता सम्वन्धि स्थानीय कानून तर्जुमा गरी हरित नगरका गतिविधि प्रवर्धन तथा नियमन गरिनेछ ।एक वडा, एक वन उद्यमको रणनीति अवलम्वन गर्दै सामूदायिक वन उपमोक्ता समूहमा वन उद्यम विकास कार्ययोजना बनाई लघु ,सान तथा मझौला प्रकारका वन उद्यमको विकास गरी हरित रोजगारी प्रवर्दन गर्न सामूदायिक वन उपभोक्ता समिति तथा विकास साझेदारहरु संग सहकार्य गरिनेछ ।

२५७. एक सामूदायिक वन, एक पानी पोखरीको अभियान सञ्चालन गरी पर्यापर्यटनमा टेवा पुर्याउन सामूदायिक वन उपभोक्ता महासंघ लगाएत अन्य सरोकारवालाहरुसंग सहकार्य गरिनेछ ।

२५८. प्रत्येक वडामा रहेका सार्वजनिक ढुंगेधारा, कुवा, पानी मूल तथा सिमसार क्षेत्रको लगत संकलन गर्दै यीनीहरुको सम्वर्धनका लागि योजना निर्माण गरी संरक्षणको ब्यवस्था मिलाइनेछ ।

२५९. नगर भित्र नयाँ निर्माण गरीने कालो पत्रे सडकका क्षेउमा अनिवार्य वृक्षारोपणको कृयाकलाप समावेश गर्ने गरी आयोजना सञ्चालन गरिनेछ ।

२६०. नगरको हरियाली प्रवर्धनमा टेवा पुर्याउन सरोकारवालाहरुसंग सहकार्य गर्दे हरियाली स्वयं सेवक समूह निर्माण गरी परिचालन गरिनेछ ।

२६१. नगरलाई हरियाली वनाउन आवश्यक विरुवा नगर भित्रकै सामुदायिक वनका नर्सरीवाट उत्पादन गराउन सामुदायिक वन उपभोक्ता समितिहरु संग सहकार्य गरिनेछ ।

२६२. काँक्रिबिहार क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका  लागि काँक्रिबिहारलाई चिडिया खानाको रुपमा विकास गर्न र सो क्षेत्रमा रहने बन्यजन्तु तथा चराचुरुङ्गीको बासस्थान र पानीको व्यवस्थापन गर्न  संघीय सरकार र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

२६३. वीरेन्द्रनगरको उत्तरी जलाधार संरक्षणका लागि प्रदेश सरकार र संघीय सरकारसंग पहल गरिनेछ । वीरेन्द्रनगरलाई हरित नगर (Green City) का रुपमा विकास गर्न एक घर दुई बिरुवा कार्यक्रम लाई निरन्तरता दिदै यसलाई अभियानकै रुपमा अघि लगिनेछ ।

२६४. घर धुरीको भान्सा, वाथरुम  तथा आकासे पानीको ब्यवस्थापनका लागि घर परिसर मै रिचार्ज तथा पुर्नभरण स्थान बनाउन घरको नक्शापासका क्रममा आवश्यक सहजीकरण गर्न घरधनी प्राविधिक तथा डकर्मीहरुलाई सचेतना गर्दे नक्शापास प्रकृयामा समेत समावेश गरिनेछ ।

२६५. ग्रामीण वडाका सडकहरुमा  फलफुल तथा बहुवर्षे डालेघांसवाट सडक सजावट गर्ने स्थानीय वासीलाई प्रेरित गरिनेछ ।

२६६. जलवायू अनुकुलन योजना निर्माण गर्दै, जलवायू अनुकुलन खेति र फलफूल वगैंचा निर्माणलाई प्रोत्साहन गरिनेछ ।

२६७. सडकमा छोडिएका पशु चौपायालाई नियन्त्रणका लागि अभियान सञ्चालन गर्नका साथै संकलित पशु चौपायलाई नगरको गौशाला लगाएत वाह्य जिल्लामा समेत माग बमोजिम वोडर्स नीति अवलम्वन गरिनेछ ।

२६८. विधुतीय चुलो, सौर्य ऊर्जा र वायो ग्यास विस्तारमा विशेष जोड दिइनुका साथै नगरका महत्वपूर्ण सडकका रुखहरुलाई छटान तथा सजावटका कार्य गर्दै सडक सौन्द्धर्य प्रर्वद्धन कार्य गरिनेछ ।

२६९. नगर भित्र लगाइएका विरुवाहरुको संरक्षण तथा गोडमेल गर्न आवश्यक जनशक्तीको परिचालन तथा संरक्षणको जिम्मेवारी हस्तान्तरण गर्न स्थानीय संघ संस्था तथा निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

२७०. वीरेन्द्रनगर भित्र विभिन्न वडामा रहेका प्रमुख चौकहरुमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि जोखिम युक्त चौकहरु सडक मापदण्ड अनुसार क्लियर गरी चोक सजावट र हरियाली प्रवर्द्धन समेत गरिनेछ ।

२७१. सडक बत्ती लगायत शहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी, टोल विकास संस्था र निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

२७२. नगर क्षेत्रका सर्वजनिक स्थलहरु जस्तै खुल्ला चौर, खोला सडक र नालाको अवरोध हटाउने जस्ता कार्यहरुलाई विशेष सरसफाई कार्यक्रम सञ्चालन गर्ने ।

# सन्दर्भ सामग्रीहरु

| | |
|---|---|
| नेपालको संविधान | २०७२ |
| स्थानीय सरकार संचालन ऐन | २०७४ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७६/०७७ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७७/०७८ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७८/०७९ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७९/०८० |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०८०/०८१ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा | २०७८ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा | २०७९ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा | २०८० |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा | २०८१ |
| स्थानिय तह आर्थिक प्रशासन नियमावली | २०६४ |
| सार्बजनिक सुनुवाइ कार्यबिधि | २०६७ |
| सुशासन (ब्यबस्थापन तथा संचालन) ऐन , | २०६४ |
| सुशासन (ब्यबस्थापन तथा संचालन) नियमावली | २०६५ |
| नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यबिधि (दोस्रो संशोधनमा परिमार्जन सहित) | २०६५ |
| आ.ब. २०७६/०७७ को सामाजिक परीक्षण प्रतिवेदन | २०७७ |
| आ.ब. २०७८/०७९ को सामाजिक परीक्षण प्रतिवेदन | २०७९ |
| सामाजिक परीक्षण कार्यविधि | २०६७ |